
# शाक्यमुनि बुद्धका स्मारक



लेखक :

**भुवनलाल प्रधान**

Downloaded from http://www.dhamma.digital

# शाक्यमुनि बुद्धका स्मारक

लेखक :

भुवनलाल प्रधान

प्रकाशक :

युवा बौद्ध समूह

संघाराम विहार, ढल्को, काठमाडौं ।

Downloaded from http://www.dhamma.digital

प्रकाशक :

'युवा बौद्ध समूह' को निमित्त
रमेशमुनि (ठाईला) वज्राचार्य

●

प्रथम वार : २५४५ औं बुद्धजयन्ती

प्रति : १०००

मूल्य : ३०/-

मुद्रक : बी.एस्. प्रि. प्रेस, लगनटोल, काठमाडौं ।

Downloaded from http://www.dhamma.digital

# विषयसूची


| विषय | | पृष्ठ |
|---|---|---|
| • प्रकाशकीय (युवा बौद्ध समूहको मन्तव्य) | - शान्तरत्न शाक्य | (क) |
| • केही कुरा | - सुवर्ण शाक्य | (ङ) |
| • आफ्नो तर्फबाट केही | - रमेशमुनि वज्राचार्य | (ण) |
| १. बुद्धका वर्षावासहरू | | १ |
| २. भगवान् बुद्धको दिनचर्या | | ९ |
| ३. बोधिवृक्षको झझल्को | | १५ |
| ४. बुद्धका स्मरणीय ठाउँ र वस्तुहरू | | ४५ |
| ५. बुद्धसम्बन्धी ऐतिहासिक मिति | | ५३ |
| ६. त्रिपिटकको लिपिवद्धीकरण | | ५९ |
| ७. स्तूप- चैत्य | | ६९ |
| ८. बुद्धका देनहरू | | ७८ |
| ९. बुद्ध-धर्मको एक किरण | | ८३ |


Downloaded from http://www.dhamma.digital

## प्रकाशकीय :

# युवा बौद्ध समूहको मन्तव्य

नमो बुद्धाय !

नेपालका सुख्यातिप्राप्त बौद्ध विद्वान्, इतिहासकार, प्रबुद्ध लेखक, प्रवचक, शिक्षक, प्रशिक्षक, नेतृत्व निर्देशक तथा निर्भीक वैचारिक राजनीतिका ज्ञाता श्री भुवनलाल प्रधानद्वारा लिखित लेखमालालाई संग्रह गर्दै ग्रन्थको रूपमा 'शाक्यमुनि बुद्धका स्मारक' प्रकाशन गर्न पाउँदा हामी अत्यन्त गौरवान्वित भएको महसूस गर्न पाएका छौं ।

विद्वान् लेखक श्री प्रधानज्यूबाट लेख्नुभएको 'बुद्धधर्म र शाक्यहरू' नामक ग्रन्थ आजभन्दा १५ वर्षअगाडि बु.सं. २५२९ मा प्रकाशन गर्न पाएका थियौं । अहिले समूहद्वारा उहाँको दोस्रो गन्थको रूपमा प्रकाशन गरी यहाँहरूको हातहातमा समर्पण गर्न पाइरहेका छौं । यो अत्यन्तै खुसीको कुरा हो ।

शाक्यमुनि बुद्ध भन्नुहुन्छ–

**फुट्ठस्स लोकधम्मेहि, चित्तं यस्स न कम्पति ।**
**अशोकं विरजं खेमं, एतं मङ्गलमुत्तम ॥**

अर्थ :– लोकधर्मले प्रभावित गर्दा चित्त नडगमगाउनु, शोकरहित हुनु, निर्मल हुनु र निर्भय स्थानमा पुग्नु– यही सबभन्दा ठूलो मङ्गल हो ।



Downloaded from http://www.dhamma.digital

हामी बुद्ध जन्मभूमि नेपालका नागरिक (सन्तति) भनेर त नाक फुलाउँछौं तर उहाँबाट वितरित शिक्षालाई एकदमै बेवास्ता मात्र गर्दैनौं लोकधर्मको पछिपछि लागेर पञ्चशील जस्तो शीलाचरणलाई मनलागी आलाप गर्दै लाभ, यश, प्रशंसा र सुखमा भुलेर अन्तमा जीवनको सच्चाइ सामुन्ने आएपछि मात्र बल्ल हाम्रो होश खोल्छौं। त्यसबेला हामीले दुक्ख मनाउँछौं। शोकसन्ताप गर्छौं। जीवन लीला दुक्खतापूर्वक समाप्त गर्छौं। पुनः सुख पाउने लालसाले अर्को दुक्खपूर्ण जीवनको (सुखावती भुवन) प्रतीक्षा समेत गर्छौं।

**अनेक जाति संसारं संधाविस्सं अनिब्बिसं।**

**गहकारकं गवेसन्तो दुक्खा जाति पुनप्पुनं॥**

अर्थ :- अनेक बार यो संसारमा जन्म्यौं, बिना रोकतोक जन्मको पछिपछि दौडिरह्यौं। यो शरीर (जन्म) बनाउनेको खोजी गर्दै बारम्बार जन्मी दुक्ख भोगिरह्यौं।

भगवान् शाक्यमुनि बुद्धको उक्त उदानानुसार हामी पनि सयौं, हजारौं, लाखौं, करोडौं बार जन्म लिएर दुक्ख भोग्दै आइरहेका छौं। परन्तु हाम्रो मनले पुनः पुनः जन्मको आशा लिएर अर्को सुखी जन्मका लागि दान पुण्य धर्म गरिरहेका छौं। हामीले तृष्णा मेटाउने कहिल्यै सिकेनौं। मात्र तृष्णालाई जागृति गर्ने काम मात्र गरेर बसिरहेका छौं।

बुद्धको जन्मभूमिमा जन्मेर पनि बुद्धको निर्मल ज्योतिबाट टाढा भएर बसिरहेका छौं। हाय यो कस्तो



Downloaded from http://www.dhamma.digital

बिडम्बना ? बुद्धको शिक्षाले अलिकति पनि यो अपवित्र मनलाई शुद्ध पार्ने जमर्कोसम्म पनि गरेनौं। बुद्धलाई चिन्ने कुरा त टाढाकै कुरा हो। यस्तो विषम दीनहीन अवस्थामा हामीलाई विद्वान् लेखक श्री भुवनलाल प्रधानज्यूको अनुकम्पाद्वारा सकल नेपाली जनमानसका लागि अत्यन्तै लाभप्रद लेखमालालाई संग्रह गर्दै ग्रन्थको रूपमा प्रकाशन गर्न अनुमति दिनुभएको हुनाले उहाँप्रति असीम श्रद्धावत् कृतज्ञता जाहेर गर्दछौं।

संयोगले हाम्रो होसलाई अझ टेवा दिँदै कामनपा १२ वडा, वरननि, मुसुंबहालका श्रद्धेय समाजसेवी श्री ठाईला गुरुजु रमेशमुनि वज्राचार्यज्यूबाट आफ्ना प्रातः स्मरणीय मातापिता नैनमुनि/चिनिकुमारी वज्राचार्यको पुण्य स्मृतिमा ग्रन्थ प्रकाशन निम्ति सम्पूर्ण खर्चको प्रबन्ध मिलाइदिनुभएको हुनाले यो ग्रन्थ प्रकाशन गर्न हामीलाई सहज भएको छ। हामी प्रार्थना गर्दछौं कि उहाँका दिवंगत मातापिताको पुण्यार्थ उहाँबाट भएको यस कार्यद्वारा दिवंगत मातापितालाई यथाशीघ्र निर्वाण साक्षात्कार होस्। साथै उहाँका सम्पूर्ण परिवारलाई सुख, समृद्धि, आयु आरोग्य उत्तरोत्तर प्रगतिको कामना गर्दछौं।

यो ग्रन्थको निम्ति अमूल्य समय खर्च गरी गहन भूमिका लेखिदिनुहुने अर्का बौद्ध विद्वान् प्रा. सुवर्ण शाक्यज्यूलाई पनि हार्दिक धन्यवाद अर्पण गर्दछौं।

ग्रन्थ प्रकाशनमा नाम छुटाउन नै नहुने सहयोगी मित्र श्री नरेन्द्रमुनि वज्राचार्य मुसुंबहाललाई जति धन्यवाद अर्पण गरे तापनि थोरै होला जस्तो नै लाग्छ। उहाँको अतुलनीय सहयोग नपाएको भए यो ग्रन्थ प्रकाशन यति छिट्टै हुने नै थिएन होला। उहाँको सहयोगबाट सुन्दर



Downloaded from http://www.dhamma.digital

कम्प्युटर टाइप सेटिङको सेवा समेत पाएको हुनाले यो ग्रन्थ प्रकाशन सरल भएको हो ।

अर्को कुरा, श्री अष्टमुनि गुभाजूबाट पनि त्यस्तै प्रशंसनीय सहयोगका साथै आफ्नै प्रेसमा सुन्दर छपाईको व्यवस्था गरिदिनुभएको हुनाले उहाँप्रति पनि सधैं आभारी नै रहनेछौं ।

अन्तमा यो ग्रन्थ प्रकाशन निम्ति परोक्ष अपरोक्ष सहयोग गर्नुहुने तथा पुस्तक विमोचनका निम्ति रूसी सांस्कृतिक केन्द्रको सभाकक्ष उपलब्ध गराइदिनुहुने नेपाल रूस साँस्कृतिक केन्द्रका पदाधिकारीहरूप्रति हार्दिक कृतज्ञता अर्पण गर्दछौं ।

पुन: अन्त्यमा श्रद्धेय समाजसेवी श्री ठाईला गुरुजुको वरद सहयोग राशिलाई नबिगारीकन पुस्तक बिक्रीबाट आएको सम्पूर्ण रकम युवा बौद्ध समूह, पुस्तक विज कोषको रूपमा प्रचलन गर्दै जनोपयोगी बौद्ध पुस्तक प्रकाशन गर्दै लाने लक्ष्य भएको हुनाले सहृदयी महानुभाव, ग्रन्थ पाठक एवं धर्ममित्रहरूमा कोष वृद्धिको हार्दिक सहयोगको अपेक्षा गर्दै यो मन्तव्य यहीं अन्त गर्न अनुमति माग्दछु ।

भवतु सब्ब मंगलं

बु.सं. २५४४<br>ने.सं. ११२१<br>ई.सं. २००१

विनीत<br>शान्तरत्न शाक्य<br>अध्यक्ष<br>युवा बौद्ध समूह, काठमाडौं

Downloaded from http://www.dhamma.digital

# केही कुरा

'शाक्यमुनि बुद्धका स्मारक' पुस्तक प्रकाशित भएको छ। यो अकल्पित पुस्तक हो किनकि यो पुस्तकै भनेर लेखिएको होइन, लेख संग्रहमात्र हो। पुस्तकाकारमा भर्खरै प्रकाशित भएको भए पनि यसभित्रका जानकारीहरू पाठकहरूले पहिले नै लिइसकेका हुन्। भुवनलाल प्रधान जीवित छ। बुद्धधर्मप्रति स्वार्थनिहित राजनीतिक कुप्रभाव देखेका अनि सहृदयी भएर पनि अशिक्षा र शासनिक दबाबमा रही अन्धविश्वासमा जकडिएको दुनियाँमा बाँचेका भुवनलाल प्रधानका लेखहरूको सँगालो यो पुस्तक बौद्धजगत्‌मा मात्र नभई बुद्धको नाताले विश्वपरिचित नेपाल देशका बासिन्दाहरूको लागि एक सन्देश बोकेर रहेको छ। यसभित्रको वास्तविक सन्देश भनेको यथार्थ सार हो। २६०० वर्ष पुगेको बुद्धको जीवनको सार र आजको बुद्ध विषयको तथ्य ज्ञानको प्रकाश नै यस पुस्तकको महत्ता हो। ठूल्ठूला बौद्धविद्वान्‌हरूको अगाडि दृष्टि खुलाउने साहस बोकेको हुँदा नै आकृतिमा सानो यो पुस्तकको विशेषता छुट्टै प्रकारको भएको छ। १० वटा शीर्षकका लेखहरू समावेश भएको यो पुस्तक भगवान् बुद्धको २५८८ औं धर्मचक्रप्रवर्तन दिवसको उपलक्ष्यमा समयोचित रूपमा प्रकाशित भएको छ।

श्रमणजीवनमा अत्यावश्यक जीवनयापनमा प्रत्येक वर्ष अपनाइने वर्षावास हो। बुद्धले ४५ वर्षसम्म वर्षावास बिताए। ई.पू. ५२८ वैशाखपूर्णिमाको दिन बोधिज्ञान प्राप्त गरेपछि त्यही वर्षको आषाढपूर्णिमादेखि ई.पू. ४८४



Downloaded from http://www.dhamma.digital

आश्विनपूर्णिमासम्म बुद्धले बिताएका जम्मा ४५ वर्षलाई तिथि, मिति तोक्न सकिएको कुरा बुद्धका वर्षावासहरू लेखमा रहेको छ। बिना तिथिमितिको पौराणिक कुरामा गाँसेर बुद्धलाई ईश्वर भन्नेहरूलाई यो एउटा लोप्पा भइदिएको छ। बुद्धले कहाँ-कहाँ वर्षावास बसे भन्ने कुराको स्पष्ट विवरण यसमा छ। बुद्धले कोसँग कसरी व्यवहार गरियो तिनीहरूको ऐतिहासिक नाम र घटना यसमा दिइएको छ। बुद्धले कहाँ बस्दा कसरी आफूमा आएका आरोप र आफ्ना अप्ठ्याराहरू भोगे अनि आइपरेका समस्याका समाधानहरू सुल्झाए भन्ने कुराहरूलाई ऐतिहासिक साक्ष्यको रूपमा यहाँ प्रष्ट्याइएको छ। बुद्धको जीवनमा विशेष घटनाहरू यसै बेला भएका थिए। पैंतालीसौं वर्षावासमा भगवान्ले गंगा पार गरी ओर्लेको घाटको नाउँ 'गौतमघाट' र नगरको ढोकाको नाउँ 'गौतमद्वार' भनी राजा अजातशत्रुले नामकरण गरी बुद्धप्रति श्रद्धा व्यक्त गरेका थिए। यस कुराले त्यस बेला नै श्रद्धेय व्यक्तिको नाउँबाट ठाउँको नामकरण गर्ने चलन थियो भन्ने यस लेखले देखाएको छ।

'भगवान् बुद्धको दिनचर्या'मा भगवान् बुद्धको दिनचर्या पाँच भागमा विभाजित गरिएकोबाट आदर्श व्यक्तिलाई चरित्र निर्माणमा प्रेरणाको स्रोत बनेको छ। यो चर्या दिन र रात दुबै अवधिको रहेको छ। मानिस भई जन्मिनु ठूलो सौभाग्यको कुरा हो भन्ने यस चर्याको कुराबाट सिकिने कुरा हो। त्यसैले मानिसले दैनिक कर्तव्यमा मन लगाएर लाग्नुपर्ने खालको उपदेश यसमा रहेको देखिन्छ। कामको पुनरावलोकन गर्नु, सरसल्लाह र छलफलमा रहनु अति उपयोगी कुरा भएको पनि यसले सम्झाइदिएको छ।



Downloaded from http://www.dhamma.digital

पृथ्वीमा जन्मेका मानव भगवान् बुद्धसँग स्वर्गका देवता आएर कुराहरू सोध्थे, छलफल गर्थे। ती देवताहरूलाई आफ्नो व्याख्यानद्वारा बुद्धले चित्तबुझाइदिनुहुन्थ्यो भन्ने कुरा अति श्रद्धावान् व्यक्तिले मान्ने अति विश्वासको कुरा देखिएको ले यस्ता कुरा होइन होला भन्न नसकिए पनि आफ्नै भाषामा हो नै भनेर पनि नभनी बौद्धग्रन्थ 'संयुक्तनिकाय' मा दिइएअनुसारको हो भनी भुवनलाल प्रधानले शिष्ट भाषामा गवाही दिएका छन्।

बोधिवृक्षको झझल्कोमा बुद्धमा अरू ईश्वरीय देवतासरहको कल्पित ज्ञान निहित भएको नभई ई.पू. ५२८ वैशाखपूर्णिमाका दिन रातभर ध्यान गरी भोलिपल्ट सम्यक्संबोधिज्ञान प्राप्त गरेको कुरालाई तिथिमितिसहित बताइदिइएको छ। यो लेखबाट अशोक र उनको शान्तिनीति प्रष्टिन्छ। अशोकलाई अवदानको पात्रको रूपमा धेरैले लिन्छन् तर यहाँको तिथिमितिसहितको उल्लेखले अशोक एकजना ऐतिहासिक मौर्य राजा भएको प्रमाण स्वीकारेको छ।

पीपलवृक्ष नै बोधिवृक्ष भएको र हालसम्ममा सबैभन्दा पुरानोको रूपमा बाँचेको अनुराधापुरको बोधिवृक्ष नै हो भनी चिनाएको छ। मानिसको ईख मानिसप्रति मात्र नभएर निर्जीव वस्तुहरूमा पनि पर्दोरहेछ भन्ने कुरा तिष्यरक्षिताले राजाको प्रिय वृक्षमा बिख राखी द्वेष पोखेको राम्रो विवरण यसमा रहेको छ। निर्जीव वस्तुहरू पनि प्रेरणा र श्रद्धाको विषय बन्न सकिने कुरा बोधिवृक्षको उदाहरण प्रस्तुत भएको छ, जुन कुरालाई चीनियायात्रीहरू फाहियान र हुएन साङले समेत उल्लेख गरेका छन्। यो बोधिवृक्षको लेख पढ्दा इतिहास पढिरहेझैं लाग्छ। यसमा राजाहरूको राज्यको



Downloaded from http://www.dhamma.digital

इतिहास नै बढी छ। यस लेखबाट बौद्धधर्ममाथि प्रहार भएको इतिहास खुलस्त जान्न पाइएको छ।

'बुद्ध-अस्तिधातुको इतिहास' ई.पू. ४८३ वैशाख पूर्णिमाको मध्यरात, कुशीनगरका मल्लहरूको उपवर्त नाउँको शालोद्यान, उत्तर दिशातर्फको सिरान, सिंहशय्या, ४५ वर्षको धर्मप्रचार, ८० वर्षको उमेर पूरा भएको कुराको संक्षिप्त जानकारी दिन कुशलता निर्वाह गरेको छ। तथागतको अन्तिम बचनका साथ बुद्धको परिनिर्वाण, संस्कार भनेको व्ययधर्मा अर्थात् नाशवान् हुन्, त्यसैले अप्रमादी भई व्यवहार गर्नुपर्दछ भनी बुद्धधर्मको सारांश हल्कासँग प्रस्तुत गरिएको छ। आजको परम्परागत संस्कृतिप्रिय बौद्ध समाजलाई दर्शाउन पुट मिल्ने गरी उसबेला बाजागाजासहित बुद्धको शवलाई कुशीनगरमा जात्रा गरिएको उल्लेखका साथ त्यसबेलादेखि बौद्धसंस्कारमा बाजा रहेको थियो भन्ने देखाएको छ। आजको अति श्रद्धाको वस्तु बुद्धका अस्थिधातुको विवरण अति महत्त्वपूर्ण जानकारी हो। यस विषयलाई चमत्कारपूर्ण नगरी वैज्ञानिक ढंगले जानकारी गराइएको छ। त्यसबेलाका क्षेत्रीहरूमात्रले भगवान्प्रति श्रद्धा राखी आफ्ना लागि अस्थिधातु मागेको ले क्षत्रीहरू सबै बुद्धका उपदेशको अनुयायी बनेका हुन् भन्ने थाहाहुन आउँछ र बुद्ध एक क्षत्री भएको नाताले ब्राह्मणपर्यन्तले बुद्धलाई पूजनीय मानेका छन्। पिप्पलीबनका मोरियहरूले बुद्धको अस्थिधातु नपाउँदा बुद्धलाई दाहसंस्कार गरेको मसानको गोल नै लगेर स्तूप बनाई ती गोललाई त्यसको गर्भमा राखेको ले बुद्धप्रति जनहृदयमा अगाढ श्रद्धा रहेको स्पष्ट हुन्छ। बुद्धको विषयमा थाहादिने आधिकारिक ग्रन्थ भनी



Downloaded from http://www.dhamma.digital

महापरिनिर्वाणसूत्र, दीर्घनिकाय अर्थकथा, अंगुत्तरनिकाय अर्थकथालाई उल्लेख गरी ग्रन्थको महनीयता प्रस्तुत गरिएको छ। ८४००० स्तूप र ८४००० धर्मस्कन्धको विषय बुद्धधर्ममा अति प्रचार छ, जसको उल्लेखले यस लेखलाई गौरवमय पारेको छ। श्रीलंकामा बुद्धधर्मको प्रवेशको वास्तविक तिथि निर्धारण यसमा गरिएको छ। नेपालमा २००३ सालमा अस्थिधातुको प्रवेश भएको र त्यसलाई आनन्दकुटी विहारमा निधान गरिएको तथा राणा प्रधानमन्त्री पद्मशमशेरले वैशाखपूर्णिमाको दिनमा नेपाल अधिराज्यमा सार्वजनिक बिदा दिने निर्णय गरेको बाट राणाकालको बुद्धधर्मप्रति अन्याय र न्यायसम्बन्धी विचार थाहा हुन आएको छ, जसबाट बुद्धको अस्थिधातुको इतिहास स्पष्ट भएको छ। राहुलमाता यशोधराको अस्थिधातु २०५२ साल मार्ग २ गते नेपाल ल्याई कीर्तिपुर नगरमण्डप श्रीकीर्ति विहारमा राखिएको ले पनि अस्थिधातुसम्बन्धी महत्त्व र नारित्वका प्रतिमूर्ति यशोधराको पहिचान दिलाएको छ। यसैगरी पाटनका ४ थूर सम्राट् अशोकले इ.पू. २३४-, ३२ ताका ल्याएको अस्थिधातु हुन सक्ने विचार प्रकट गरिएको ले नेपाल उपत्यकाको पुरानो गौरवपूर्ण सम्झना यसले गराएको छ।

'बुद्धका स्मरणीय ठाउँ र वस्तुहरू शीर्षक भएको लेखबाट बुद्धका संवेदनशील स्थान र वस्तुहरूलाई चार थरीमा प्रस्तुत गरी त्यस सम्बन्धमा अध्ययन र अन्वेषणयुक्त बनाइएको छ। सामान्य अर्थमा हाडलाई अस्थि भनिन्छ तापनि गौरवमय धातुको रूपमा रहेको अस्थिको भागको यहाँ जानकारी दिइएको छ। श्रमण जीवनको लागि अत्यावश्यकको रूपमा प्रदर्शन गर्ने परिभोग सामानको



Downloaded from http://www.dhamma.digital

विषय र अतुलनीय बोधिज्ञानको प्रतीक बोधिवृक्षलाई यहाँ चिनाइदिएको छ। बुद्धसम्बन्धका चार ठाउँहरू बौद्ध तीर्थ नै बनेको कुरा यहाँ स्मरण गराइएको छ।

बुद्ध जन्मेको मिति इ.पू. ६२३ वा इ.पू. ५६३ भनी दुइटै प्रचलनमा रहेको मा ६२३ धार्मिक विश्वास र ५६३ ऐतिहासिक भएको कुराको तर्कपूर्ण विवरण प्रस्तुत गरी 'बुद्धसम्बन्धी ऐतिहासिक मिति' लेखले धेरै हदसम्म भ्रम निवारण गरिदिएको छ, जसबाट अन्वेषकहरूलाई थप प्रयासको लागि प्रेरणा दिएको छ।

'त्रिपिटकको लिपिबद्धीकरण' विषय साहित्यजगत्मा अति उपयोगी रहनुका साथै बुद्धधर्मसम्बन्धी पवित्र आधारग्रन्थ नै यही रहिदिएको कुराको हार्दिक विषय नै बनेको छ। श्रुति र वचनपरम्परामा रहेको कुरालाई लिपिबद्धीकरण गरिएको अनि यसको लेखन र संरक्षण प्रथमपटक श्रीलंकाबाट भएको कुरा सरल ढंगले यसमा प्रस्तुत छ। विनयधर र सूत्रधरको विशेषता रहेको परम्परा जटिलताका साथ चलिआएको कुराको सिलसिलामा त्रिपिटक निर्माण भएको कुराले बुद्धधर्मको गौरव प्रष्ट्याइदिएको छ। दोस्रो संगायनमा महासांघिक संप्रदाय खडा गरिएकोले संप्रदायविहीन धर्म शायद यहींदेखि संप्रदायगत रूपमा शुरु भयो भन्ने तीतो कुरा यहाँ उल्लेख गर्नुपरेको देखिन्छ।

तेस्रो संगायनको उल्लेखनीय उपलब्धि यहाँ बताइदिएको छ जुनले शुद्ध बुद्धशासन थेरवाद नै हो भन्ने कुरा निश्चित गर्न मद्दत पुऱ्याएर भ्रमजन्यताप्रति सजग पारिएको छ। श्रीलंकामा बुद्धधर्म राष्ट्रियधर्म भई बौद्धजगत्मा सान्त्वना मिल्ने कुरा भएको छ। कुनै पनि कुरालाई खोलती खोतली प्रमाण दिन खोज्ने प्रयास नै



Downloaded from http://www.dhamma.digital

भुवनलाल प्रधानको जाँगर र विशेषता हो । इशापूर्व पहिलो शताब्दीमा भएको बौद्धप्रतिको दमनबाट समयअनुकूल बचाउका कारण महायानको सृजना भएको झल्को यहाँ दिइएको छ । उसबेलाको जनभाषा रहेको पालिभाषामा लेखिएका पाठान्तरहरूको प्रचार र संरक्षणको लागि बुद्धघोषद्वारा अनूदित पालिलाई पाठान्तरहरू कायम गरी श्रीलंकाको भाषाको लेखनलाई त्यस बेला जलाइएको थियो । त्यस कार्यको विरोध कहींबाट पनि भएन । यो मौन समर्थन बुद्धले प्रयोग गरेको भाषाप्रतिको जनश्रद्धा हो जुन कुरा संग्लो रूपमा यस लेखमा समावेश गरिएको छ ।

केही बौद्धहरू बुद्धभन्दा अघि नै स्तूप थिए भन्दछन् । 'स्तूप-चैत्य' नामक लेखमा भगवान् बुद्धको परिनिर्वाणको लगत्तैपछिको दाहसंस्कारपछि बुद्धका अस्थिधातु, खरानी, गोल र बट्टाहरू राखी बनाइएका १० वटा स्तूप नै बौद्ध-चैत्यको शुरुवात हो भनिदिँदा गौतम बुद्धको धर्मको विशेषता झल्किने भएको छ । चैत्यको अर्थ र चैत्यका प्रकार थाहापाउनाले चैत्यप्रतिको आस्था प्रबल भई बुद्धको शासन ठम्याउन सजिलो भएको छ ।

वज्रयानलाई भगवान् बुद्ध स्वयंले गृद्धकूटपर्वतमा बसी व्याख्या गरेको भन्ने विश्वास लिने वज्रयानी कुरालाई बुद्धहरूको उपास्य रूपमा कल्पना गरिएको भनी साहसपूर्वक उल्लेख गरिएको छ । वास्तविक बुद्धका दर्शनमा कल्पना, अन्धविश्वास, आडम्बर, मन्त्र, तन्त्र पछि आएर मिसाइएको हो भन्ने कुरा पनि यहाँ नहिच्चिकचाईकन भनिदिएको छ । सप्त मानवबुद्धमा ऐतिहासिक मानवबुद्ध एकैजना शाक्यसिंह बुद्ध हुन् भनेर पनि ठोकुवा गरिएको छ । चैत्यको गजुरमा रहेको १३ तलालाई त्रयोदश चक्रावली



Downloaded from http://www.dhamma.digital

अर्थात् तेह्र भुवन भनी मानिन्छ। ज्ञानसाधनाका तेह्र तहमध्ये ५ तह श्रावकयानी र ११ तह पार गर्ने वज्रयानी हुने कुराबाट बुद्धधर्मको ज्ञानसाधनाको पूर्ण अंग भनी वज्रयानलाई मानेको कुराले गर्दा थेरवाद ज्ञानको सुरुको साधनमात्र हो भन्ने देखिन्छ जसबाट सामान्य बौद्धजन जो बुद्धधर्मप्रति अध्ययनशील रहेका छन्। तिनीहरूलाई बुद्धका उपदेशमाथि द्विविधा पैदा गराउने कुरा भएको यसमा औंल्याइएको छ।

'बुद्धका देनहरू' शीर्षक दिई प्रस्तुत गरिएको लेखमा बुद्धको स्वतन्त्र चिन्तन गर्ने पद्धति बताइदिएको छ भने अन्धविश्वासमा नलाग्ने बुद्धको प्रवृत्ति भएको कारण युरोपवासीहरू बौद्ध विचारधाराप्रति आकर्षित भएको वातावरणलाई अघि सार्दा बुद्धधर्मसम्बन्धमा पौराणिक कुरालाई सार संक्षेपमात्र मानेर वैज्ञानिकतातिर लाग्नुपर्ने कुरालाई यसमा बिनाहिचकिचाहट भनिदिएका छन्। बुद्धलाई विश्वले नै सम्मान दिएको छ भने बुद्धजन्मभूमि लुम्बिनीलाई विश्वशान्तिको प्रमुखस्थल बनाउनुपर्ने कर्तव्यबोध पनि गराइएको छ। जात्रा तमासामात्र गरेर भगवान् बुद्धप्रति सम्मान गरेको ठहरिन्न परन्तु उनको विचार र आदर्शलाई व्यवहारमा उतारी बुद्धको देनप्रति कृतज्ञता जाहेर गर्नुपर्ने कुरामा लेखक भावविभोर भएका छन्।

'बुद्धधर्मको एक किरण' विषयमा आफ्नो धारणा अभिव्यक्त गर्दै बुद्धले गर्ने धर्मको व्याख्या अरु धर्मको भन्दा भिन्दै, सरल, वैज्ञानिक, चाखलाग्दो, तर्कपूर्ण, अन्धविश्वासरहित र मनमा दिगो प्रभाव पर्ने खालको भएको बताउँदै यस धर्मको प्रभाव अन्य धर्ममा परेको कुरा



Downloaded from http://www.dhamma.digital

खुलेयाम बताइएको छ। इशाई धर्म व्यापक भए पनि बुद्धको किरण नपर्दो हो त त्यस धर्मको मूल्य नै खस्कने कुरा पनि स्पष्ट बताइएको छ।

बुद्धसम्बन्धी ज्ञान-ध्यानमा जस्तोसुकै कुराहरू प्रचलनमा रहे तापनि मात्र ऐतिहासिकता र तर्कपूर्ण प्रामाण्यलाई उजागर गर्ने भुवनलाल प्रधानका लेखहरूको सँगालोलाई पुस्तकाकारमा ल्याउने जमर्को युवा बौद्ध समूहले गरेको छ। यो कार्य विद्वान्को कदर हो भने जनसमक्ष बौद्ध विचारको आपूर्ति हो। एउटा बौद्ध संस्थाको कर्तव्य निभाएको छ युवा बौद्ध समूहले संस्थाको उद्देश्यअनुरूप पुस्तक प्रकाशित गरेर। ठाहिँला वज्राचार्य त्यत्तिकै उल्लेख्य पात्र छन् जसले पुस्तक प्रकाशनका लागि पूरा गर्नुपर्ने अभिन्न अंग पूरा गरिदिएका छन् आर्थिक सहयोग गरेर। समूचारूपमा यो पुस्तक मात्र पुस्तक नभै बौद्धजगत्मा औचित्यको नमूना भइदिएको छ।

२०५७ श्रावणशुक्ल १७ गते **सुवर्ण शाक्य**
गुंलाधर्म प्रारम्भ ॐबहाल, काठमाडौं।


Downloaded from http://www.dhamma.digital

# आफ्नो तर्फबाट केही .....

'शाक्यमुनि बुद्धका स्मारक' पुस्तक बुद्धधर्मसम्बन्धी ज्ञान हासिल गर्ने जो कोहीलाई अतिउपयोगी हुने कुरामा कसैको पनि दुईमत हुने छैन । त्यस्तै मेरो तर्फबाट उक्त पुस्तक प्रकाशनको निम्ति केही गर्न पाएकोमा आफूलाई धन्य ठानेको छु । अग्र राजनीतिक व्यक्तित्व, पूर्वमन्त्री, बौद्ध विद्वान् श्री भुवनलाल प्रधानज्यूबाट अति नै मेहनतपूर्वक यो पुस्तक लेख्नुभएको छ । वहाँको मेहनत तथा विद्वतालाई जति प्रशंसा गरे पनि पुग्दैन तर पनि म वहाँको प्रशंसा नगरी रहन सक्दिनँ । वहाँको व्यक्तित्वप्रति नेपालका सम्पूर्ण मानव जगत् (राजादेखि प्रजासम्म) जो कोही पनि अपरिचित छैनन् । त्यस्ता व्यक्तिद्वारा लिखित यस पुस्तक प्रकाशन गर्न पाउँदा आफूलाई गौरव लाग्नु स्वाभाविकै हुन्छ । त्यसैले म वहाँप्रति आभार प्रकट गर्दछु । त्यस्तै ज्ञानमाला भजन खलः- स्वयम्भू र युवा बौद्ध समूहका अध्यक्ष धर्मसाथी श्री शान्तरत्न शाक्यज्यूले मलाई यस पुस्तक प्रकाशनार्थ घचघच्यउनुभएको कारणबाट मैले पवित्र कार्यमा केही गर्ने अवसर पाएको छु त्यसकारण वहाँप्रति पनि हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

यस कार्यमा सघाउनुहुने प्रिय भतिजा नरेन्द्रमुनि वज्राचार्यलाई म धेरै धन्यवाद व्यक्त गर्दछु, जसले पुस्तक चाँडोभन्दा चाँडो प्रकाशित गर्न मद्दत पुऱ्याएको छ । त्यस्तै यस कार्यमा प्रत्यक्ष वा अप्रत्यक्ष सहयोग गर्नुहुने सबै महानुभावहरूलाई कृतज्ञता ज्ञापन गर्दछु ।



Downloaded from http://www.dhamma.digital

अन्तमा – बुद्धधर्मसम्बन्धी यस पुस्तक मेरा पुज्य दिवंगत पिता नैनमुनि (नाति गुरुजु) वज्राचार्य र आमा चिनीकुमारी वज्राचार्यको पुण्यस्मृतिमा बुद्धजयन्तीको पुनीत उपलक्ष्यमा प्रकाशित गर्न पाएकोमा खुशी व्यक्त गर्दै यस कार्यले वहाँहरु दुवैलाई निर्वाण हेतु प्राप्त होस् भनी कामना गर्दै मेरा दुई शब्द यहीं टुंग्याउँदछु ।

**भवतु सब्ब मंगलम् !**

Dhamma.Digital

**२५४५ औं बुद्धजयन्ती**

**बरनती, मुसुंबहाल, काठमाडौं ।**

**रमेशमुनि (ठाईला) वज्राचार्य**

Downloaded from http://www.dhamma.digital

Downloaded from http://www.dhamma.digital


# द्वहलपा !



न्हित्यं वन्दना याये योग्य जिम्ह पुज्य माता पिता दिवंगत नैनमुनि वज्राचार्य (नाति गुरुजु) व मां चिनिकुमारी वज्राचार्यया मोक्ष कामना यासे थुगु सफू द्वहलपाच्वना ।

- रमेशमुनि (ठाईला) वज्राचार्य व सपरिवार ।

Downloaded from http://www.dhamma.digital



थुगु सफूया दाता भाजु रमेशमुनि (ठाईला) वज्राचार्य
व मय्जु - मैंया वज्राचार्य

Downloaded from http://www.dhamma.digital

# बुद्धका वर्षावासहरू

बौद्ध विनयअनुसार वर्षा ऋतुको तीन महिना अर्थात् आषाढ पूर्णिमाको भोलिपल्टदेखि आश्विन पूर्णिमासम्म बौद्ध भिक्षुहरू गाउँ, शहरदेखि पर एकान्त ठाउँमा वास गर्ने नियम वर्षावास कहिन्छ। भगवान् बुद्धले ई. पू. ५२८ सालको वैशाख पूर्णिमाको दिन बोधिज्ञान प्राप्त गरेपछि त्यही सालको आषाढ पूर्णिमादेखि ई. पू. ४८४ साल आश्विन पूर्णिमासम्म बिताएका जम्मा ४५ वर्षावासहरूको विवरण संक्षेपमा यस प्रकार छ :-

१. **पहिलो**- आफूले बुद्धत्व प्राप्त गरेको थलो बुद्ध-गयामा सात हप्ता बिताएपछि भगवान् बुद्ध सारनाथतिर लागे जहाँ उनका पहिलेका पाँच जना चेला- कौण्डिन्य, वप्प, भद्दिय, महानाम र अश्वजित बसिरहेका थिए। सारनाथ ऋषिपत्तनमा उनीहरूलाई भेट्टाएर बुद्धले आषाढ पूर्णिमाकै दिन आफ्नो पहिलो धर्म-देशना अर्थात् "धर्मचक्र प्रवर्तन" गरेका थिए । त्यहीं मृगदाय वनमा उनले पहिलो वर्षावास बिताए ।

२. **दोस्रो, ३. तेस्रो, ४. चौथो**- बुद्धका दोस्रो, तेस्रो र चौथो वर्षावासहरू मगधराज बिम्बिसारले दान गरेको वेणुवनाराम राजगृहमा बिताइए। सर्कस गर्ने दम्पत्ति- उग्रसेन र उसकी श्रीमतीलाई प्रव्रज्या दिइएको चौथो वर्षकै घटना थियो ।



Downloaded from http://www.dhamma.digital

चौथो वर्षको जेठ महिनामा वुद्ध केही समय वैशालीमा रहँदा रोहिणी नदीको पानी वाँड्ने कुरामा शाक्य र कोलियहरूको झगडा भएको खवर सुने । उक्त झगडा मिलाएर बुद्ध कपिलवस्तुवाट वैशालीमा नै फर्के । त्यसपछि वर्षावास बिताउने तरखरमा लागेका थिए ।

५. **पाँचौं-** वैशालीको कूटागार शालामा पाँचौं वर्षावास बिताइरहेकै बेला बुद्धलाई राजा शुद्धोदन सिकिस्त बिरामी भएको खबर मिल्यो । बुद्ध कपिलवस्तु नपुग्दै शुद्धोदनको मृत्यु भएको थियो । तर बर्माको जिनत्थप्रकाशिनी भन्ने ग्रन्थअनुसार बुद्ध कपिलवस्तु पुगेर दिएको धर्म-देशना सुनेपछि मात्र उनको देहावसान भएको थियो । पिताको अन्त्येष्टि क्रियाको केही दिन बुद्ध कपिलवस्तुमा नै थिए । आफ्नो शोकाकुल परिवारलाई सान्त्वना दिएर उनी वैशाली नै फर्के । उनकी सानीआमा प्रजापती र अरू शाक्य महिलाहरू त्यहींसम्म पुगेका थिए । पहिले नमाने पनि वुद्धले पछि भिक्षु आनन्दको सिफारिसमा आठवटा वढी नियम पालन गर्नु पर्ने गरी महिलाहरूलाई पनि प्रव्रजित गर्ने अनुमति दिए । वाँकी वर्षावास त्यहीं विहारमा बित्यो ।

६. **छैठौं-** भगवान् बुद्धले आफ्नो छैठौं वर्षावास वत्सको राजधानी कौशम्वीको मङ्कुल पर्वतमा विताए । वर्षावास सकेर यहाँवाट राजगृह जाँदा उनले मगधराज विम्विसारकी रानी



Downloaded from http://www.dhamma.digital

क्षेमावतीलाई प्रव्रजित गरे। पिण्डोल भारद्वाज भिक्षुले ऋद्धि बल देखाएर ६० हात अग्लो ठाउँमा झुण्ड्याइराखेको श्रीखण्ड (वा रक्तचन्दन) को पिण्डपात्र प्राप्त गरेको तथा बुद्धले थाहा पाएपछि उक्त पात्र फुटाल्न लगाएर भिक्षुहरूलाई ऋद्धिबल देखाउनुबाट रोकेको यहीं थियो।

७. **सातौं-** सातौं वर्षावास श्रावस्तीमा बिताइएको बुझिन्छ। यहीताका बुद्ध भगवान्‌को चिञ्चा नाउँकी एक महिलासँग अनुचित सम्बन्ध कायम भएको भन्ने झूठा आरोप लागेको थियो। तर केही दिनमा नै तथ्य कुरा खुलेकोले विरोधीहरूको चालबाजी उदाङ्गियो।

८. **आठौं-** भग्गहरूको सुंसुमार गिरि भेसकला वनमा आठौं वर्षावास बिताइरहँदा बुद्धले नकुलका आमाबाबुलाई प्रव्रज्या दिएका थिए।

९. **नवौं-** कौशम्बीस्थित घोषितारामा नवौं वर्षावास बिताइरहेकै बखत बुद्धले मागन्दियाका आमाबाबुलाई प्रव्रज्या दिएका थिए। मागन्दिया बुद्धसँग रिसाइन्।

१०. **दशौं-** पारिलेय्य वन खण्डमा दशौं वर्षावास बिताइयो। कौशम्बीको एक भिक्षुले विनयको नियम भङ्ग गऱ्यो भन्ने आरोप लगाइयो। तर उनले त्यसो गरेका थिएनन्। तैपनि उनी संघबाट निकालिए। विनयअनुसार जानाजानी उल्लङ्घन गरेको नभईकन सजाय दिन मिल्दैनथ्यो। यसबाट



Downloaded from http://www.dhamma.digital

भिक्षुहरूमा उब्जेको मतभेदले उग्र रूप लियो । भिक्षु आनन्दले बुद्धलाई अन्त कतै जानसम्म आग्रह गरे । बुद्धले मेलमिलापको लागि सम्झाउन खोज्दा भिक्षुहरूले यस्तोसम्म भने, "भन्ते, तपाई आफ्नो विमुक्ति सुख अनुभव गरी चुप लागेर बस्नुहोस् । यसबारे जे गर्नु पर्ने हो हामी नै गर्छौं ।"

आखिर बुद्धले त्यहाँबाट सुटुक्क गएर पारिलेय्य वनमा वर्षावास बिताए । वर्षावासको अन्ततिर झगडालु भिक्षुहरू त्यहीं आएर उनीसँग क्षमा मागे ।

११. **एघारौं**– एघारौं वर्षावास बुद्धले राजगृहको नालक ब्राह्मण गाउँमा बिताए । त्यहाँ हलो जोत्ने, बीउ छर्ने आदि कृषि प्रक्रियाहरूको व्याख्या गरेर उनले कसिभारद्वाज ब्राह्मणलाई बोध गराए एवं बौद्ध धर्ममा दीक्षित गरे ।

१२. **बाह्रौं**– बुद्धले बूढा ब्राह्मणहरूलाई पनि ढोग्दैनन् भन्ने हल्ला सुनेर उनलाई भेट्न आएका वेरञ्जाका एकजना ब्राह्मणले दिएको वर्षावासको निम्तोअनुसार बुद्ध कोशल राज्यको वेरञ्जामा गएर बाह्रौं वर्षावास त्यहीं बिताए । त्यस बेला त्यहाँ अनिकाल पऱ्यो । उक्त ब्राम्हणले भिक्षुहरूलाई भोजन दिन पनि बिर्से । घोडा बेच्ने महाजनहरूसँग भिक्षा मागेर वर्षावास सिध्याएपछि बुद्ध उक्त ब्राह्मणकहाँ बिदा माग्न गए । त्यही बेला मात्र उनलाई याद भयो । भोलिपल्ट



Downloaded from http://www.dhamma.digital

संघलाई भोजन र वस्त्र दिएर बिदा गराए ।

१३. **तेन्हौं-** श्रावस्ती नगिचैको चलिय पर्वतमा तेन्हौं वर्षावास बिताइयो ।

१४. **चौधौं-** वुद्धले आफ्नो चौधौं वर्षावास श्रावस्तीको जेतवन विहारमा विताएर त्यहीं उनले २० वर्ष पुगेका छोरा राहुललाई राहुल-सूत्रको उपदेश दिएर उपसम्पदा (भिक्षुको दीक्षा) पनि दिए ।

१५. **पन्धौं-** पन्धौं वर्षावास कलिपवस्तुको न्यग्रोधाराममा विताइयो । यही वेला बुद्धले तत्कालीन शाक्य राजा महानामलाई धेरै पटक र धेरै विषयमा उपदेश दिएका थिए । कोलिय राजा सुप्रवुद्ध (बुद्धकै मामा एवं ससुरा, यशोधराका पिता) ले वुद्धलाई वाटो छेकेर गाली गरेको पनि यही वेला थियो । वुद्ध त्यो बाटो नगईकन फर्के ।

१६. **सोन्हौं-** सोन्हौं वर्षावास बुद्धले आलवी (श्रावस्तीवाट ३० योजन टाढा राजगृह जाने बाटोमा पर्ने ठाउँ) मा विताए । मान्छेको मासु खाने यक्ष आलवकको मानसिक परिवर्तन गरी उनलाई बुद्ध धर्ममा दीक्षित गरेको यही वेला थियो ।

१७. **सत्रौं-** सत्रौं वर्षावास राजगृहमा विताइएको थियो । एकपल्ट भगवान् भोजनको निम्तोमा आलवी पुगेका थिए । त्यहाँ हराएको गोरु दिन भर खोज्दै लखतरान परेको भोको किसान



Downloaded from http://www.dhamma.digital

एकजनालाई खवाइसकेपछि मात्र उहाँले धर्म-देशना गर्नुभएको थियो ।

१८. **अठारौं-** श्रावस्तीको नगिचै चालिय पर्वतमा अठारौं वर्षावास बिताइरहेको बेला बुद्ध एकपल्ट आलवीमा धर्म-देशना दिइरहेका थिए। त्यस बेला धर्म-देशना सुन्न आउने एउटी जुलाहा केटीले बुद्धका चार प्रश्नको सन्तोषजनक जवाफ दिएकी, तिनलाई उहाँले मृत्यु बारेको उपदेश दिएको र त्यही दिन ती केटीको मृत्यु भएको उल्लेख छ। उनको मृत्युपछि रुन आएका बाबु चाहिं जुलाहालाई बुद्धले सान्त्वना दिएर संघमा प्रवेश गराए ।

१९. **उन्नाइसौं-** वुद्धको उन्नाइसौं वर्षावास चालिय पर्वतमै वित्यो ।

२०. **बीसौं-** वुद्धको बीसौं वर्षावास राजगृहको वेणुवन विहारमा विताइएको थियो । यही वेला पिण्डपात्र बोक्ने भिक्षु नागसमालले वुद्धले भनेको होइन कि अर्को बाटो जाने भनेर जिद्दी गर्न लागे । वुद्धले तीन पल्ट रोक्दा पनि मानेनन् । झन् उल्टो उनले धृष्टतापूर्वक पिण्डपात्र भुईंमा राखिदिए । तेऱ्हौं वर्षावासको समयमा पनि मेघिय भन्ने भिक्षुले वुद्धलाई नटेरी यस्तो धृष्ट व्यवहार गरेका थिए । यसैले यही बीसौं वर्षावासदेखि भिक्षु आनन्दलाई सधैं आफ्नो साथ लाग्ने सहचर वनाए ।



Downloaded from http://www.dhamma.digital

२१-४४. **एक्काइसौंदेखि चवालीसौं-** बुद्धले एक्काइसौंदेखि चवालीसौं वर्षावास श्रावस्तीमै बिताए । ती मध्ये अनाथपिण्डक महाजनले दान गरेको जेतवन विहारमा १९ पल्ट (शायद एकपल्ट अगाडिको समेत गरेर) र विशाखाले दान दिएको पूर्वाराम विहारमा ६ पल्ट वर्षावास बिताइएको उल्लेख बौद्ध ग्रन्थहरूमा छ ।

४५. **पैतालीसौं-** चवालीसौं वर्षावासपछि बुद्ध श्रावस्तीबाट राजगृहको गृद्धकूट पर्वततिर गए । त्यसताका मगधराज अजातशत्रु (ई. पू. ४९१-४५९) वृज्जीहरूको गणराज्यमा हमला गर्ने ताकमा थिए । त्यसैले गङ्गाजीको किनारमा किल्ला बन्दै थियो । बुद्ध गृद्धकूटबाट त्यहीं आइपुगे । यस बेला अजातशत्रु पनि त्यहीं उपस्थित थिए । राजाले बुद्धलाई भोजनको निम्तो दिए । भोजनपछि बुद्धले आजकाल जहाँ पटना शहर अवस्थित छ त्यहीं ठाउँबाट गङ्गापार गरे । राजा अजातशत्रुले भगवान् ओर्लेको घाटको नाउँ 'गौतम घाट" र नगरको ढोकाको नाउँ पनि "गौतम द्वार" राखे । पालि र चीनी ग्रन्थहरूमा बुद्ध त्यहाँबाट कोठिग्राम, नादिका हुँदै वैशाली उप-नगरमा पुगेको उल्लेख गरिएको छ । त्यहाँ एक गणिका अम्बपालीको आतिथ्य बुद्धले स्वीकार गरे । त्यहाँबाट वेणुग्रामकमा गएर उनले आफ्नो ४५ सौं अर्थात् अन्तिम वर्षावास बिताए । यही बेला उनी निक्कै बिरामी भए र अब आफू धेरै समयसम्म नबाँच्ने घोषणा उनले



Downloaded from http://www.dhamma.digital

गरे ।

वर्षावास सकेपछि अर्थात् आश्विन पूर्णिमापछि भगवान् वुद्ध त्यहाँबाट वैशाली, आमग्राम, जम्बुग्राम, भोजनगर, पावा हुँदै कुशीनगर पुगे जहाँ ई. पू. ४८३ सालको वैशाख पूर्णिमाको दिन ८० वर्ष पूरा भएको उमेरमा उहाँको निधन अर्थात् निर्वाण भयो ।

- मधुपर्क, २०३८ जेठ अङ्क-बाट साभार

Dhamma.Digital



Downloaded from http://www.dhamma.digital

# भगवान् बुद्धको दिनचर्या

आफ्नै बुद्धि, पराक्रम, त्याग, तपस्या, सेवा कार्य आदिले संसारमा महान् बनेका महापुरुषहरूको जीवनी पढ्नु रमाइलो हुन्छ, उनीहरूका दिनचर्या त झनै चाखलाग्दा हुन्छन्। त्यसमाथि पनि महान् व्यक्ति भनौं वा महामानव भनौं भगवान् बुद्धजस्ताको दैनिक चर्याको त कुरै छैन, अत्यन्त घतलाग्दो हुने नै भयो । फेरि भगवान् बुद्धको दिनचर्याको चर्चा गर्नु पनि प्रासङ्गिक विषय नै हुन आउँछ। अनेकौं बौद्ध ग्रन्थहरूमा दिइएका उहाँका दिनचर्यासम्बन्धी कुराहरूको आधारमा तल उहाँको दिनचर्याको एक संक्षिप्त झलक दिने जमर्को गरिएको छ ।

भगवान् बुद्धको दिन चर्यालाई पाँच भागमा बाँडिएको पाइन्छ जुन यस प्रकार छ -

मध्यान्ह भोजनअगाडिको अवधि, मध्यान्ह भोजनपछिको अवधि, रातको प्रथम भागको अवधि, मध्यरातको अवधि, रातको अन्तिम प्रहरको अवधि ।

**पहिलो अवधिः** भगवान् बुद्ध चाहे जंगलमा वास बस्नुभएको होस् वा विहारमा वा अन्यत्र कतै एकान्त थलामा, जहाँसुकै बास वस्नुभएको भए पनि प्रातः कालमै आफ्नो गन्धकुटीबाट निस्किएर शौचस्नानादि नित्यकर्म गर्नुहुन्थ्यो । त्यसबाट निवृत्त भएपछि भिक्षाटनको वेला नभएसम्म उहाँ एउटा शान्त ठाउँमा



Downloaded from http://www.dhamma.digital

वसिरहनुहुन्थ्यो ।

भिक्षाटनको बेला हुन लागेपछि उहाँ काषाय वस्त्र पहिरेर भिक्षापात्र हातमा लिएर तयार हुनुहुन्थ्यो । त्यसपछि उहाँ भिक्षा माग्न कुनै गाउँ वा शहरमा जानुहुन्थ्यो । त्यस बेला उहाँ कहिले एक्लै र कहिले भिक्षुगण साथमा लिएर जानुहुन्थ्यो ।

भोजनको लागि निम्तोमा जानु नपर्ने दिन उहाँ विहारकै एउटा एकान्त कुनामा मध्यान्ह भोजन गर्नुहुन्थ्यो । कहिलेकाहीं उहाँ एक्लैलाई भोजनको निमन्त्रणा आउँथ्यो । त्यस्तो अवसरमा आफू एक्लै पनि जानुहुन्थ्यो । भिक्षुगणसहित निम्त्याइएको बेला उहाँ शिष्यहरूसहित निम्त्याउने मानिसको घरमा गएरै भोजन गर्नुहुन्थ्यो । यसरी निमन्त्रणामा पाल्नुभएको बेला उहाँले आफ्नो मनोवैज्ञानिक आन्तरिक शक्तिद्वारा आफ्नो आतिथ्य सत्कार गर्ने व्यक्तिको मानसिक स्थिति, बौद्धिक क्षमता आदिबारे विचार गरिसक्नुहुन्थ्यो । भोजनपछि भगवान्ले उसलाई आवश्यक र उपयुक्त खालको उपदेश, धर्मदेशना गर्नुहुन्थ्यो । यस्तो अवसरमा उसले सोधेका अनेकौं प्रश्नहरूको जवाफ पनि उहाँले प्रभावकारी ढङ्गले दिनुहुन्थ्यो । यसरी गृहस्थीलाई धर्मको मर्म बुझाएर, उनीहरूको दिललाई शान्त पारेर उहाँ भिक्षुगणसहित विदा भएर विहारमा फर्किनुहुन्थ्यो ।

विहारमा पुगेर उहाँ अघिल्लो भागमा आफ्नो निम्ति छुट्याइएको आसनमा वसेर भिक्षुगण सवै आइनपुगुञ्जेल पर्खिरहनुहुन्थ्यो । उहाँको शुश्रूषामा लाग्ने भिक्षु आनन्दले सवैले भोजन गरिसकेको सूचना



Downloaded from http://www.dhamma.digital

दिन्थे । त्यसपछि मात्र उहाँ आफ्नो ठाउँमा गएर विश्राम गर्नुहुन्थ्यो ।

यसरी पहिलो अवधिको उहाँको चर्या सकिन्थ्यो ।

**दोस्रो अवधि:** विश्रामपछि निश्चित समयमा उहाँ आफ्नो शयनागारको ढोकानिर आइपुगेर त्यहाँ उहाँको लागि अधिवाटै तयार राखिएको पानीले पाउ धुनुहुन्थ्यो ।

यतिञ्जेलमा श्रावकगण सबै जम्मा हुन्थे । अनि भगवान्‌बाट धर्मदेशना हुन्थ्यो । मानिस भएर जन्मिनु नै ठूलो कुरो हो, यस्तो सुवर्ण मौका पाउनु दुर्लभ छ, धर्ममा दीक्षित भएर उपसम्पदा पाउनु ज्यादै दुर्लभ छ । धर्मदेशना सुन्न पाउनु पनि निक्कै दुर्लभ हुन्छ भन्ने इत्यादिबारे व्याख्या चल्दथ्यो। आफ्नो उपदेशको क्रममा बुद्ध भगवान्‌ले सबैलाई आ-आफ्ना मानसिक स्थिति र आफूहरूले गरेका कामहरूको पुनरावलोकन, सरसल्लाह र छलफल गर्दथे, साथै आध्यात्मिक तवरले शुद्ध र त्रुटिरहित हुने उपाय र साधनबारे पनि सोधखोज हुन्थ्यो । तथागतले सोध्ने व्यक्तिको क्षमतानुसार शिक्षा दिनुहुन्थ्यो ।

अनि केही श्रावकहरू एकान्त स्थानमा जान्थे, कोही रूखमुनि बस्थे, कोही विहारभित्रै रहन्थे । यसरी सबैले आध्यात्मिक अभ्यासमा समय बिताउँथे। भगवान् चाहिं आफ्नै शयनागार भित्र पस्नुहुन्थ्यो, सिंह जस्तै दाहिने कोल्टाले लेटेर केहीबेर आराम लिनुहुन्थ्यो। एक छिनपछि उहाँ बसेर ध्यानमग्न हुनुहुन्थ्यो। त्यस दिन, कसलाई कस्तो धर्मदेशना गर्नु पर्ला भन्ने सोच्नुहुन्थ्यो ।



Downloaded from http://www.dhamma.digital

यत्तिकैमा निश्चित समयमा त आसपासका ठाउँहरूबाट मानिसहरू विहारमा ओइरिन थाल्दथे- कोही धर्मदेशना सुन्न, कोही-कोही आ-आफ्ना समस्याहरूको समाधान खोज्न, सरसल्लाह गर्न । मानिसहरू जम्मा भइसकेको थाहा भएपछि भगवान् बुद्ध शयनागारबाट बाहिर निस्केर सार्वजनिक धर्मदेशना गर्ने ठाउँमा आउनुहुन्थ्यो । भगवान्‌बाट अनेकौं सूत्रहरूको व्याख्या हुन्थ्यो, अनेकौं प्रश्न र गठिला समस्याहरूको जवाफ र समाधान हुन्थे । यसका साथै भगवान्‌ले उपस्थित भएका श्रोतावर्गलाई आ-आफ्ना दैनिक कार्यकलापहरूमा बढी प्रबुद्ध, बढी निर्दोष हुन पनि जोड गर्नुहुन्थ्यो ।

यसरी दोस्रो अवधिको कार्यक्रम सिद्धिन्थ्यो ।

**तेस्रो अवधि:** यस बेला भगवान्‌लाई इच्छा लाग्यो भने स्नान गर्नुहुन्थ्यो । यतिञ्जेलमा भिक्षु आनन्दले उहाँको शयनागार संगैको कोठामा उहाँको लागि आसन ठीक गरिसकेका हुन्थे । भगवान् तथागत कापाय वस्त्र सव्य पारेर निश्चित समयसम्म ध्यान गर्नुहुन्थ्यो । त्यस वेला उहाँको नगिच जान सबैलाई निषेध हुन्थ्यो ।

यहीबीच भिक्षुगणहरू भेला भइरहन्थे । ध्यानबाट निवृत्त भएपछि भगवान् तथागत उनीहरूको कुरा सुन्न तयार हुनुहुन्थ्यो । श्रावकहरू अनेकौं शङ्काउपशङ्काका कुराहरू उठाउँथे । गहिरो विचार विमर्श हुन्थ्यो- बौद्धदर्शनका आधारभूत तथ्यहरूमा । उठाइएका शङ्काहरूको समाधान भगवान्‌ले अनेकौं विषयसंगत कथा, उपाख्यानहरूको उदाहरणद्वारा गरिदिनुहुन्थ्यो । यस्तो धर्मको मर्म बुझ्ने, बुझाउने



Downloaded from http://www.dhamma.digital

व्याख्यानको क्रम बेलुका सुत्ने वेला नभएसम्म चल्दथ्यो ।

तेस्रो अवधि यसरी बित्दथ्यो ।

**चौथो अवधि:** मध्यरातको यस अवधिमा श्रावकगण आ-आफ्ना ठाउँमा सुत्न गइसकेका हुन्थे । तथागत एकलै हुनुहुन्थ्यो । उहाँसंग एकान्त गर्ने यो राम्रो अवसर थियो । यही मौका पारी स्वर्गबाट देवताहरू विहारमा आउँथे । भगवान्संग अनेकौं सवाल सोध्थे, छलफल गर्दथे । आफ्ना व्याख्यानद्वारा उहाँले उनीहरूलाई पनि चित्त बुझाइदिनुहुन्थ्यो ।

यसरी स्वर्गवाट देवताहरू आएर भगवान्संग भेटघाट र कुराकानी गर्थे भन्नेवारे संयुक्त निकायमा विस्तृत रूपमा वर्णन गरिएको पाइन्छ । माथि स्वर्ग र देवतासम्बन्धी जुन उल्लेख भएको छ त्यो पनि संयुक्त निकायमा दिइएअनुसारकै हो ।

यसरी चौथो अवधि सकिन्थ्यो ।

**पाँचौं अवधि:** यो रातको अन्तिम प्रहरको अवधि अर्थात् सूर्योदय हुनु अगाडिसम्मको अवधि हो । यस अवधिको शुरूमा एक घण्टा जति तथागत टहल्नु हुन्थ्यो । त्यसपछि आफ्नो शयनागारमा गएर दाहिने कोल्टाले पल्टेर ओछ्यानमा सुत्नुहुन्थ्यो ।

निद्राबाट बिउँझेपछि उहाँ ध्यानासनमा वसेर ध्यान गर्नुहुन्थ्यो । यसै वेला उहाँ भोलिपल्ट ककसलाई के कस्तो उपदेश दिनु उचित होला भन्ने पनि सोच्नुहुन्थ्यो ।



Downloaded from http://www.dhamma.digital

यसरी पाँचौं अवधि पनि सम्पन्न हुन्थ्यो ।

प्रस्तुत विवरण भगवान् बुद्धको दिनचर्याको एउटा अत्यन्त संक्षिप्त चित्रण मात्र हो । उहाँजस्तो ओजस्वी व्यक्तित्व भएको महामानवको दिन चर्चा यत्तिकैमा सीमित हुने खालको पनि होइन ।

- गोरखापत्र, २०३५।२।९ बाट साभार



Downloaded from http://www.dhamma.digital

# बोधिवृक्षको झझल्को

भारतवर्षको वर्तमान विहार प्रान्त (तत्कालीन राजगृह अधिराज्य) अन्तर्गत उरुवेलस्थित नेरञ्जना नदीतटको समीपमा रहेको एउटा भव्य पीपलको रूखमुनि परिव्राजक सिद्धार्थ गौतमले ई. पू. ५२८ साल वैशाख पूर्णिमाको दिन साँझमा सोत्थिय घाँसेसंग लिई ओछ्याएको आठ मुट्ठा घाँसमा पद्मासन कसी रातभरि ध्यान गर्न लागे। भोलिपल्ट बिहान झिसमिसे हुँदा नहुँदै उनी सम्यक् सम्बोधि ज्ञान प्राप्त गर्न सफल भए। अनि उनले आफू बुद्ध भएको अनुभव गरे।

यो पीपल वृक्षमुनि गौतमलाई बोधिज्ञान लाभ भएकोले यसको नाउँ कालान्तरमा "बोधिवृक्ष" रह्यो। यही रूखमुनि उनले एक हप्तासम्म निवास गरे। यही बेला र उही रूखमुनि प्रथम बुद्ध वचन अर्थात् "अनेक जाति संसारं ...' र 'यदा हवे पातु भवन्ति धम्मा...' भन्ने सुप्रसिद्ध उदानहरू अभिव्यक्त भएका थिए। यही बोधिवृक्षको आसपासमा जम्मा सात हप्ताजति बिताएर बुद्ध सारनाथतिर गए। बुद्ध र वुद्ध धर्मको प्रचार र लोकप्रियताको साथसाथै यो रूखको पवित्रता र पूजनीयता व्यापक बन्दै आएको देखिन्छ।

बुद्धत्व प्राप्तिको दुई सय अस्सी जति वर्ष पछि (ई. पू. ५२८-२८०=२४८ ई. पू.) ताका बोधिवृक्षको पूजनीयता अतीव व्यापक र लोकप्रिय भइसकेको थियो। सम्राट् अशोक (राज्यारोहण ई. पू. २६९, राज्याभिषेक ई. पू. २६५, राज्यकाल ई. पू. २६५-२२८ लगभग) ले



Downloaded from http://www.dhamma.digital

तृतीय संगायन गरेपछि आफ्ना छोरा भिक्षु महेन्द्रको नेतृत्वमा वौद्ध धार्मिक शिष्ट मण्डल श्रीलङ्का पठाएको सिलसिलामा उपरोक्त वोधिवृक्षको कलमी सारिएको पाँचवटा हाँगा पनि आफ्नी छोरी भिक्षुणी संघमित्राको जिम्मामा पठाए । यो घटना ई. पू. २४७ साल ताकाको हो जुन बेला लङ्कामा देवानांप्रिय तिष्य राज्य गर्दथे (ई. पू. २४७-२०७) ।

उक्त हाँगाहरू ठूलो राजकीय समारोहका साथ तत्कालीन राजधानी अनुराधपुरमा आरोपित गरिए । मूल बोधिवृक्षबाट कलमी गरिएका यी ऐतिहासिक हाँगाबाट हुर्केका पीपल वृक्षहरू त्यहीत्यही ठाउँमा आजसम्म जीवित रूपमा खडा छन् । यो वृक्षको विस्तृत विवरण श्रीलङ्काका समन्तपासादिका, महावंश आदि ग्रन्थहरूमा दिइएको छ । संसारमा सबभन्दा पुराना जिउँदा रूखहरूमध्ये एउटा - जुलिअस सीजर (ई. पू. १०१-४४) को पालाको भनिएको लोम्बार्डीस्थित "साईप्रेस" रूखभन्दा अनुराधपुरस्थित पीपल वृक्ष पुरानो भएकोले संसारभर वाँचेका रूखहरूमध्ये सबभन्दा पुरानो रूख त्यही देखिन्छ ।

सम्राट् अशोकको राज्यकालमा एकातिर वोधिवृक्षको माहात्म्य पराकाष्ठामा पुगेको देखिन्छ भने अर्कोतिर त्यसको हत्या पनि भयो । आफ्नी पहिली पटरानी असन्धिमित्राको मृत्युपछि सम्राट्ले तिष्यरक्षितालाई पटरानी बनाएका थिए । ती तिष्यरक्षिताले सम्राट्को माया-ममता आफूप्रतिभन्दा वोधिवृक्षप्रति वढी भएको शङ्का लागेपछि



Downloaded from http://www.dhamma.digital

तिनले विष प्रयोग गराई बोधिवृक्षलाई मार्न लगाइन् । यस घटनाको वर्णन महावंश बीसौं परिच्छेद (महावंश- भदन्त आनन्द कौसल्यायन, हिन्दी अनुवाद, ई. १९४२, प्रयाग, पृ.१०६) मा उल्लेख गरिएको छ ।

यसरी महारानी तिष्यरक्षिताले मार्न लगाएपछि पनि बोधिवृक्षका जराहरूबाट फेरि केही मुजुराहरू टुसाए होलान् । किनभने पुष्यमित्र शुङ्ग मौर्य वंशका अन्तिम राजा बृहद्रथका सेनापति एवं ई. पू. १८५ मा उनको हत्या गरी शुङ्ग राज्य संस्थापन गर्ने प्रथम शुङ्ग राजा [जसले पाटलिपुत्र (पटना) देखि जालन्धर (पञ्जाब) सम्मका समस्त बौद्ध विहार जलाउन लगाए तथा एउटा श्रमणशिर ल्याउनेलाई एक सय दीनार (असर्फी) दिन्छु भनेर घोषणा गरेका थिए ।] ले गरेको बुद्ध धर्म र बौद्धहरूको दमनको सिलसिलामा बुद्ध-गयास्थित बोधिवृक्षमाथि पनि मार परेको हुन सक्थ्यो भनेर केही इतिहासकारहरूले अनुमान गरेका छन् ।

जे होस्, त्यसपछि बोधिवृक्षको उल्लेख फाहि्सन (ई. ३९९-४१३) र हसुयन त्साङ्ग (ई. ६२९-६४४) ले गरेका छन् । हसुयन त्साङ्ग लेख्छन् । (बीलको "बुधिष्ट रिकर्डस्" अनुसार):-

"यो बोधिवृक्षको नाश गौड (बङ्गाल) का दुष्ट राजा शशाङ्क [गौडका राजा, जसले थानेश्वरका राजा राज्यवर्धन (सम्राट् हर्षवर्धन, ई.६०६-६४७ का दाज्यू)को हत्या ई. ६०६ मा गरेका थिए ।] ले गरेका थिए । किन्तु थोरै समयपछि नै अशोकका वंशका अन्तिम राजा मगधराज पूर्णवर्मा [यिनलाई हसुयन त्साङ्गले मौर्यवंशी अन्तिम



Downloaded from http://www.dhamma.digital

राजा भने पनि ऐतिहासिक तवरले मौर्यवंशका अन्तिम राजा बृहद्रथ मानिन्छ जसको हत्या गरी सेनापति पुष्यमित्र शुङ्गले ई. पू. १८५ मा शुङ्ग राज्यको संस्थापन गरेका थिए। यसरी मौर्य राजवंशको अन्त्य ई. पू. १८५ मा नै भइसकेको थियो। ईसवी छैठौं शताब्दीको अन्त्य र सातौं शताब्दीको प्रारम्भमा उत्तर भारतमा शक्तिशाली सम्राट् कोही नभएको एवं यत्रतत्र ससाना राज्यहरू वर्षाकालीन च्याउजस्तै उब्जेका थिए। यिनी त्यही ताकाका मगधको बुद्धगयातिर शासन हत्याउने पुरानो मौर्य वंशीय कुनै राजा हुन् कि ? फेरि, हर्षवर्धन र उनका समकालीन कामरूप (आसाम) का राजा भास्करवर्मनको बीचमा मैत्रीपूर्ण सम्बन्ध रहेको र हसुयन त्साङ्ग कामरूपमा गएको तथ्यबाट उहाँका राजाहरूको बौद्धधर्मप्रति आस्था रहेको बुझिन्छ। वा पूर्णवर्मा भास्करवर्मनभन्दा अगाडिका कामरूपका राजा हुनु पनि सम्भव छ।] द्वारा यसको पुनरुद्धार भयो। ... यसको डढाइएको जरामा सयवटा गाईको दूध छर्किएपछि यो पुनर्जीवीत भएर आयो। यो दश फीटसम्म अग्लो भयो। ..."

यसरी बोधिवृक्षको अस्तित्व बुद्धगयामा सातौं शताब्दीसम्म कायम रहेको तथ्य हसुयन त्साङ्गको विवरणबाट सिद्ध हुन्छ। उनले पनि बोधिवृक्षको रोचक वर्णन गरेका छन्।

हर्षवर्धनको मृत्युपछि उत्तर भारतमा गुप्त साम्राज्य बिलाउन लागेको समयको अर्थात् पाँचौं शताब्दीको अन्त्यताकाकै स्थिति दोहोरियो। यत्रतत्र अराजकता र दुर्व्यवस्था व्याप्त भए। शक्तिशाली सम्राट् वा अधिराजको अभावमा अनेकौं ससाना राज्यहरू देखापरे।



Downloaded from http://www.dhamma.digital

यिनीहरूको आपस्तमा लडन्तभिडन्त चलिरह्यो। त्यस वेलाको सम्पूर्ण उत्तर भारतको एकीकृत इतिहास ठम्याउनु सकिएको छैन। तर कलिङ्ग, गौड र कामरूप राज्यहरूको बीचमा चलेका तत्कालीन प्रतिद्वन्द्वात्मक कार्यवाहीहरूको सरोकार वोधिवृक्षसित नभएकोले सम्भवत: पूर्णवर्माले वौराएको वोधिवृक्षको फलिफाप निर्विघ्न रुपले हुँदैरह्यो होला।

ई. ७५० मा गोपालले गौडलाई हर्षवर्धनोत्तरकालीन अराजकताबाट मुक्त पारी त्यहाँ पाल वंशको संस्थापन गरेका थिए। सेन राजा विजय सेनले बाह्रौं शताब्दीको प्रारम्भिक कालमा पाल राज्यको पूर्वी भाग आफ्नो गौड राज्यमा मिलाए तापनि त्यो राज्य कमसे कम विहारमा साह्रोगाह्रो खप्दै ई. ११९७ सम्म अर्थात् मुसलमानी आक्रमण भएताकासम्म कायम रह्यो। पालहरू वौद्ध समर्थक भएकाले सम्भवत: त्यस वेलासम्म बुद्धगयामा कुनै विध्वंसकारी मार परेन।

बाह्रौं शताव्दीको अन्तिम दशकमा कुतुबुद्दीन ऐवक दिल्लीका राज्य-पाल भइरहेको बेला उनका सेनापति मुहम्मद खिल्जीले विहारमा हमला गरे। उनको आक्रमणको फलस्वरूप विहारमा पाल राज्यको अन्त्य भयो। वौद्ध विहारहरू ध्वस्त गरिए। वौद्धग्रन्थहरू जलाइए। वौद्ध श्रमणहरू या त मारिए या त उनीहरू प्रव्रजित जीवन परित्याग गर्न बाध्य भए। वुद्धधर्म उदाएको ठाउँबाटै अस्तायो पनि। यो घटना ई. ११९७ सालको थियो। विहार पतनको लगत्तै पछि गौड पनि मुसलमानी आक्रमणअन्तर्गत नष्टभ्रष्ट भयो र सम्भवत: त्यसै वेला वोधिवृक्ष पनि मासियो।



Downloaded from http://www.dhamma.digital

त्यस वेला मुसलमानहरूबाट नष्ट नगरिएको भए वा फेरि विउँताएको भए तापनि त्यो ऐतिहासिक बोधिवृक्षको इतिश्री तदनन्तरको लामो उपेक्षाबाट भएको हुनुपर्दछ ।

जे होस् तदुपरान्त साढे छ सय वर्षसम्म बोधिवृक्षको चर्चा वा वास्तासम्म पनि भएको देखिन्न ।

उन्नाइसौं शताब्दीको उत्तरार्धमा भारतीय पुरातत्व विभागका वृटिश अधिकारीहरूले बौद्धस्थल र बौद्धवस्तुहरूको खोजी गर्न थालेपछि वुद्धगया र वोधिवृक्ष फेरि चर्चामा आए ।

उक्त विभागका एकजना बृटिश अधिकारी जनरल कनिङ्हामले ई . १८७५ ताका उक्त बोधिवृक्ष सुकेको अवस्थामा देखेको कुरा उल्लेख गरेका छन् । उनको कथनानुसार त्यसको बचेखुचेको भाग पनि ई. १८७६ मा आएको आँधीले समाप्त गरिदियो ।

अनि त्यही साल कनिङ्हामले श्रीलङ्काको अनुराधपुरस्थित (सम्राट् अशोककै छोरी भिक्षुणी संघमित्राले ई. पू. २४७ सालमा श्रीलङ्कामा लगेको बोधिवृक्षकै हाँगाबाट हुर्केको) पीपल वृक्षबाट दुइटा जीवित हाँगा झिकाएर बुद्धगयास्थित त्यही मूल ऐतिहासिक थलामा प्रत्यारोपित गरे । यसरी बुद्धगयामा जुन पीपल वृक्ष आज हामीहरू देख्छौं त्यो अनुराधपुरीय पीपल वृक्षको हाँगाको जीवित सन्तति मात्र हो, वुद्धकालीन बोधिवृक्षवाट निरन्तर पलाइरहेको त्यसैको अङ्ग वा अवशेष होइन । तर मूल बोधिवृक्षको प्रत्यक्ष अवशेष नभए पनि यसलाई त्यसको सन्तानको पनि सन्तान होइन भन्न चाहिं किमार्थ मिल्दैन ।



Downloaded from http://www.dhamma.digital

वौद्ध धर्मले र बौद्धहरूले लामो ऐतिहासिक क्रममा जसरी उन्नति र अवनति वेहोर्नु परेको थियो बोधिवृक्षले पनि समयसमयमा सुख र दु:ख, सौभाग्य र दुर्भाग्य, उत्थान र पतन भोगिसकेको छ। यो पनि एउटा भाग्यको विडम्वना हो- मान्छेको जस्तै रूखको पनि।

अतीतमा जे जसो भए पनि राजकुमार सिद्धार्थलाई बुद्धत्व प्रदान गर्ने त्यो विलक्षण वोधिवृक्ष आफ्नो जीर्णशीर्ण शरीरलाई कैयन् पल्ट परित्याग गर्दै आज पनि स्थिर रूपले खडा भइरहेकै छ। केवल यो चोइटिएर दुई ठाउँमा मूल जन्मस्थल बुद्धगयामा र मूल वृक्षकै हाँगालाई आजसम्म अविछिन्न सजीवता प्रदान गर्दै रहेको श्रेयका भागी अनुराधपुरमा- अवस्थित भएको छ।

भाग्यवश अब त बोधिवृक्षको दशा सकिएको छ। अबउप्रान्त उसले अतीतका उथलपुथलहरू फेरि वेहोर्नु परोइन होला। नपरोस् पनि।

वोधिवृक्षसम्बन्धी हाम्रो प्रसंग टुङ्ग्याउनअगाडि एउटा घटनाको चर्चा गर्नु अप्रासङ्गिक होओइन जसवाट बोधिवृक्षमा मात्र होइन वुद्धत्वको प्राप्तिसित सम्वद्ध सम्पूर्ण स्थलमा नै भव्यता, मनोहारिता, धार्मिकता अनि सांस्कृतिक विपुलता थपिन गयो। त्यो पवित्र स्थललाई औँल्याउने चिन्ह बुद्धकालभर, मौर्यकालभर[1]

१ सम्राट् अशोककै राज्यकालमा बुद्धगयाको वज्रासन (वोधिपल्लङ्क) को भित्री परखाल यक्ष कलाकारहरूद्वारा निर्मित भएको थियो भनी तिव्वतका तारानाथ (ई. १५७३) ले लेखेका छन्।



Downloaded from http://www.dhamma.digital

कुशानकालभर र गुप्तकालसम्म पनि त्यही नागो बोधिवृक्ष एउटाबाहेक अरू केही थिएन । अनि बौद्धधर्म र इतिहाससम्बन्धी अधिकारी रिस डाभिड्सको कथनानुसार अमरसिंहले ई. ५०० ताका त्यस थलामा चैत्य, मूर्ति, मन्दिर, धर्मशाला आदि निर्माण गरे जसबाट बोधिवृक्ष लगायत त्यस थलाको गरिमा वा वैभव बढ्न गएको मात्र नभई शताब्दीयौँपछि त्यसको अवस्थिति पुनर्निर्धारण गर्नलाई समेत निकै सधाउ पुग्यो । अमरसिंहको मूल निर्माणको जीर्णोद्धार वा प्रबर्धन बेलामौकामा डढाउँदा, पुरिंदा उनको निर्माणका अनेकौं उत्तराधिकारीहरू पनि भए हुनन् ।

तर त्यो 'बोधिवृक्ष' र 'बुद्धत्व' प्राप्तिको त्यो वज्रासन स्थल– त्यो 'बोधिपल्लङ्कको एक मात्र अनुपम परिचायकको भूमिका अमर सिंहकै 'अमर कृति'-ले निर्वाह गऱ्यो भन्नु अत्यक्ति हुने छैन ।

- मधुपर्क, २०४५-१२-२० वैशाख-बाट साभार



Downloaded from http://www.dhamma.digital

# बुद्ध अस्थिको इतिहास

ई. पू. ४८३ साल वैशाख पूर्णिमाको मध्यरातको समय थियो, कुशीनगरका मल्लहरूको उपवर्तन नाउँको शाल उद्यानमा दुइटा रूखबीचको फेदमा ओछ्याइएको आसनीमा भगवान् बुद्ध उत्तर दिशातिर सिरान गरी सिंहशय्या अर्थात् दाहिने कोल्टाले लेटे। उनले ४५ वर्षसम्म यताउति घुमी जनतामा आफ्नो मानव-कल्याणकारी सन्देश सुनाइसकेका थिए। त्यसै दिन उनले आफ्नो उमेरको अस्सीयौं वर्प पनि पूरा गरेका थिए।

उनले आफ्नो अगाडि बसिरहेका भिक्षुहरूसित उनीहरूको शङ्का निवारण गर्न बाँकी कुरा केही छ कि भनेर सोधे। कसैको सोध्ने कुरो केही पनि बाँकी छैन भन्ने उत्तर भिक्षु आनन्दबाट पाएपछि उनले सबै भिक्षुहरूलाई सम्बोधन गर्दै भने, "हे भिक्षुहरू, अहिले तिमीहरूलाई आमन्त्रण गर्दछु। संस्कार भनेको व्ययधर्मा (खर्च हुने स्वभावको, नाशवान्) हो, अप्रमादले सम्पादन गर।" यो नै तथागतको अन्तिम वचन हो।

यही शब्द बोली बुद्ध ध्यानमा लीन भए। एक छिनपछि उनी ध्यानबाट के बिउँझेका मात्र थिए उनको परिनिर्वाण भैहाल्यो। त्यस बेला त्यहाँ उपस्थित सयौं भिक्षुहरूमध्ये वरिष्ठ भिक्षु अनुरुद्ध थिए। बुद्धका प्रमुख शिष्यहरू- सारिपुत्र र मौद्गल्यायनको निर्वाण केही समय अगाडि नै भैसकेको थियो। जीवित भिक्षुहरूमध्ये वरिष्ठ भिक्षु



Downloaded from http://www.dhamma.digital

महाकाश्यप त्यस वेला कुशीनगरदेखि टाढा थिए। उनी वुद्धभन्दा पनि वढी उमेरका थिए। उनको अनुपस्थितिमा अनुरुद्ध र आनन्द भिक्षुहरूले सम्भवत: वुद्धको शरीरको सम्वन्धमा अन्तिम निर्णय गर्न चाहेनन् र उनकै प्रतीक्षा गर्न लागे ।

विहान भएपछि बुद्ध परिनिर्वाण भएको खवर नगरवासीहरूकहाँ पुऱ्याइयो। उनीहरूले हूलका हूल आई बुद्धको शरीरमा फूलका माला चढाउँदै श्रद्धाञ्जलि अर्पण गरे । उनीहरूले सुगन्धित धूप, वत्ती, वाजागाजा सहित शवलाई कुशीनगरमा जात्रा गरी फेरि शालोद्यानमै राख्न ल्याए । त्यसरी नै बुद्धको मृत शरीरको जात्रा छ दिनसम्म गरिरहे । सातौं दिनमा भगवान्को मृत देहलाई ठूलो सजधजकासाथ नगरको पूर्वी ढोकावाट वाहिर लगियो र मल्लहरूको पवित्रस्थान मानिएको मुकुटबन्धन चैत्यमा पुऱ्याइयो । त्यहाँ भगवान्को मृत देहलाई थानका थान कपडा, कपासले वेरी तेलमा डुवाई चितामा हालियो ।

त्यसैवेला महास्थविर महाकाश्यप त्यस मुकुटवन्धन चैत्यमा आइपुगे। पावावाट फर्किरहँदा वाटैमा बुद्धको परिनिर्वाण भएको खवर सुनेर हतारिंदै आफ्ना पाँचसय अनुयायी भिक्षुहरूसहित त्यहाँ आएका थिए। उनले बुद्धको शरीरको तीनपल्ट परिक्रमा गरी शिरले वन्दना गरे, अन्तिम श्रद्धाञ्जलि चढाए। अनि उनका साथमा आएका भिक्षुहरूले पनि त्यसै गरे। त्यसपछि मात्र चितामा अग्नि संस्कार गरियो। चिता दनदन वल्यो ।



Downloaded from http://www.dhamma.digital

चिताको आगो निभेपछि हेर्दा एउटा उष्णीष (पगरी, शिर) धातु, चारवटा दन्तधातु, दुइटा अक्ष (घाँटीका) धातु र नजलीकन बाँकी रहेको कपडाको तहभित्र हाडका स-साना गोलाकार डल्लाहरू मात्र फेला परे । ती डल्लाहरू तीन थरी थिए - चामल आधी भएका कनिकाजत्रा, रायोका गेडाजत्रा र मुगीजत्रा जुन शरीर-धातु वा अस्थि-धातु कहलिएका छन् । ती तीन थरी गेडाका रंग पनि तीनै थरीका थिए– कनिका जत्रा गेडाहरू मोतीजस्तै सेता, मुगीजत्रा गेडाहरू सुनजस्तै पहेंला र रायो वा तोरीजत्रा गेडाहरू चाहिं चमेली फूलजस्तै सेता थिए ।

"उक्त शरीर-धातु जम्मा सोऱ्ह नालि भएको कुरा अर्थकथामा उल्लेख भएको पाइन्छ ... नाप्ने भाँडोलाई "तुम्ब" भनिन्थ्यो... तुम्बलाई "द्रोणी" पनि भन्दछन् । दुई नालिको एक तुम्ब वा द्रोणी हुन्छ । एक नालिको एक कुरुवा हुन्छ" । (भिक्षु अमृतानन्द बुद्धकालीन ब्राह्मण १, पृ. १४० ।) यस कथनानुसार बुद्धको अस्थि धातु जम्मा ३२ माना वा चार पाथीजति भएको थाहा हुन्छ ।

ती सबै अस्थि मल्लहरूले आफ्नो संस्थागार (संसद्-भवनजस्तो) मा लगेर सुनको भाँडामा सुरक्षाका साथ राखे । त्यसको पूजा ठूलो श्रद्धाका साथ गरिरहे ।

हाम्रा महिलाहरूले हातमा लाउने काँचका चुराका टुक्राहरू गोलको आगोमा पोल्दा पग्लेपछि गोलाकारका हुन्छन् । त्यस्तै तेलले वलेको कपडा, कपासको आगोको रापले उक्त हाडहरू पग्लेर



Downloaded from http://www.dhamma.digital

गोलाकार वने हुनन् ।

दाह संस्कार सकिएको सातौं दिनपछि मगधराज अजातशत्रुले कुशीनगरका मल्लहरूसमक्ष दूत पठाई यसो भन्न पठाए:- "भगवान् पनि क्षत्रिय हो, म पनि क्षत्रिय, म पनि भगवान्को शरीर (अस्थि) को पूजा गर्छु । म पनि भगवान्को शरीरको स्तूप वनाउँछु, पूजा गर्छु ।"

त्यसरी नै वैशालीका लिच्छवीहरू, अल्लकप्पका वुलयहरू, रामग्रामका कोलियहरूले र पावाका मल्लहरूले पनि आफूहरू क्षत्रिय भएको नाताले दूतहरूमार्फत यसो भने "भगवान् पनि क्षत्रिय हुन्, हामीहरू पनि क्षत्रिय हौं, भगवान्को शरीरको भागलाई हामीहरूले पनि पूजा गर्छौं, स्तूप वनाउँछौं, पूजा गर्छौं ।"

कपिलवस्तुका शाक्यहरूले पनि यसो भन्न पठाए:- "भगवान् हाम्रो जाति हो । भगवान्को शरीरको भाग हामीहरूले पनि पूजा गर्छौं । हामीहरुले पनि भगवान्का शरीरको स्तूप वनाउँछौं, पूजा गर्छौं ।"

वेठदीपका ब्राह्मणहरूले पनि यसो भन्न पठाए:- "भगवान् क्षत्रिय हुन्, हामीहरू ब्राह्मण हौं। भगवान्को शरीर भागको पूजा हामी पनि गर्छौं ..।"

यसरी कुशीनगरका मल्लहरूका शालोद्यानमा भगवान्को शरीर धातुको भाग पाउनाको लागि आएका सातवटा देश प्रदेशका प्रतिनिधिहरू एकत्रित भइरहे । ती संघ र गणका प्रतिनिधिहरूलाई



Downloaded from http://www.dhamma.digital

कुशीनगरका मल्लहरूले यसो भने :- "भगवान् हाम्रो ग्राम क्षेत्रमा परिनिर्वाण हुनुभएको हो , हामीहरूले भगवान्को शरीर धातु (अरूलाई) बाँड्न सक्दैनौं ।"

कुशीनगरका मल्लहरूको यस्तो जवाफले सभागणको चित्त बुझेन, तनाउको वातावरण छायो । बहस चर्किंदै गयो, लडाइँ मच्चिएला जस्तो स्थिति उत्पन्न भयो । त्यस सभामा द्रोण नामक एकजना प्रकाण्ड विद्वान् र बुद्ध घुम्ने गरेको इलाकाभरि निक्कै प्रभावशाली भएका ब्राह्मण पनि उपस्थित भए । पहिले कट्टर ब्राह्मणवादी भएका यी ब्राह्मणको बुद्धसित भएको एकदुई पल्टको छलफलबाट नै उनको जात्यभिमान नष्ट भैसकेको थियो र उनले बुद्धप्रति श्रद्धा गर्न लागेका थिए। यसबाहेक द्रोण ब्राह्मण यशस्वी मात्र होइनन् झण्डै समस्त जम्वूद्वीपका राजपरिवारहरु उनका शिष्यजस्तै थिए । "शायद यसैले होला उनले भगवान्का शरीर-धातुका लागि कुशीनगरका मल्लहरूका उद्यानमा झगडा हुन लागेको वेलामा सवैलाई सम्झाउन सकेको ।"

(भिक्षु अमृतानन्द-बुद्धकालीन ब्राह्मण १, पृ. १३९)

त्यस सभामा स्थिति विग्रिन लागेको देखेर त्यस द्रोण ब्राह्मणले सभासद्हरूसमक्ष यस्तो सुझाउ पेश गरे - "तपाईंहरू मेरो एक वचन सुन्नुहोस् । हाम्रो वुद्ध शान्तिवादी हुनुहुन्थ्यो । उत्तम पुरुपका शरीर भागको कारणले सम्प्रहार (युद्ध) हुनु यो राम्रो होइन । तपाईं हामी सवै एकछन्द र एकमत भई परस्पर प्रसन्न भई आठ भाग गरौं । धेरैजना



Downloaded from http://www.dhamma.digital

चक्षुमान् बुद्धप्रति प्रसन्न छन् । त्यसैले सबै दिशामा स्तूपको विस्तार होस् ।"

उपस्थित सभासद् सबैले भने, "त्यसो भए, हे ब्राह्मण, तपाईंले नै भगवान्को शरीर - धातु समान रूपले आठ भागमा विभाजन गरिदिनुहोस् ।"

"हुन्छ" भनी द्रोण ब्राह्मणले... शरीरधातु आठ भागमा बरावर विभाजित गरी संघगणसँग यस्तो अनुरोध गरे :- "तपाईंहरूले मलाई यो तुम्ब दिनुहोस्, म पनि यो तुम्ब राखी स्तूप बनाई महोत्सव गर्नेछु ।"

द्रोण ब्राह्मणलाई तुम्ब दिइयो ।

उनकै उपरोक्त सुझाउअनुसार अस्थिधातु आठ भाग लगाइयो । प्रत्येक टोलीले आ-आफ्नो भागको अस्थिधातु आ-आफ्नो देशमा लगेर त्यसलाई गर्भमा संस्थापित गरी स्तूप बनायो ।

पछि पिप्पलीवनका मोरिय (मौर्य)हरूको टोलीले पनि कुशीनगर आई अस्थिधातुको माग गऱ्यो । तर अस्थि धातु उपलब्ध हुन नसक्ने भएकोले उक्त टोलीले भगवान्को लाश दाह गरेको चिताको अङ्गार (गोल) लग्यो । त्यही गोल गर्भमा राखेर मौर्यहरूले पनि एउटा स्तूप वनाए ।

यसरी बुद्धको परिनिर्वाणको लगत्तै पछि भनेजसो मगधको राजगृहमा, लिच्छवीहरूको वैशालीमा, शाक्यहरूको कपिलवस्तुमा,



Downloaded from http://www.dhamma.digital

वुलयहरूको अल्लकप्पमा, कोलियहरूको रामग्राममा, ब्राह्मणहरुको वेठदीपमा, मल्लहरूको पावामा र मल्लहरूकै कुशीनगरमा गरी जम्मा आठवटा अस्थिधातु स्तूप एवं द्रोण ब्राह्मणको तुम्व (वा कुम्भ) स्तूप र मौर्यहरूको पिप्पलीवनस्थित अङ्गार स्तूप अस्तित्वमा आए ।

उपरोक्त विवरण महापरिनिर्वाणसूत्र, दीर्घ निकाय अर्थकथा, अङ्गुत्तर निकाय अर्थकथा आदि आधिकारिक वौद्ध ग्रन्थमा लेखिए अनुसारको हो ।

यस घटनापछि लामो समय नबित्दै तत्कालीन संघनायक महास्थविर महाकाश्यप अस्थिधातु यसरी छरिएर रहेमा तिनको राम्रो संरक्षण नहुने र कालान्तरमा ती आठवटा स्तूप भत्की पुरिई विर्सिने वढी सम्भावना देखेर चिन्तित भए । तसर्थ उनले मौका पाउनासाथ मगधराज अजातशत्रु (ई. पू. ४९१-४५९) सित भगवान्को अस्थिधातुको स्थायी संरक्षण गरिदिने अनुरोध गरे ।

यस सम्वन्धमा भिक्षु अमृतानन्दले यसो लेखेका छन्:- एकदिन महाकाश्यप महास्थविरले भविष्यमा ती धातुहरूको विघ्न हुने कुरा जानी राजा अजातशत्रुकहाँ गई "महाराज ! धातु निधान गर्नुपर्छ" भनी भन्नुभयो ।

"हुन्छ, भन्ते ! धातु निधान गर्ने काम मेरो जिम्मा भयो । तर भन्ते ! वाँकी धातुहरू कसरी ल्याउने त ?"

"महाराज ! धातुहरू ल्याउने कामको जिम्मा तपाईको



Downloaded from http://www.dhamma.digital

होइन । त्यो त हामीहरूको हो ।"

"हुन्छ त भन्ते ! त्यसो भए तपाईंहरूले धातुहरू ल्याउनुहोस्, म निधान कार्य गर्नेछु ।"

तदनुसार सय वर्ष नाघिसकेका महाकाश्यपले उपरोक्त आठवटा प्रारम्भिक अस्थिधातु स्तूपमध्ये कोलिय शाक्यहरूको रामग्रामस्थित एउटा अस्थिधातुलाई छाडी अरू सातै ठाउँमा राजकुलमा पुगी तद्तद् स्थानमा पूजाआजाको निमित्त चाहिने जति अस्थि बाँकी राख्न लगाई बाँकी राजगृहमा ल्याए ।

त्यस बेला रामग्रामस्थित स्तूपलाई "नाग"हरू ["नाग" शब्दको अर्थ (१) नाग, सर्प, (२) नाग जातिको मानिस, (३) "संयमी" भिक्षु पनि हुन्छ] बाट रक्षा गरिएकोले त्यसबाट अस्थि झिकिएन । कारण चाहिँ उक्त अस्थि नागहरूबाट घेरिएकोले त्यहाँ जान नसकिएको वा ठाउँ पत्ता लाउन नसकिएकोजस्तो पनि देखिन्छ । तर यसबारे महावंशमा के लेखिएको छ भने त्यस स्तूपभित्रको अस्थिपछि खोलाले बगाई नागहरूको हातमा पर्ने र तिनीहरूबाट पनि फुत्काएर लङ्कामा लगिने भविष्य थाहा पाएर महाकाश्यपले उहाँको अस्थिधातु लिन पठाएनन् ।

राजगृहमा राजा अजातशत्रुले पनि अस्सी हात गहिरो खाडलमा आठवटा स्तूप बनाउन लगाएर हरिचन्दन काठबाट बनाइएका आठवटा म-माना मूल सन्दूकलाई तामा, फलाम आदि धातुबाट बनाइएको दोस्रो तेस्रो सन्दूकभित्र राख्न लगाए । सात ठाउँबाट ल्याइएका



Downloaded from http://www.dhamma.digital

अस्थिधातुबाट केही झिकेर छुट्टाछुट्टै ती सातैवटा सन्दूक समूहभित्र रहेको उपरोक्त सानु काठको मूल सन्दूकभित्र राखिए । बाँकी सातै ठाउँको अस्थिधातु एकै ठाउँमा मिसाएर आठौं समूहको मूल सन्दूकभित्र हालियो । त्यसपछि एकएकवटा सन्दूक समूह एकएकवटा स्तूपभित्र राखी बन्द गराए । ती स्तूपहरूमाथि एकएकवटा घर पनि बनाउन लगाए । ती घरका ढोकामा ताला बन्द गरी तिनको साँचो चुकुलको डोरीमा झुण्ड्याउँदै राजा अजातशत्रु खाडलबाट बाहिर निस्के । त्यसपछि त्यस खाडललाई माटो, बालुवा आदिले पुर्दै सम्याइयो र त्यहाँ परखालले घेरिएको ढुङ्गाको एउटा चैत्य निर्माण गरियो ।

यसरी सात ठाउँमा छरिएका अस्थिधातुको एकै ठाउँमा निधान गरियो । यसको केही समयपछि बुद्धका ती महान् शिष्य महाकाश्यपको एक सय बीस वर्षको उमेरमा निधन भयो जसले बुद्धको अस्थिधातुको मात्र होइन बुद्धको निर्वाणको लगत्तैपछि प्रथम संगायनको आयोजना गरेर वुद्धका अमूल्य सन्देशहरुलाई विनय पिटक र सूत्र पिटकको रूपमा लिपिबद्ध गर्न आधार तयार गरी पछि सदाको लागि संरक्षण समेत गरिदिए ।

दुई सय वर्ष जतिपछि सम्राट् अशोक (ई. पू. २६५-२२८) ले राजा अजातशत्रु (ई. पू. ४९१-४५९) ले बनाउन लगाएको अस्थिधातु निधान चैत्यबारे सुनेर त्यसको खोजी गर्न लगाए । धेरै सोधपुछपछि सम्राट् अशोकले सय वर्ष नाघिसकेको एकजना वृद्ध भिक्षुबाट उनी सानो हुँदा आफ्नो वूढा गुरुले वताएअनुसारको राजा अजातशत्रुले बनाएको



Downloaded from http://www.dhamma.digital

उपरोक्त अस्थिधातु निधान चैत्य निर्माणसम्वन्धी वयान सुनेकै आधारमा खोजी गर्न लगाई उक्त चैत्यको थलो भेट्टाए । त्यसपछि सम्राट्ले रामग्राम स्तूपको अस्थिधातु पनि लिन पठाउने विचार गरेका थिए, तर क्षीणास्रव यति (ऋपिमुनि)हरूले रामग्रामको अस्थिधातु लङ्काकामा स्थापित हुने भविष्यको कुरा देखाए पछि उनले रोक्न लगाए भनेर महावंश (३१ सौं पच्छिेद, श्लोक २०-२४) मा लेखिएको छ । सम्राट् अशोकले राजगृहबाट झिकेको अस्थिधातु गर्भमा हालेर साम्राज्यभर ८४,००० चैत्य बनाए । त्रिपिटकमा जम्मै गरेर ८४,००० (चौरासी हजार) गाथा भएकोले त्यसैको प्रतीक ८४,००० वटा चैत्य बनाउन लगाए । सम्राट्ले आफ्नी छोरी संघमित्राका छोरा सुमन श्रामणेरको हातवाट भगवान् बुद्धको पिण्डपात्रभरि अस्थिधातु र दाहिने घाँटी हाड लङ्का पठाए ।

लङ्काका तत्कालीन राजा देवानांप्रिय तिप्य (ई. पू. २४७-२०७) ले वुद्धको पिण्डपात्र चाहिं आफ्नै सुन्दर राजमहलमा संस्थापित गरे । त्यहीं त्यस पिण्डपात्रको अनेक प्रकारका पूजासामानले पूजा भइरहचो । दाहिने धाँटी हाड र पिण्डपात्रको अस्थिधातु निधान गर्नाको लागि महेन्द्र स्थविर (सम्राट् अशोकका छोरा भिक्षु भई लङ्कामा वुद्ध धर्म प्रचार गर्न गएका) को सुझाउअनुसार राजधानी अनुराधपुरमा धानको थुम्कोजस्तो आकार आउने गरी वनाइएको स्तूपमा एउटा भव्य समारोहवीच निधान गरियो । त्यस स्तूपनिर पछि एउटा ठूलो विहार निर्माण गरियो र त्यस बेलादेखि त्यो ठाउँ स्तूपाराम (थूपाराम)



Downloaded from http://www.dhamma.digital

विहारले विख्यात भयो। राजा तिष्यले अरू पनि धेरै चैत्य, विहारहरू निर्माण गरे। यी सब काम उनले आफू गद्दीनसिन भएको पहिलो वर्ष (ई. पू. २४६) मा सम्पन्न गरेका थिए। महावंश (बीसौं परिच्छेद, श्लोक १०-११) अनुसार राजा तिष्यले भगवान् बुद्धको पिण्डपात्रमा रहेको अस्थिधातुमध्ये केही अनुराधपुरमा योजनयोजनको फासलामा विहारसहित निर्माण गरेका स्तूपहरूमा पनि प्रतिस्थापित्त गरे।

त्यस घटनाको करिब डेढसय वर्ष जतिपछि देवानांप्रिय तिष्यकै कुलमा श्रीलङ्कामा अभय नामका एकजना प्रतापी राजा भए। यिनी दुष्टग्रामणी (ई. पू. १०१-७७) नाउँले बढी प्रख्यात भए। यिनले अनुराधपुरको रुवनवैलि भनिने ठाउँमा एउटा भव्य स्तूप बनाए। त्यसको गर्भमा राख्न पवित्र अस्थिधातुको खाँचो पऱ्यो। यसबारे उनले संघका अधिकारी भिक्षुहरूसंग सल्लाह लिए। संघले रामग्रामबाट धातु ल्याउने ठहर गऱ्यो। रामग्रामको स्तूपबाट त्यस बेलासम्म पनि अस्थि नझिकिएको कारणले नै श्रीलङ्काको भिक्षु संघले यस्तो अठोट गरेको हुनु पर्दछ। त्यहाँवाट अस्थि ल्याउने काम सोणुत्तर यतिलाई सुम्पियो। महावंशमा वर्णित यहाँसम्मको विषय स्वाभाविक भए पनि यसपछिको घटनाले काल्पनिक कथाको रूप लिएको छ।

ती सोणुत्तर यति ऋद्धिबलले श्रीलङ्काबाट तुरुन्तै नागलोक पुगेको र अस्थिधातुको लागि नागराजासँग गन्थन भएको कुरा आउँछ। रामग्रामको अस्थिधातु लिन सोणुत्तर यति रामग्राम नगई नागलोक गएको कारणवारे यसो लेखिएको छ, "रामग्रामको स्तूप



Downloaded from http://www.dhamma.digital

गङ्गाको किनारमा बनेको थियो, नदीमा बाढी आउँदा त्यो भत्कियो। तीजलो धातु राखिएको सन्दूक समुद्रमा डुबेर पानी दुई भागमा बाँडिएको ठाउँमा ... नागहरूले देखेर राजा कालनागलाई निवेदन गरे। राजाले ... त्यो धातु ... आफ्नो भवनमा लगेर स्तूप बनाएर राखे ...."।

नागलोक पुगेर सोणुत्तर यतिले अस्थिधातु माग्दा नागराजले दिएन। उसले आनाकानी र चालबाजी गर्न लाग्यो। आखिर केही नलागेर यतिले आफ्नो ऋद्धिबल प्रयोग गरेर उक्त अस्थिधातु फुत्काएर श्रीलङ्का लगेको बारे एउटा लामो कथा नै दिइएको छ। त्यस कथाअनुसार त्यसरी बाढीले बगाएको अस्थिधातुलाई सोणुत्तरले श्रीलङ्का पुऱ्याएपछि धातुहरणबाट दुःखी भएका नागहरू लङ्का पुगेर भिक्षु संघको अगाडि रुनकराउन लागे। संघले तिनीहरूमाथि अनुकम्पा देखाएर अलिकता अस्थिधातु दियो। त्यसलाई नागहरूले नागलोकमा लगेर पूजा गरिराखे।

अनुराधपुरमा त्यस अस्थिको धूमधामसँग स्वागत र पूजाआजा भयो। अनि ठूलो महोत्सवको बीच राजा दुष्टग्रामणी (ई. पू. १०१-७७) अनुराधपुरको रुवनवलिमा बनाउन लगाएको महास्तूपको गर्भमा त्यो अस्थिधातु विधिपूर्वक निधान गरियो। त्यस अस्थिधातुलाई बुद्ध परिनिर्वाण हुँदा जसरी दायाँकोल्टाबाट लेटेका थिए ठीक त्यही आसनको नक्कल गरी खाटमा लेटाएर निधान गरियो। यो अस्थिधातुको प्रतिष्ठा आषाढ पूर्णिमा उपोसथको दिन उत्तराषाढा नक्षत्रमा गरिएको



Downloaded from http://www.dhamma.digital

थियो। सात दिनसम्म उक्त धातु दर्शनको लागि खुला राखियो। त्यसपछि उक्त अस्थिधातुको गर्भ वन्द गरियो। त्यो स्तूप स्वर्णमाली (हेममाली वा हेममालक) चैत्यको नाउँले प्रसिद्ध छ। यो विवरण महावंशमा दिइएअनुसारको हो।

यी घटना भए ई. पू. प्रथम शताव्दीका। त्यस्ता वौद्ध स्मारकहरूले झकिझकाउ भएको त्यो प्राचीन अनुराधपुर कुन वेला नष्टभ्रष्ट भयो, ध्वंसावशेषमा परिणत भयो श्रीलङ्काको सामान्य इतिहासबाट थाहा हुँदैन। श्रीलङ्कालाई शताब्दीयौंसम्म वुद्ध धर्मको महत्त्वपूर्ण केन्द्र तुल्याइराख्ने ती स्तूप, विहारहरू कहिले, कसरी पुरिए र कालान्तरमा विर्सिए भन्ने खोजी गर्नु ऐतिहासिक अनुसन्धानको विषय भैसकेको छ।

जे होस्, उन्नाइसौं शताव्दीको अन्त्यतिर र वीसौं शताव्दीको शुरूतिर श्रीलङ्का देशका ठाउँठाउँमा पुरातात्विक अनुसन्धान, उत्खनन हुँदा ती प्राचीन स्तूप र विहारका अवशेषहरू भेटिए, चिनियाँ यात्री (ई. ४१०-१३) फा हसिनले प्रदान गरेका चिनियाँ उपहारका वस्तुहरू पनि पाइए। केही स्तूपमा अस्थिधातु साबुद रहेकै पत्ता लाग्यो।

यसरी अनुराधपुरस्थित रत्नमाली चैत्यको जीर्णोद्धार गर्दा केही अस्थिधातु भेटिए। त्यसबाट झिकिएका केही अस्थि हरमायन्स नाउँ भएका श्रीलङ्कानिवासी सज्जनले पाए, जुन उनले आफूकहाँ ठूलो श्रद्धाका साथ सुरक्षित राखे। उनको मृत्युपछि उनकी श्रीमतीले आफूसित रहेको उक्त अस्थिधातुमध्येवाट केही कोलम्बोस्थित वजिराराम विहारको लागि



Downloaded from http://www.dhamma.digital

प्रदान गरिन् । यसरी वजिराराम विहारमा पनि अस्थिधातु रहन आयो ।

अब काठमांडौं उपत्यकामा अस्थिधातु ल्याइएको घटनातिर लागौं । वि. सं. २००१ साल श्रावणमा तत्कालीन राणा सरकारले उपासक-उपासिकाहरू भेला गराई गरिआएको वुद्ध पूजा, धर्म-देशना रोक्नू भन्ने सरकारी आदेश पालन गरेनन् भन्ने निहुँमा भिक्षुहरूलाई देशनिकाला समेत गऱ्यो । त्यसरी थेरवाद बुद्ध धर्ममाथि लगाइएको प्रतिबन्ध हटाउन र भिक्षुहरूलाई फेरि देशभित्र बस्न दिन नेपाल सरकारलाई अनुरोध गर्ने उद्देश्यले श्रीलङ्कामा बसिरहेका भिक्षु अमृतानन्दको सुझाउअनुसार श्रीलङ्काबाट नारद महाथेरको नेतृत्वमा एउटा धार्मिक शिष्ट मण्डल वि. सं. २००३ साल पुस (ई. १९४६ डिसेम्बर) मा काठमाडौंमा आएको थियो । उनकै सल्लाहअनुसार कोलम्बोस्थित वजिराराम विहारका महास्थविर नारद थेरले उक्त विहारमा रहेको अस्थिधातु दुई टुक्रा पनि नेपालको लागि भनेर साथै ल्याएका थिए । उक्त शिष्टमण्डलले यहाँ श्री ३ महाराज पद्मशमशेरसँग भेटेर "वुद्ध जन्म भएको देशमा नै वौद्ध भिक्षुहरू वस्न नपाउनु, बुद्धधर्म प्रचार गर्न नपाउनु साह्रै नसुहाउँदो स्थिति हो" भनेर जाहेर गरे । त्यसै सिलसिलामा नारद थेरले आफूले लिएर आएको उक्त अस्थि महाराजमा उपहारस्वरूप अर्पण गरे । फलस्वरूप महाराजले वि. सं. २००१ सालमा निकालेर पठाएका भिक्षु श्रामणेरहरूलाई यहाँ आउन दिने, बुद्ध धर्म प्रचार गर्न दिने र वैशाख पूर्णिमाको दिन सार्वजनिक विदा दिने हुकुम दिए । उक्त अस्थिको सम्वन्धमा महाराजले "यस्तो



Downloaded from http://www.dhamma.digital

पवित्र वस्तु घरमा होइन, विहारैमा राख्नु वेस हुन्छ" भन्ने राय प्रकट गरे। तदनुसार उक्त अस्थिधातु आनन्दकुटी विहारस्थित श्रीलङ्काराम चैत्यको फेदमा वनाइएको सुरुङ्गभित्र निधान गरियो।

त्यसै बेलादेखि उक्त अस्थि प्रत्येक वर्प वैशाख पूर्णिमाको दिन विहान बाहिर निकालेर श्रद्धालु भक्तजनहरूको दर्शनार्थ प्रदर्शन गरिने र चारचार वर्षमा उक्त अस्थिलाई श्रीघः विहार नघलदेखि वाजागाजा, धूपवत्तीसहित ठूलो जनसमूहले जात्रा गरेर आनन्दकुटी विहारमा राख्न लैजाने परम्परा पनि बसालियो। वि. सं. २०१३ सालताका गरिएको यस्तै जात्राको सिलसिलामा एक टुक्रा अस्थि चाहिं श्रीघः विहारमा पूजा गर्न छरिएका चामलसित मिसिएर हरायो। त्यसवेलादेखि श्रीलङ्काराम चैत्यमा एक टुक्रा मात्र अस्थि बाँकी रह्यो।

यहाँनिर के कुरा स्मरणीय हुन्छ भने हामीहरूले भगवान् वुद्धको जन्म हाम्रै देशको भूभाग लुम्विनीमा भएको थियो भनेर जति गौरव गरे पनि वा धाक लाए पनि वि. सं. २००३ सालसम्म हाम्रो देशमा एक टुक्रा पनि अस्थिधातु थिएन। श्रीलङ्कादेखि उक्त अस्थिधातु ल्याइदिएर नारद महाथेरले हाम्रो लागि ठूलो पुण्य गरेका थिए।

बीस वर्षजति पछि वि. सं. २०२४ (ई. १९६४) सालमा भिक्षु सुमङ्गलले अर्को एक टुक्रा अस्थिधातु श्रीलङ्कावाटै यहाँ ल्याए जुन तत्कालीन श्री ५ युवराजाधिराज (वर्तमान श्री ५ महाराजाधिराज) को वाहुलीवाट गण महाविहारमा निधान गरियो। यो अस्थि भिक्षु सुमङ्गलले



Downloaded from http://www.dhamma.digital

अनुराधपुर, रुवनवैलिस्थित हेममाली (स्वर्णमाली वा हेममालक पनि भनिने) स्तूपबाट ल्याएका थिए। त्यस स्तूपमा प्रतिस्थापित एक द्रोणी (भराइ नापो विशेष, चारमाना जति) अस्थिधातु चाहिं महावंश अनुसार राजा दुष्टग्रामणी (ई. पू. १०१-७७) को राज्य कालमा सोणुत्तर यतिले नागहरूकहाँबाट श्रीलङ्का लगेका थिए। उक्त अस्थि कोलियराज्य रामग्रामस्थित अस्थिधातु स्तूपको हुनु सम्भव छ। यसरी महावंशमा दिइएको विवरणलाई मान्यता दिइएमा हाल गणविहारमा राखिएको अस्थि रामग्राम स्तूपकै हुनु पर्छ। सं. २०२९ सालमा भिक्षु विमलानन्दले श्रीलङ्काबाट ल्याएको एउटा अस्थि पाल्पा, तानसेनस्थित आनन्द विहारमा राखिएको छ।

गणविहारस्थित यो अस्थिधातु पनि पर्वपर्वमा दर्शकहरूको लागि प्रदर्शन गर्ने गरिन्छ। वि. सं. २०५० साल असार २४ गते विहान सवेरै आनन्दकुटी विहारमा ठूलो खलबली मच्चियो। "त्यहाँ श्रीलङ्काराम चैत्यको मुनि सुरुङ्गमा राखिएको अस्थि अघिल्लो रात नाटकीय ढङ्गले चोरियो" भन्ने खबर तुरुन्तै उपत्यकाभरि फिंजियो। आनन्दकुटी विहारमा त झन् ठूलो हलचल मच्चियो, प्रहरीहरू आए, घटना स्थलको अनुसन्धानात्मक परीक्षण गरियो। विहारनिवासी भिक्षु एवं अरू सम्बन्धित व्यक्तिहरूसित पनि सोधपुछ गरियो। वयान लिइयो। सुरुङ्गभित्र पस्ने ढुङ्गाहरू हटाइएको, ताल्चा फोरिएको, अस्थि राखिएको भाँडाको बिर्को बाहिर जङ्गलमा फ्याँकिएको आदि देखियो। तर चोरहरू भने अहिलेसम्म फेला पार्न सकिएको छैन, अस्थि त झन् टाढाकै कुरा भयो। अस्थि हराउनु हाम्रो लागि ठूलो दुःखको कुरो



Downloaded from http://www.dhamma.digital

हो । तर दुई वर्ष बित्न लाग्दा पनि त्यसको अत्तोपत्तो नहुनु, चोरहरू फेला नपर्नु झन् ठूलो दु:खको कुरो हो ।

उपरोक्त हराएको अस्थि छिट्टै फेला नपरेपछि काठमाडौंस्थित भिक्षु र उपासकहरूले आनन्दकुटीजस्तो प्रमुख विहारमा लामो समयसम्म अस्थि खाली नराख्ने विचारले अर्को अस्थि श्रीलङ्काबाटै ल्याउने अठोट गरे । तदनुसार भिक्षु मैत्री त्यसै कामको लागि दुईपल्ट लङ्का पुगे । फलस्वरूप श्रीलङ्काबाट नेपालको लागि पाँच टुक्रा अस्थि धातु उपलब्ध भयो । यस अस्थिधातु सरकारी स्तरमा आदान-प्रदान गर्ने ठहरअनुसार श्रीलङ्काका सरकारको तर्फबाट कोलम्बोस्थित धम्मपालाराम विहारका भिक्षु अनुनायक महाथेर कोतुगोद धम्मवासले श्रीलङ्काका एकजना मन्त्रीको उपस्थितिमा नेपालका राज्यमन्त्रीलाई हस्तान्तरण गरिदिए । उपरोक्त औपचारिक हस्तान्तरणपछि भिक्षु कोतुगोद धम्मवासकै साथमा उक्त अस्थि नेपालमा ल्याइयो । वि. सं. २०५१ साल असार ५ गते दिउँसो उपरोक्त पाँच टुक्रा अस्थिधातु त्रिभुवन अन्तर्राष्ट्रिय विमानघाटबाट काठमाडौं शहरमा पुग्नेबित्तिकै विशाल जन-समूहले ठूलो श्रद्धाका साथ जात्रा गरेर आनन्दकुटी विहारमा पुऱ्याए । आनन्दकुटी विहारमा पुगेपछि अस्थिधातु श्रीलङ्कादेखि साथैमा लिइआउने श्रीलङ्काका भिक्षु कोतुगोद धम्मवासले आनन्दकुटी विहार, श्रीलङ्काकाराम चैत्यमा निधान गर्ने भनी अनुराधपुर, जेतवनारामबाट ल्याइएका तीन टुक्रा अस्थिधातु संघ उप-नायक भिक्षु अनिरुद्धलाई र लुम्बिनीमा निधान गर्न भनी कोलम्बोस्थित धम्मपालारामबाट ल्याइएका दुई टुक्रा अस्थिधातु भिक्षु मैत्रीलाई पुन:



Downloaded from http://www.dhamma.digital

औपचारिक रूपले हस्तान्तरण गरे ।

भिक्षुणी यशोधराको पवित्र अस्थिधातु थाइलाण्डका संघ-र ाजा सोमदेत फ्रा ञाणसंवरवाट सं. २०५२ सालमा मार्ग २ गते श्रीकीर्ति विहार, कीर्तिपुरलाई प्राप्त भएको थियो जुन एउटा समारोहको वीच हस्तान्तरित गरिएर त्यस विहारमा निधान गरिएको छ ।

यसरी आनन्दकुटी विहारमा हाल राख्न ल्याइएका तीन टुक्रा अस्थिधातु चाहिं डि. वि. संघे नाउँका सज्जनले अनुराधपुरमा उत्खनन हुँदा आफ्ना पुर्खाहरूले पाएको अस्थिधातुवाट जेतवनाराम विहारलाई पूजार्थ प्रदान गरेको केही अस्थिमध्येकै हुन् । यहाँको श्रीलङ्काराम चैत्यमा करिव एक वर्षपछि फेरि अर्को अस्थिधातु निधान गरियो ।

नेपालमा अहिलेसम्म श्रीलङ्कावाट जम्मा तीनपल्ट अस्थिधातु ल्याइएका छन् - पहिलोपल्ट वि. सं. २००३ सालमा दुई टुक्रा जुन आनन्दकुटी, श्रीलङ्काराम चैत्यमुनि राखिएका थिए र हाल दुइटै हराइसकेका छन् । दोस्रोपल्ट वि.सं. २०२४ सालमा एक टुक्रा, जुन गणविहारमा निधान गरिएको छ । तेस्रोपल्ट सं. २०२९ सालमा ल्याइएको एक टुक्रा पाल्पामा तथा चौथोपल्ट ... (सं. २०५१ सालमा) ल्याइएका वि. सं. २०५१ सालमा पाँच टुक्रा जसमध्ये तीन टुक्रा श्रीलङ्काराम चैत्य, आनन्दकुटीमा र दुई टुक्रा लुम्विनीमा हालै निधान गरिए ।

यी भए वाहिरवाट यस शताव्दीमा हाम्रो देशभित्र अस्थिधातु भित्र्याइएको कुरो । जहाँसम्म वुद्धको परिनिर्वाणको लगत्तैपछि वनेका प्रारम्भिक आठवटा अस्थिधातु स्तूप छन् तीमध्ये कोलिय शाक्यहरूले



Downloaded from http://www.dhamma.digital

रामग्राममा बनाएको स्तूप र कपिलवस्तुका शाक्यहरुले कपिलवस्तुमा कतै वनाएको स्तूप हाम्रो देशको भूभागमा हुनुपर्दछ। बुद्धको अस्थिधातु वा अस्थिधातु स्तूपको सम्वन्धमा यी दुई स्तूपको चर्चा पनि यहाँ हुनु आवश्यक छ।

पहिले, रामग्राम स्तूपकै कुरा गरौं। प्राचीन कोलिय राज्य अर्थात् देवदह हाम्रो वर्तमान रूपन्देही (रुम्मिनदेइ, लुम्बिनीदेवी) जिल्लाको रोहिणी र बघेला नदीको पूर्वी किनारस्थित बघौर तप्पादेखि महाब नदीपारि परासीको केही इलाकासम्मको क्षेत्रमा पर्दछ। तसर्थ हाल परासीको झरही नदीको किनारमा विद्यमान रहेको भग्नावशेषको थुम्को अवश्य पनि प्राचीन रामग्रामको स्तूप हो जसको उल्लेख चिनियाँ यात्री ह्सुयन त्साङ्गले पनि गरेका छन्। ई. ६३६-७ सालताका उनी कपिलवस्तु, लुम्बिनीबाट रामग्राम पनि पुगेका थिए। त्यस बेला उनले प्राचीन रामग्राम र उपरोक्त अस्थिधातु स्तूप पनि देखेका थिए। त्यहाँ आफूले देखेका कुराबारे उनी लेख्छन्, "... यस रामग्रामको आबादी पातलो थियो। त्यस पुरानु शहरको पूर्वतिर सय फिटभन्दा अग्लो ईंटको एउटा स्तूप थियो। तथागतको निर्वाणपछि यस देशका राजाले उहाँको अस्थिधातुको एक भाग पनि पाए। आफू घर फर्केपछि यिनले उक्त अस्थिधातुको लागि यो स्तूप वनाएका थिए ... यसको साथै एउटा पोखरी थियो। त्यहाँ एउटा ड्रायगन (सर्प, नाग) वस्थ्यो। ऊ त्यस स्तूपलाई घेरेर वस्थ्यो ... यहाँ जङ्गली हात्तीहरू आउँथे ... यसको नगिचै विहार थियो ..." त्यस ठाउँको शय "लि" पूर्व उनले एउटा अशोक स्तम्भ देखेको कुरा पनि लेखेका छन्। यसपछि त्यस स्तूपको



Downloaded from http://www.dhamma.digital

वा रामग्रामकै अवस्था के कस्तो भयो, कसरी र कहिले ध्वस्त भयो त्यसको ऐतिहासिक विवरण भेटिएको छैन ।

तर रामग्रामसम्वन्धी महावंशमा दिइएको विवरण ऐतिहासिक नभई केवल पौराणिक कथा मात्र भए त परासीस्थित उपरोक्त थुम्काको सरोफेरोमा प्राचीन अस्थिधातु जम्मै नै पुरिएर रहेको हुन सक्छ । सो विवरण ऐतिहासिक घटनै भए पनि त्यस स्तूपमा पूजार्थ छाडिएको केही अस्थि अवश्य बाँकी हुनुपर्छ ।

यहाँनिर महावंशमा उल्लिखित "गङ्गा" र "नाग" शब्दको अर्थ पनि विचारणीय छ । पालि भाषामा "गङ्गा" शब्द नदीको सामान्य अर्थमा पनि प्रयुक्त हुन्छ । तसर्थ उपरोक्त "गङ्गा" शव्दले भारतको नदी गङ्गाजीलाई नभई नेपालको रूपन्देही र परासी वीच वग्ने झरही नदीलाई संकेत गरेको बुझिन्छ । संस्कृत कोशमा "नाग" शब्दको अर्थ सर्प, हात्ती आदि हुन्छ । बौद्ध वाङ्मयमा "संयमी" को अर्थमा पनि "नाग" शव्द प्रयोग गरिन्छ । भिक्षुको साथ पनि नाग शव्द प्रयोग गरिन्छ । महावंशमा "भिक्षुनाग" भन्ने शव्द प्रयोग गरिएको छ । नेपालका स्वयम्भू पुराण र अन्य पौराणिक कथाहरूमा पनि नाग र मानिसहरूको वीच सङ्घर्ष र सहयोग भएका कथाहरू मनग्गे छन् । ह्सूयन त्साङले पनि रामग्राम स्तूपमा ड्रायगन (नाग) र हात्तीको उपस्थितिको चर्चा गरेका छन् । महावंशमा पनि नागहरूको चर्चा छ ।

अव कपिलवस्तुका शाक्यहरूले पाएको अस्थि भाग प्रतिस्थापित गरेर वनाएको स्तूपवारे विचार गरौं । प्राचीन कपिलवस्तु राज्यको



Downloaded from http://www.dhamma.digital

-तिलौराकोट क्षेत्र हो भनेर सिद्ध गरिएकै छ। (पि. सि. मुखर्जी-"अ रिपोर्ट अन् अ टुअर अफ् एक्सप्लोरेशन अफ् दि आयन्टिक्विटिज् इन द तराई, नेपाल" ई. १९०१, कलकत्ता) । तसर्थ प्राचीन शाक्यहरूले आफूहरूले पाएको अस्थिधातु स्थापित गरेर वनाएको स्तूप वा त्यसको अवशेष यसै क्षेत्रमा कतै हुनुपर्दछ। पछि भिक्षु महाकाश्यपले यहाँको अस्थि सम्राट् अजातशत्रुले राज-गृहमा निर्माण गरेको अस्थिधातु निधान चैत्यमा राख्न लगे पनि पूजाको लागि छाडेको केही अस्थि त बाँकी नै थियो ।

यहाँनिर भारतको पुरातात्विक सर्वेक्षण विभागले उपरोक्त प्रतिवेदन प्रकाशित गर्नुअगाडि ई. १८९७-९८ सालमा तौलिहवा - तिलौराकोट क्षेत्रमा गरेको उत्खननको पनि चर्चा विषयसङ्गत हुन्छ। उपरोक्त उत्खननको क्रममा डा. फुहररले सगरहवामा कैयन् स्तूपका अवशेषहरू भेट्टाएका थिए। तर उनले त्यहाँ जथाभावी उत्खनन गरी त्यस ठाउँलाई सदाको लागि ध्वस्त पारिदिए जसको निमित्त उनलाई भि. स्मिथ, पि. सि. मुखर्जी, डा. पेप्पे, देवला मित्रा आदिले उनको कडा शव्दमा भर्त्सना गरेका छन्। त्यस बेला त्यहाँ अस्थिधातु, सुन र चाँदीका नागहरू, सुनका टुक्राहरू, किमती पत्थर, अछेता, धनुपवाण, वञ्चरो, त्रिशूल आदि सामानहरू पनि भेटिएका थिए । अस्थि धातु सहितको माटाको भाँडालगायत अरू दुर्लभ वस्तुहरू पनि फुहररले साथै लगेका थिए ।

यसै सिलसिलामा सम्राट् अशोक ई. पू. २४५ सालताका



Downloaded from http://www.dhamma.digital

लुम्बिनी कपिलवस्तु क्षेत्रमा तीर्थाटन गर्न आएको बेला बुद्धको जीवनका महत्त्वपूर्ण घटनासित सबद्ध ठाउँहरूमा निर्माण गरेका कैयन् चैत्यहरूमा पनि अस्थिधातु रहिआएको हुनु सम्भव छ। त्यस क्षेत्रको विस्तृत र वैज्ञानिक अन्वेषण, उत्खनन हुन सकेमा अन्य धेरै तथ्यहरू प्रकाशमा आउने नै छन्। यो भयो पछि थाहा हुन सक्ने कुरो। तर अहिले पनि के भन्न सकिन्छ भने त्यस क्षेत्रमा अस्थिधातुहरू जमिनमुनि पुरिएको हुनुपर्छ।

जहाँसम्म काठमाडौं उपत्यकामा अस्थिधातुको पहिलो आगमनको कुरो छ त्यो ई. १९४६ डिसेम्बर (वि. सं. २००३ साल) को घटना हो जसको विवरण माथि भैसकेको छ। यस सम्बन्धमा अर्को एउटा विचारणीय कुरो के छ भने उपत्यकाको ललितपुरमा जुन चारवटा अशोकीय स्तूप आज मौजुद छन् यिनको गर्भमा पनि अस्थिधातु हुनसक्ने सम्भावना छ। यिनीहरू सम्राट् अशोकले हिमवत् खण्डमा धर्म प्रचार गर्न मज्भिम स्थविरको नेतृत्व अन्तर्गत ई. पू. २३४-३२ सालताका पठाएको टोलीका एकजना सदस्य काश्यप गोत्रले सम्भवत: ल्याएको अस्थिधातु गर्भमा राखेर बनाएको हुन सक्छ।

- मधुपर्क, २०५२ वैशाख, वर्ष २७ - अङ्क १२ बाट साभार



Downloaded from http://www.dhamma.digital

# बुद्धका स्मरणीय ठाउँ र वस्तुहरू

भगवान् बुद्धसित सम्बन्धित संस्मरण सामानहरूमध्ये वहुचर्चित उहाँका पार्थिव शरीर अर्थात् लाशका अवशेष अस्थिहरू, उहाँले उपभोग अर्थात् प्रयोग गर्ने गरेका वस्तुहरू, उहाँले जुन रूखमुनि वसेर वोधिज्ञान प्राप्त गर्नुभएको थियो त्यो वोधिवृक्ष तथा उहाँको जीवनका प्रमुख घटनासित सम्वन्धित चार स्थान- लुम्विनी, वोधगया, मृगदाय वन, सारनाथ र कुशीनगर नै देखिन्छन् ।

उपरोक्त सामानहरूमध्ये कतिपय आज पनि सावुद रूपले नै विद्यमान छन् भने कतिपय अप्राप्य भइसकेका छन् । अप्राप्य भइसकेका भए पनि कतिका वस्तुहरूको उल्लेख त्रिपिटकमा यताउति भेटिने हुनाले तिनीहरूको जानकारी मात्र भए पनि उपलव्ध छ । प्रस्तुत लेखमा यस्ता स्मरणीय सामानहरूमध्ये यी चार थरी- (१) वुद्धका शारीरिक अस्थिधातु, (२) वुद्धले प्रयोग गरेका वस्तुहरू, (३) वुद्धको वोधिज्ञानको प्राप्तिसित सम्वद्ध वोधिवृक्ष र (४) वुद्धको जीवनीका चार प्रमुख घटनासित गाँसिएका स्थानहरूको संक्षिप्त वर्णन गरिएको छ:-

(१) **अस्थिधातु:-** वुद्धका शारीरिक अवशेष अर्थात् लाश जलाउँदा नभुरिएर वाँकी रहेका हाडका टुक्राहरू । यिनीहरुलाई अस्थिधातु भन्ने गरिएको छ । यिनीहरू निम्नलिखित पाँच किसिमका छन्:- (i) केश धातु अर्थात् शरीरका रौं, (ii) दन्तधातु अर्थात् नडढीकन वाँकी रहेका चारवटा दाँत, (iii)



Downloaded from http://www.dhamma.digital

(अक्ख) धातु अर्थात् काँध र घाँटी जोर्ने नलीजस्ता हाड (Collar bone, clavicle) दुइटा, नडढीकन बाँकी रहेका तथा (iv) डढेका हाडहरूका ससाना गेडा बनेका कुड्का-कुड्कीहरू ।

(२) **परिभोग सामान:-** बुद्धले आफ्नो दैनिक कार्यको लागि प्रयोग गर्ने गरेका वस्तुहरू, जस्तै- पिण्डपात्र, चीवर, लौरो, छुरा, ओछ्यान, पानीखाने भाँडो आदि ।

(३) **बोधिवृक्ष:-** आधुनिक विहार प्रान्तान्तर्गत उरूबेल प्रदेश, नेरञ्जरा नदीको किनारस्थित आजकालको बुद्धगयामा अवस्थित पीपलको रूख जसको फेदमा सिद्धार्थले वज्रासनमा बसेर ई. पू. ५२८ साल वैशाख पूर्णिमा बुद्धवारको दिन बोधिज्ञान प्राप्त गरी बुद्ध बनेका थिए ।

(४) **चार दर्शनीय स्थान:-** लुम्बिनी, बुद्धगया, मृगदाय वन (सारनाथ) र कुशीनगर ।

क) <u>लुम्बिनी:-</u> लुम्बिनी उपवन जहाँ राजकुमार सिद्धार्थ (भावी बुद्ध) ई. पू. ५६३ साल वैशाख पूर्णिमा शुक्रवारको दिन दिउँसो जन्मेका थिए। यो ठाउँ नेपाल अधिराज्यको भूभागअन्तर्गत रूपन्देही (लुम्बिनीदेई) जिल्लाभित्र अवस्थित छ । यहाँ सिद्धार्थ जन्मनुभन्दा अगाडि महारानी मायादेवीले नुहाएको पोखरी, तेलार नदी आदि आज पनि विद्यमान छन् ।

साथै, बुद्ध धर्मका स्वनामधन्य सम्राट् अशोकले आफ्नो



Downloaded from http://www.dhamma.digital

धर्म यात्राको सिलसिलामा ई. पू. २४५ सालताका आएर शाक्यमुनि भगवान् बुद्ध जन्मेको ठाउँ यहीं हो भनेर किटानसाथ अभिलेख समेत कुँदिएको ढुङ्गे लाट यहाँ स्थापना गरेका थिए जुन २३०० वर्ष पछि आजसम्म पनि खडा छ ।

ख) <u>बुद्धगया:-</u> आजकाल विहार प्रान्तअन्तर्गत अवस्थित यस बुद्धगयामा सिद्धार्थले ई. पू. ५२८ साल वैशाख पूर्णिमा बुधवारको दिन बोधिज्ञान प्राप्त गर्न आश्रय लिएको बोधिवृक्ष भनिने पीपलको रूख थियो र आज पनि खडा छ । [सम्राट् अशोकले यस बोधिवृक्षवाट कलमी सारिएका पाँचवटा हाङ्गा ई. पू. २४७ सालमा श्रीलङ्का पठाएका थिए । ई. पू. १८७५ सालताका यो ठाउँ प्राचीन बुद्धगया हो भनेर पत्ता लागेको बेला यहाँको पीपलको बोट सुकिसकेकोले तत्कालीन वृटिश अधिकारी जनरल ए. कनिङहामले श्रीलङ्काको अनुराधपुरस्थित उपरोक्त वोधिवृक्षवाट कलमी सारिएका हाँगा ल्याएर ई. पू. १८७६ सालमा पुरानै ठाउँमा रोप्न लगाएका थिए । यसरी आजकाल वोधगयास्थित वोधिवृक्ष वुद्धकालीन वृक्षका हाँगाका पनि हाँगा हुन् ।] जे होस् बुद्धगयामा रहेको पीपलको रूख वुद्धकालीन मूल वोधिवृक्षका चोइटाका पनि चोइटा अथवा सन्तानका पनि सन्तान हुन् । यहाँ



Downloaded from http://www.dhamma.digital

वुद्धगयामा वोधिवृक्षवाहेक सिद्धार्थले वोधिज्ञान प्राप्त गर्दा वज्रासनले वसेको वोधिपल्लङ्क भनिने चौतारो पनि विद्यमान छ ।

ग) मृगदाय वन, ऋषिपतन, सारनाथ:- वोधिज्ञान प्राप्त गरेको लगत्तै पछिभनेसजो वुद्धले वुद्धगयावाट वाराणसीमा आई सर्वप्रथम ई. पू. ५२८ साल असार पूर्णिमा शनिवारको दिन पञ्चभद्रवर्गीय भिक्षुहरू - कौण्डिण्य, वप्प, भद्दिय, महानाम र अस्सजी (अश्वजित)लाई धर्मोपदेश दिएको ठाउँ यहीं हो। वुद्धको यो प्रथम धर्म-देशना नै बौद्ध जगतमा प्रथम धर्म-चक्र प्रवर्तनको नाउँले सुप्रसिद्ध छ ।

घ) कुशीनगर:- भगवान् वुद्ध पैंतालीस वर्षसम्म प्रभावशाली रूपले आफ्नो धर्म प्रचार गरेपछि एवं आफ्नो उमेरको अस्सीयौं वर्ष पूरा भएकै दिन- ई. पू. ४८३ साल वैशाख पूर्णिमा मङ्गलवारको दिन वेलुका पावावाट कुशीनगर पुगी त्यहाँ मल्लहरूको उपवर्तन नाउँको शालोद्यानमा दुइटा शाल रूखको वीचमा सिंहशय्यामा लेट्नुभयो । त्यसवेला त्यहाँ उपस्थित भिक्षु संघका भएभरका शङ्का निवारण गरी उहाँले आफ्नो अन्तिम उपदेशले सवैलाई सन्तुष्ट पार्नुभयो । भिक्षु संघलाई वुद्धशासन भनेको साँच्चै व्यावहारिक रूपले नै 'आदिकल्याणं, मज्झेकल्याणं, परियोसानकल्याणं सात्थं सव्यञ्जनं



Downloaded from http://www.dhamma.digital

केवलं परिपुण्णं परिसुद्धं' भन्ने तथ्यमा कुनै सन्देह रहेन । अनि उहाँको महापरिनिर्वाण भयो ।

यी चारवटा स्थानको सम्बन्धमा महापरिनिर्वाण सूत्रमा बुद्धले यसो भन्नुभएको कुरा लेखिएको छ- '.... आनन्द ! श्रद्धालु कुलपुत्रहरूको निमित्त चारवटा दर्शनीय संवेजनीय (वैराग्यप्रद) स्थान छन् । के के चारवटा ? यहाँ तथागत जन्मनुभएको थियो भनेर (लुम्बिनी) - श्रद्धालु कुलपुत्रहरूको निमित्त दर्शनीय संवेजनीय स्थान हुनेछ। यहाँ तथागतले अनुत्तर सम्यक्संबुद्धत्व प्राप्त गर्नु भएको (ठाउँ) भनेर (बुद्धगया)- श्रद्धालु कुलपुत्रहरूको निमित्त दर्शनीय संवेजनीय स्थान हुनेछ। यहाँ तथागतले अनुत्तर धर्मचक्र प्रवर्तन गर्नुभएको (ठाउँ) भनेर (सारनाथ, मृगदाय वन)- श्रद्धालु कुलपुत्रहरूको निमित्त दर्शनीय संवेजनीय स्थान हुनेछ । यहाँ तथागत अनुपादिशेष निर्वाणधातुले परिनिर्वाण हुनु भएको (ठाउँ) भनेर (कुशीनगर)- श्रद्धालु कुलपुत्रहरुको निमित्त दर्शनीय संवेजनीय स्थान हुनेछ ।'

**परिभोग सामान**

यो भयो संस्मरण स्थानको कुरो । जहाँसम्म माथि चर्चा गरिएका संस्मरण सामान अर्थात् सम्झौटा वस्तुहरू छन् तिनको विषयमा खुद्दक निकायको एउटा ग्रन्थ बुद्धवंशमा 'धातु विभाजनीय कथा' शीर्षक एउटा खण्ड छ। अठारवटा गाथा भएको त्यस खण्डमा यसो लेखिएको छ ।

१) श्रेष्ठतम जिन महागौतम कुसीनारामा निर्वाण हुनुभयो । (उहाँका) धातु (अस्थि) यताउति प्रदेशहरूमा छरिए ।



Downloaded from http://www.dhamma.digital

२) एक (भाग) अजातशत्रुकहाँ लगियो, एक (भाग) वैशालीनगरमा, एक (भाग) कपिलवस्तुमा, एक (भाग) अल्लकप्पका वुलयहरू-कहाँ ।

३) एक (भाग) रामग्राममा पुग्यो, एक (भाग) वेठदीपमा, एक (भाग) पावाका मल्लहरूकहाँ, एक (भाग) कुशीनगरका निवासीहरूकहाँ ।

४) द्रोण नाउँ गरिएका ब्राह्मणले (जुन माटाका भाँडाले भरेर अस्थि आठ भाग लगाएका थिए त्यही कुम्भ (घैंटो, गोल्फु) (गर्भमा) राखेर थूर (स्तूप) बनाए, मोरियहरूले प्रसन्न चित्तले खरानी (भस्म) (गर्भमा) राखेर थूर (स्तूप) बनाए ।

५) शारीरिक स्तूप (थूर) आठवटा भए, नवौं (स्तूप) कुम्भ चैत्य (थूर) र दशौं (स्तूप) अङ्गार (गोलको) स्तूप । त्यसै बेला प्रतिष्ठापित भएका स्तूप (थूर, चैत्य) हरू यति नै भए ।

६) उष्णीप (शिर, खप्परको माथिल्लो) हाड एउटा, दन्त धातु (दाँत) चारवटा, अक्ष (अक्ख, काँध र घाँटी जोर्ने हाड) धातु दुइटा - यी सातवटा अस्थिधातु नटुक्रिएका भए, अरू वाँकी धातु (अस्थिहरू जम्मै) टुक्रिएका थिए ।

७) अस्थिधातुहरू (अर्थात् डढेर वाँकी रहेका हाडहरू)मा ठूला चाहिं मुगी जत्रा थिए, मझौला चाहिं कनिका जत्रा र साना चाहिं तोरी जत्रा । यी अस्थिहरू भिन्नाभिन्नै रङ्गका थिए ।

८) ठूला (गेडाका) अस्थि (जति) सुनौला रङ्गका भए, मझौला अस्थि (जति) मोतीको जस्तो रङ्गका (सेतो) र साना अस्थि (जति)



Downloaded from http://www.dhamma.digital

फूलका कोपिलाको रङ्गका (अलिअलि रातो) भए । (यी अस्थिहरूको) तौल सोह्र द्रोण (=नापोको परिमाण) पुगेको थियो ।

९) ठूला अस्थि (को तौल) पाँच नालि (=नापोको परिमाण, एक नालि एक द्रोण बराबर) थियो, मझौला अस्थि (को तौल) पनि पाँच नालि र साना अस्थि (तौल) चाहिं छ नालि । अस्थि धातु जम्मै गरेर यत्ति (=सोह्र नालि वा द्रोण) थियो ।[1]

१०) उष्णीष (खप्पर हाड) धातु सिंहलद्वीपमा, बाँया (अक्ष धातु, घाँटीको हाड) ब्रह्मलोकका र दायाँ (अक्ष धातु) सिंहलद्वीपमा नै स्थापित भए ।

११) एउटा दन्तधातु त्रिदशपुर (=देवताहरूको शहर) मा लगियो, एउटा (दन्त धातु) नागपुर (रामग्राम) मा लगियो भनिएको छ, एउटा (दन्त धातु) गान्धारपुर र एउटा (दन्त धातु) कलिङ्गराज्यमा ।

१२) उत्रैउत्रा चालीसवटा दाँत, शिरको केश, जीउका रौं सवै देवताहरूले चक्रवाल परम्पराअनुसार (प्रत्येक चक्रवाल अर्थात् एक एक लोकले आ-आफ्नो रोलक्रम अनुसार) एकएक-वटा रौं हरण गरेर लगे ।

१. यी अस्थिहरूको परिमाण महापरिनिर्वाणसूत्र, दीर्घनिकायमा आठ द्रोण मात्र थियो भनिएको छ । त्यसमध्ये सात द्रोणचाहिं जम्बुद्वीपमा राखियो र एक द्रोण चाहिं रामग्राम, नागपुरमा राखियो भनिएको छ । नागपुर, रामग्राम त नेपाली भूभागभित्र नै अवस्थित छ । त्यस ठाउँ एउटावाट पछि सम्राट् अशोकले पनि अस्थि झिक्न सकेनन् ।



Downloaded from http://www.dhamma.digital

१३) भगवान् (बुद्ध)को पिण्डपात्र, लौरो वजिरामा, अन्तरवासक कुरु (ल) घरमा, ओछ्यान (डसना) कलिपवस्तुमा पुगे ।

१४) (उहाँको) पानीपिउने भाँडो र पटुका पाटलिपुत्रनगरमा, नुहाउँदा बेर्ने गम्छा चम्पामा तथा आँखी-भौं बीचको रौं कोशलमा पुगे ।

१५) संघाटी र उत्तरासङ्ग ब्रह्मलोक[२]मा शिरशिखाको केश त्रिदशपुर[२] (=त्रयोत्रिंश भुवन) मा, चकटी अवन्तीमा, तन्ना देवताहरूको राज्य[२] मा पुगे ।

१६) घोटेर आगो बाल्ने काठ मिथिलामा, पानी छान्ने कपडा विदेहमा, दाह्री-जुँगा खौरने छुरा र सियो राख्ने भाँडो इन्द्रप्रस्थमा पुगे ।

१७) उहाँ मुनिले प्रयोग गरेका बाँकी रहेका वस्तुहरू मानिसहरूले पश्चिमतिरका देशमा लगे ।

१८) पहिलेपहिलेका मानिसहरू उहिले के भन्दथे भने महर्षि गौतमले प्राणीहरूप्रति करुणा राखेको कारणले उहाँका अस्थिहरू यताउति (धेरै ठाउँमा) छरिए ।

---

२. माथि गाथाहरू १०, ११, १२ र १५ मा उल्लिखित ब्रह्मलोक, त्रिदेशपुर, चक्रवाल, देवताहरूको राज्य भनिएका ठाउँहरूको कुरा अलौकिक हो र ऐतिहासिक रूपले मान्य हुन्छ भन्न मिल्दैन । गाथा ११ मा चर्चित दन्त धातु एउटा द्रोण ब्राह्मणले टोपीले छोपेर आफ्नो टाउकामा लुकाएका थिए । धातु वितरण गरेपछि उनले त्यो दाँत झिक्न खोज्दा हराइसकेको थियो । त्यो दाँत देवराज इन्द्रले स्वर्गमा पूजा गरेर राख्न चोरेर लगेको हो भनेर त्रिपिटकमा लेखिएको पाइन्छ ।



Downloaded from http://www.dhamma.digital

# बुद्धसम्बन्धी ऐतिहासिक मिति

हाम्रो देशमा पनि अरु बौद्ध देशमा जस्तै वर्सेनि वैशाख पूर्णिमाको दिन पच्चीस सय यतिऔं, उतिऔं भनेर वुद्ध दिवस मनाउने चलन छ। यही क्रममा गएको वैशाखे पूर्णिमालाई २५२० सौं वुद्ध दिवसको रूपमा मानइयो। त्यस दिन वुद्ध अर्थात् राजकुमार सिद्धार्थ जन्मेको (२५१९+८० अथवा ई. १९७६+ ६२३=) २५९९ वर्ष पूरा भई २६०० यौं वर्प लाग्यो भनियो। यस परम्पराअनुसार भगवान् बुद्धको जन्म ई. पू. ६२३ मा भएको एवं निर्वाण चाहिं ई. पू. ५४४-३ सालमा भएको ठहरिन्छ। यो परम्परा लङ्काको हो र भारत, थाइ देश, वर्मा आदि प्रमुख बौद्ध देशहरूले पनि यसै परम्परा अपनाएका छन्। बुद्ध संवत् भन्नेबित्तिकै बुद्ध निर्वाण भएदेखि चलेको संवत् हुन्छ।

यस परम्परागत वुद्ध संवत्को साथसाथै अर्को मिति पनि प्रशस्त प्रचलनमा रहेको पाइन्छ जसअनुसार बुद्धको जन्म ई. पू. ५६३ सालमा र निर्वाण ई. पू. ४८३ सालमा भएको भनेर मानिएका छन्। यी मितिहरू अगाडि चर्चा गरिएका मितिहरूभन्दा साठी वर्प पछि पर्छन्। तर इतिहासकारहरूले भानेका मितिहरू यी नै हुन्।[1] यथार्थ मितिहरू यी नै सिद्ध हुन्छन्। लङ्काको आधिकारिक ग्रन्थ, बौद्ध दर्शन एवं इतिहास-सम्वन्धी खोजका प्रकाण्ड विद्वान् राहुल सांस्कृत्यायनले पनि यी पछिल्ला मितिलाई नै ठीक ठहऱ्याएका छन्। यी ऐतिहासिक मितिभन्दा

- इ. जे. थोमस- द लाइफ अफ वुद्ध; टि. डव्लू. रिस डाभिड्स- वुद्धिज्म; राहुल सांस्कृत्यायन- वुद्ध के अन्तिम वरस, आदि।



Downloaded from http://www.dhamma.digital

धार्मिक परम्पराका मितिहरू नै दैनिक व्यवहारहरूमा बढी प्रचलित भएको कारण आज जनतामा धार्मिक भावना र परम्पराकै बढी प्रभाव पर्नाले हो । यसो हुनु स्वाभाविक पनि छ । ऐतिहासिक मिति चाहिं इतिहासमा चाख र ज्ञान राख्ने विद्वद्वर्गमा एवं कितावहरूमा मात्र सीमित रह्यो । धर्मको अनुष्ठान गर्ने विभिन्न देशका आम जनसमूहहरूलाई ठीकठीक ऐतिहासिक मितिसंग त्यतिको चासो पनि रहन्न ।

यहाँ यी मितिहरूको सम्बन्धमा श्रीलङ्काकै आधिकारिक बौद्धग्रन्थ महावंशमा उल्लिखित कसरी पहिले ऐतिहासिक मिति - ई. पू. ५६३ र ई. पू. ४८३ मानिएका थिए र पछि एघारौं शताब्दीमा आएर मात्र हाल प्रचलित भइरहेको मिति ई. पू. ६२३-५४४ मानियो भन्ने कुराको संक्षेपमा चर्चा गरौं ।

भदन्त आनन्दकौशल्यायनले हिन्दीमा अनुवाद गरेको लङ्काको "महावंश', हिन्दी साहित्य-सम्मेलन, प्रयाग, १९४२, परिचय पृष्ठ ६ र ७ मा यसो लेखिएको छ :

"अशोकका राज्याभिषेक बुद्धके परिनिर्वाण के २१८ वर्ष वाद वताया जाता है और लिखा है कि यह राज्याभिषेक इस समय हुआ जव अशोक चार वर्ष तक राज्य कर चुका था। इस हिसाब से अशोकका राज्यारम्भ वुद्ध परिनिर्वाणके २१४ वर्ष वाद हुआ। विन्दुसार ने २८ वर्ष राज्य किया। चन्द्रगुप्त ने २४ वर्ष। दोनों के राज्यकालको जोड कर २१४ में से घटाने से चन्द्रगुप्तका राज्यारम्भ वुद्ध-परिनिर्वाण के



Downloaded from http://www.dhamma.digital

१६२ वर्ष बाद निश्चित होता है। भारतवर्ष के प्राचीन इतिहास में जो थोडी सी निश्चित तिथियाँ हैं, उनमें एक चन्द्रगुप्त के राज्य की तिथि। सिकन्दर के आक्रमण की तिथि निश्चित है, उसी के आधार पर चन्द्रगुप्तका राज्य ३२१ ई. पू. में माना जाता है। ३२१ ई. पू. +१६२ वर्ष = ४८३ ई. पू. में बुद्धका परिनिर्वाण हुआ। बुद्ध अस्सी वर्ष जिए। इस लिए श्री रीज डेविड्स के मतानुसार उनकी जन्म तिथि ४८३ + ८० = ५६३ ई. पू. और निर्वाण तिथि ४८३ ई. पू. सिद्ध हुई।

"सिंहल, स्याम और बर्मा में आज कल जो परिनिर्वाण तिथि मानी जाती है उसमें और इसमें ६० वर्षका अन्तर है। प्रतीत होता है कि प्राचीन काल में और ग्यारवीं शताब्दी के आरम्भ तक सिंहल में ४८३ ई. पू. से गिने जाने वाले बुद्धाब्द का प्रयोग हुआ, ग्यारवीं शताब्दी के मध्य काल से उस नये सालका प्रादुर्भाव हुआ जिसकी गिनती ५४४ ई. पू. से की जाती है और वही बुद्धाब्द इस समय प्रयुक्त होता हैं [१]।"

उपरोक्त उद्धरणबाट बुद्ध संवत् बुद्ध परिनिर्वाण वर्ष ई. ४८३ सालबाट उठेको प्रष्टै छ। एघारौं शताब्दीमा श्रीलङ्कामा मानिआएको बुद्ध परिनिर्वाण वर्ष ई. पू. ५४४ साललाई राहुल सांकृत्यायनले मान्यता

१: "Indications are to be found that in earlier times, and indeed down to the beginning of the 10th century, an era persisted even in Ceylon, which was reckoned from 483 B./C. as the year of the Buddha's death. From the middle of the 11th century the new era took its rise, being reckoned from the year 544, and this is still in use.

(Epigraphica Ceylonica, p.155 and onwards.")



Downloaded from http://www.dhamma.digital

दिएका छैनन् । बौद्ध धर्म र इतिहासका यी अद्वितीय विद्वान्का यताउताका लेखहरूबाट टिपिएका केही उद्धरणबाट पनि उपरोक्त कथनको पुष्टि हुन्छ ।

"ई. पू. ४८३ साललाई बुद्ध परिनिर्वाणको समय भनेर इतिहासविद्हरूले निश्चित गरिराखेका छन् तर प्राचीन परम्पराले त्यसमा फेरि ६० वर्ष थप्यो । यसरी ई. पू. ५४३ वा ५४४ भएर ई. १९५६ को मई महिनामा निर्वाणको २,५०० वर्ष सम्पन्न हुने भयो । निर्वाणबाट ८० वर्ष अगाडि बुद्धको जन्म लुम्बिनीमा भएको हो । परम्पराअनुसार बुद्धको अन्तिम वर्ष ई. पू. ५४४ साल बैशाख पूर्णिमादेखि ५४३ सालको वैशाख पूर्णिमासम्म भयो । इतिहासविद्हरूको कथनानुसार उक्त वर्ष ई. पू. ४८४ सालको गरमी महिना (मई) देखि ४८३ सालको मईसम्म हुनु पर्छ ।"

-(बुद्धका अन्तिम बरस - राहुल सांकृत्यायन,
भिक्षु सुदर्शनको सङ्कलन अनुसार)

"मैले भनिसकेकै छु कि परम्पराअनुसार बुद्धको निर्वाण ई. पू. ५४४-३ मा र जन्म त्यसभन्दा असी वर्ष अगाडि ई. पू. ६२४-३ मा भएको हो । यसरी ई. १९५५ मा भगवान्को निर्वाण भएको २५०० वर्ष पूरा हुन्छ । ऐतिहासिक अनुसन्धानले यस गणनामा ६० वर्ष वढी हुन्छ । निर्वाण ई. पू. ४८३ मा भएको हो । यस मितिलाई मानेको खण्डमा अरु ऐतिहासिक उल्लेखको संगतिमा मिल्न आउँछ ।"

- (रा. सांकृत्यायन "वुद्धको व्यक्तित्व र विचार-")



Downloaded from http://www.dhamma.digital

उपरोक्त कथनानुसार एघारौं शताब्दीसम्म लङ्कामा प्रचलित ऐतिहासिक, पुरानो बुद्ध संवत्मा जुन ६० वर्ष थपियो त्यो प्रचलित मिति ई. पू. ५६३-४८३ लाई ऐतिहासिक तवरले सच्याउन थपिएको देखिंदैन । यस थपाइको कुनै ऐतिहासिक वा वैज्ञानिक आधार नभएको बुझिन्छ ।

यहाँनिर हाम्रो देशमा तेह्रौं शताब्दीमा श्रीलङ्कामा प्रचलित बुद्ध संवत् प्रयोग गर्ने चलन रहेको तथ्यको उल्लेख गर्नु पनि विषयान्तर होओइन । 'हेवज्रप्रकाश' शीर्षक एउटा बौद्ध ग्रन्थ (जुन हेमराज शाक्यको सङ्कलनमा छ) मा भगवान् शाक्य सिंहको परिनिवृत्ति भएको १८११ सालमा लेखिएको हो भनिएको छ । यसै सम्बन्धमा पश्चिमी नेपालको एकजना नाग राजा अशोकमल्लले बुद्ध गयामा राखेको शिलालेखमा अङ्कित "भगवति परिनिवृति संवत् १८१३ कार्तिक ....." बाट पनि अर्को उदाहरण प्रस्तुत हुन्छ । यी उदाहरणबाट के सिद्ध हुन्छ भने त्यसताका बुद्ध संवत्लाई भगवान् परिनिवृति संवत् भनेर लेख्ने चलन हाम्रो देशमा विभिन्न भागमा थियो ।

अन्तमा बौद्ध परम्परागत मितिलाई ऐतिहासिक मितिभन्दा साठी वर्ष अगाडि पारेर मान्ने चलन श्रीलङ्कामा एघारौं शताब्दीको आधाआधीमा शुरू भएको थियो भनेर जुन माथि व्याख्या गरियो त्यो एउटा चोखै शोधखोजको प्रश्न मात्र हो । लङ्का, बर्मा, थाइदेश आदि बौद्ध देशहरूमा प्रचलित धार्मिक भावना वा परम्पराले यस तथ्यसित सरोकार राखेको देखिंदैन । शान्ति, मैत्री, समानतासम्बन्धी भगवान्



Downloaded from http://www.dhamma.digital

बुद्धका मानवकल्याणकारी जुन उपदेश छन् ती सबै आज पनि उत्तिकै सारगर्भित र मनन योग्य छन् । पच्चीस शय वर्षपछि पनि ती अमर उपदेश पुराना भएका छैनन् । इतिहास र इतिहास लेखकहरूसित मात्र विशेप रूपले प्रयोजन भएको साठी वर्ष अगाडि, पछाडि हुनुबाट तिनमा कुनै असर पर्दैन । भगवान् बुद्धको जन्म साल र निर्वाण साल भने ऐतिहासिक रूपले क्रमशः ई. पू. ५६३ र ई. पू. ४८३ नै हुन्छन् ।

- मधुपर्क, २०३३ भदौ-असौज, वर्प ९, अङ्क ४-५ वाट साभार



Downloaded from http://www.dhamma.digital

# त्रिपिटकको लिपिबद्धीकरण

बुद्ध-धर्मका मूल ग्रन्थहरू- त्रिपिटक आज विश्वका कतिपय भाषाहरूमा उपलब्ध छन्। यसरी आजकाल पाइने अंग्रेजी, जर्मन, हिन्दी आदि भाषाका त्रिपिटकहरू श्रीलङ्कामा पाइएका पालि भाषाका त्रिपिटकबाट अनूदित गरिएका हुन्। बुद्ध धर्मका अधिष्ठाता भगवान् बुद्ध स्वयम्ले धर्म प्रचार गरेका थलाहरू वर्तमान नेपालका केही दक्षिणी भाग र उत्तर भारतबाट कालान्तरमा बुद्ध धर्म बिलाएर गए पनि यसको अनुगमन र संरक्षण श्रीलङ्कामा पछिसम्म भैरहेको थियो– विशेष गरेर लिखित रूपमा समेत। जे होस्, बुद्धका उपदेश- त्रिपिटकको लेखन र संरक्षण सर्वप्रथम श्रीलङ्कामा भएको थियो। यसको लिपिबद्धीकरणको ऐतिहासिक घटनाक्रम उपलब्ध सामग्रीहरूको आधारमा संक्षेपमा निम्न प्रकारले घटित भएको देखिन्छ।

भगवान् बुद्धको जीवन कालैमा देवदत्तले उहाँको निर्वाणपछि संघको प्रतिनिधित्व (अर्थात् नेतृत्व) गर्ने व्यक्तिको नियुक्ति गर्नु पर्ने प्रश्न उठाएका थिए। तर बुद्धले त्यसो गर्न मान्नुभएन। बरु, आफू निर्वाण हुने मात्र केही दिनअगडि यस विषयमा उहाँबाट यसो आज्ञा भएको थियो, "आनन्द ! म निर्वाण भैसकेपछि तिमीहरूको मनमा 'अब उपदेश दिने गुरु भएन, अब हाम्रा शास्ता छैनन्' भन्ने भावना पर्न सक्दछ। तर आनन्द ! त्यस्तो मनमा लिनु हुन्न। आनन्द ! जुन धर्म र नियम मैले तिमीहरूलाई देशना गरी प्रज्ञप्ति गरिराखेकोछु त्यही धर्म र विनय म नभैसकेपछि तिमीहरूको शास्ता हुने छन्।"



Downloaded from http://www.dhamma.digital

बुद्धको निर्वाणको लगत्तैपछि भिक्षु सुभद्रले उठाएको जस्तै उल्टापाल्टा कुरा उठ्न नदिन एवं बुद्धका उपदेशसम्बन्धी कुनै संशय रहन नदिन महास्थविर महाकाश्यपले बुद्धका उपदेश धर्म र विनयलाई एकत्रित गर्न सङ्गायन गर्नु आवश्यक देखे। तदनुसार ई. पू. ४८३ सालमा राजगृहमा पाँच सय अर्हत् भिक्षुहरूको प्रथम सङ्गायन सात महिनासम्म चालू रह्यो। त्यसमा महास्थविर काश्यपले धर्म अर्थात् उपदेश सूत्रहरू भिक्षु आनन्दसंग र संघ-भिक्षु-सम्बन्धी नियम विनय भिक्षु उपालिसंग सोधेर सङ्कलित गरे । यी सूत्र र विनयहरू भिक्षुहरूले कण्ठाग्र गरे। यथा समयमा विनय कण्ठस्थ गर्ने गुरुहरू विनयधर र सूत्र कण्ठस्थ गर्ने गुरुहरू सूत्रधर कहलिए। त्यस्तै पछि दीर्घभाणक, मज्झिम-भाणक, आदि भए ।

यहाँनिर एउटा कुरो के सम्झनु आवश्यक हुन्छ भने त्यस प्रथम सङ्गायनमा सूत्र वा विनय लिपिबद्ध गरिएको थिएन, केवल कण्ठाग्र मात्र पारिएको थियो। गुरुहरूले नयाँ नयाँ शिष्यहरूलाई मुखाग्र गरेर उपदेश दिने र तिनीहरूलाई पनि मुखाग्र नै गर्न लगाउने परम्परा थियो। यसो गर्नु परेको कारण त्यस बेला लेख्ने चलन नै आइसकेको थिएन होला। अर्को कुरा के थियो भने प्रथम सङ्गायनले सूत्र र विनयको मात्र सङ्कलन गरेको थियो– सूत्र अर्थात् धर्म र विनय मात्र सङ्ग्रह गरिए, अभिधम्म भनेर सोचिएकै थिएन ।

ई. पू. ३८३ सालमा वैशालीमा आयोजना गरिएको दोस्रो सङ्गायनले पहिलेकै अर्थात् बुद्धकालीन विनयलाई मात्र यथावत् कायम



Downloaded from http://www.dhamma.digital

राख्यो तथा वज्जिपुत्र भिक्षुहरूले उक्त मूल विनयमा गर्न चाहेका दशवटा संशोधन विनयानुकूल नभएकाले तिनलाई अस्वीकार गऱ्यो। यसरी वुद्ध-धर्ममा नै फाटो आएको नभए पनि विनयबारे मतान्तरको प्रारम्भ भयो। असन्तुष्ट वज्जिपुत्र भिक्षुहरूले 'महासांघिक' सम्प्रदाय बनाए।

त्यस दोस्रो सङ्गायनमा सहभागी भएका भिक्षुहरूलाई श्रीलङ्काको प्रसिद्ध बौद्ध ग्रन्थ महावंशमा 'त्रिपिटकज्ञ' भनिएको छ। यसबाट वुद्धको निर्वाणपछिको पहिलो शतकभित्रै बुद्ध वचनका विषयलाई व्याख्या गर्ने क्रममा अभिधर्मको प्रादुर्भाव हुँदै आएको देखिन्छ। यसमा बुद्धवचनको व्याख्या गर्ने क्रममा विभिन्न आचार्यहरूका व्याख्या र विचारहरू पनि समावेश गरिए। यसै अवधिमा सूत्र, विनय र अभिधम्मको सङ्कलनलाई 'पिटक' (टोकरी) भन्ने चलन पनि बसेको अनुमान हुन्छ।

त्यसपछि सम्राट् अशोकको राज्यकाल ई. पू. २४८ सालताका पाटलिपुत्रमा आयोजित तेस्रो सङ्गायनका उल्लेखनीय उपलब्धिहरूमध्ये केही निम्न लिखित हुन् :-

(क) परम्परागत स्थविरवाद एउटालाई मात्र शुद्ध वुद्ध-शासनको रूपमा मान्यता प्रदान गऱ्यो। त्यस बेलासम्म वुद्ध शासनमा देखा पर्दै आएका १७ वटा अन्य सम्प्रदायलाई मान्यता दिइएन। (ख) वुद्ध शासनका तीन अङ्ग– सूत्र, विनय र अभिधर्म औपचारिक रूपले तीन पिटक कहलिए। (ग) बुद्ध धर्मको प्रचार गर्न अन्य देशहरूमा धार्मिक शिष्ट मण्डलहरू पठाइए जसको फलस्वरूप इस्वी पूर्वीय तेस्रो



Downloaded from http://www.dhamma.digital

शताब्दीमा नै यो एउटा अन्तर्राष्ट्रिय धर्म वन्यो (घ) भिक्षु महेन्द्र (सम्राट् अशोककै छोरा) को नेतृत्वमा पठाइएको शिष्टमण्डलले श्रीलङ्कामा वुद्ध शासनको संस्थापन यतिको सुदृढ रूपले गऱ्यो कि श्रीलङ्काले वुद्ध शासनको लिपिबद्धीकरण र संरक्षणतिर अद्वितीय भूमिका खेल्यो ।

यो तेस्रो सम्मेलन भएको बेलासम्ममा ब्राह्मी लिपि प्रचलित भइसकेको थियो तापनि त्रिपिटक लिपिबद्ध गरिएको थिएन । कण्ठ गर्ने परम्पराद्वारा नै सुरक्षित पारेर ल्याइएको थियो । भिक्षु महेन्द्र र उनको टोलीका सदस्यहरू श्रीलङ्कामा जाँदा त्रिपिटक र कथावस्तुलाई लिखित रूपमा होइन कि आ-आफना मानस पटलमा सुरक्षित गरेर लगेका थिए ।

बुद्ध धर्मको ज्ञान, आचरण र भावनामा एकदम प्रवीण र प्रखर चारजना भिक्षु र दुईजना श्रामणेर भएको महेन्द्रको टोलीले ई. पू. २४७ सालताका श्रीलङ्कामा बुद्ध धर्मको संस्थापन गरेदेखि यसको प्रचार त्यहाँ दिनानुदिन बढ्दै गयो । यो धर्म यहाँ राजधर्म मात्र होइन राष्ट्रिय धर्म नै वन्यो- कैयन् ठूलठूला चैत्य, विहारहरू वने, श्रीलङ्काली जनता पुरुप र महिला धेरै संख्यामा प्रव्रजित पनि भए ।

वुद्धका उपदेश भने कण्ठ गर्ने परम्पराद्वारा नै एक पिँढीवाट अर्को पिँढीमा हस्तान्तरित हुँदै थियो, कैयन् दशकसम्म श्रीलङ्कामा पनि लिपिवद्ध गर्ने प्रयास भएन ।

ई. पू. १७७ सालमा श्रीलङ्कामा शुद्ध वुद्ध शासनको अर्थात् स्थविरवादको चतुर्थ सङ्गायनको आयोजना गरियो– जुन ई. पू. १०५



Downloaded from http://www.dhamma.digital

सालसम्म चालू रह्यो । यसरी ७२ वर्ष लामो अवधिसम्म सङ्गायन चलिरहनाको मतलव के थियो भने त्यसै बेला त्रिपिटक र कथावस्तुलाई पालि भाषामा ताडपत्रमा लिपिबद्ध गरिँदै थियो ।

आखिर ई. पू. ४४ सालमा द्रविद (तामिल) हरूद्वारा राज्यच्युत गरेर धपाइएका राजा वट्टगामिनीले पन्ध्र वर्षपछि ई. पू. २९ सालमा तिनीहरूलाई परास्त गरी आफू फेरि गद्दीनसिन भए । यसपछि उनले वाह्र वर्षसम्म अर्थात् ई. पू. १७ सालसम्म राज्य गरे ।

यिनै राजा वट्टगामिनी अभयको दोस्रो राज्यकाल ई. पू. २९-१७ को अवधिभित्र त्रिपिटक र कथावस्तु (अर्थकथा) किताबको रूपमा लेखिए ।

यस सम्बन्धमा महावंशमा यसो लेखिएको छ :- "पूर्व कालदेखि त्रिपिटक र त्यसको अर्थकथा (पनि) महामतिमान् भिक्षुहरूले कण्ठ गरेर नै (सुरक्षित गरेर) ल्याएका थिए । यस बेला प्राणीहरूको हानि हुने देखेर भिक्षुहरू एकत्रित भए तथा धर्मको चिरस्थितिको लागि तिनलाई पुस्तकको रूपमा लेखे ।"

-- (महावंश, तेत्तीसौं परिच्छेद, श्लोक १००-१०१) पृष्ठ १७९

उपरोक्त लेखन कार्यको लागि सम्मेलन आधुनिक मातले शहरको तीन माइल दक्षिणस्थित अलु विहारमा भएको थियो । राजमार्गनिर त्यस ठाउँमा रहेको एउटा गुफा अझसम्म प्रसिद्ध छ भनिएको छ ।



Downloaded from http://www.dhamma.digital

यो भयो त्रिपिटक र अर्थकथा पालि भाषामा लेखिएको घटना विवरण। तर यहाँनिर एउटा कुरो के पनि सम्झनु आवश्यक हुन्छ भने उपरोक्त ग्रन्थहरू केही पालि भाषामा लिपिबद्ध गरिनुभन्दा पचास वर्षजति अगाडि नै सिंहली (अर्थात् श्रीलङ्काली) भाषामा लेखिसकिएको थियो।

भिक्षु महेन्द्रको टोलीले श्रीलङ्कामा बुद्ध धर्मको संस्थापन ठूलो सफलताका साथ गरेको थियो। राजा देवानांप्रिय तिष्य (ई. पू. २४७-२०७), उनका परिवार सदस्यहरू, सरकारी सैनिक र निजामती सेवाका उच्चपदाधिकारीहरू, ठूलाबडा गनिएका मानिसहरूले बुद्ध धर्मलाई अपनाए। श्रीलङ्काली जनतामा बुद्ध धर्मको प्रचार आम तवरले गर्ने र प्रत्यक्ष बोध गराउने हो भने उपदेशकहरूले तिनीहरूलाई पालिभाषा सिकाउनेतिर लाग्नुभन्दा आफूहरूले नै सिंहली भाषा सिक्नु सजिलो र अचूक उपाय हुन्थ्यो। धर्म प्रचार जहाँ जहाँका जनतामा गरिनु हो त्यहाँ त्यहाँकै जनताका भाषाहरूमा, यथाशक्य स्थानीय बोलचालका भाषामा गरिनु पर्दछ भन्ने त खुद भगवान् बुद्धकै वचन छ। त्यसैले ती प्रारम्भिक धर्म गुरुहरूले बुद्ध वचनहरूलाई सिंहली भाषामा लिपिबद्ध गर्नु पर्ने उपयोगिता बोध गरे हुनन्।

जे होस्, भिक्षु महेन्द्र (जन्म ई. पू. २७९, प्रवज्या ई. पू. २५९, लङ्का गमन ई. पू. २४७, निर्वाण ई. पू. २१९) ले त्रिपिटक र कथावस्तु, परम्परागत आचार्य मत (अभिधम्म) सिंहली भाषामा लेखे, लेखाए।

यसरी त्रिपिटक र कथावस्तु सर्वप्रथम सिंहली भाषामा लिपिबद्ध



Downloaded from http://www.dhamma.digital

भएको देखिन्छ । यो पनि श्रीलङ्काको निमित्त गौरवको विषय हो ।

यता भारतमा शुङ्ग वंशले ई. पू. १८५ सालमा बुद्ध धर्मको हिमायती मौर्य वंशको अन्त्य गरेर राजसत्ता सम्हाल्यो । ई. पू. ७३ सालमा कण्व वंशले शुङ्ग वंशबाट सत्ता खोसेर ई. पू. २८-२७ सालसम्म राज्य गऱ्यो। यी पछिल्ला दुवै ब्राह्मण वंशले बौद्ध धर्ममाथि दमन चक्र चलाए। ती कट्टर ब्राह्मणवादीहरूको दमनअन्तर्गत बस्न नचाहने बौद्धहरू कोही देशै छाडेर गए, कोही पश्चिम र उत्तरतिर लागे। उत्तरपूर्वी प्रदेश वा मध्यमण्डलतिर बुद्ध धर्मको या त ह्रास भयो या त यसको शुद्ध स्वरूप बदलेर महायानमा परिणत भयो ।

जे होस् पाचौं शताब्दीताका भारतमा त्रिपिटक पाइए पनि मूल त्रिपिटक मात्र थिए, अर्थकथाहरू थिएनन्। बुद्धवचनहरूका व्याख्या गर्ने क्रममा विभिन्न आचार्यहरूको परम्परागत मतहरू (अर्थात् अभिधम्मका अधिकांश अङ्गहरू) भारतमा पाइन्न थे। यी ग्रन्थहरू केवल श्रीलङ्कामा मात्र उपलब्ध थिए-- सिंहली भाषा र लिपिमा लेखिएका मात्र। माथि चर्चित मूल त्रिपिटक पालि भाषाको थियो र सम्भवतः दक्षिण भारतमा भेटिएको थियो ।

पाँचौं शताब्दीको आसपासमा दक्षिण भारतमा रेवत नाउँका एकजना प्रसिद्ध बौद्ध आचार्य भिक्षु थिए। उनका शिष्यहरूमध्ये बुद्धघोष भनिने एकजना असाधारण तवरले प्रातिभाशाली थिए। आचार्य रेवतले यिनै बुद्धघोषलाई श्रीलङ्कामा गएर भारतमा अप्राप्य अट्टकथा र अन्य ग्रन्थहरू सिंहली भाषाबाट अनुवाद गरेर ल्याउने जिम्मेवारी सुम्पे। यी



Downloaded from http://www.dhamma.digital

वुद्धघोप वुद्धगया इलाकामा जन्मेका थिए । आफूलाई गुरुले काम सुम्पेअनुसार वुद्धघोप (ई. ३८०-४४०) श्रीलङ्का (सिंहलद्वीप) मा गए। त्यसबेला त्यहाँ राजा महानाम (ई. ४०४-४२४वा ४१३-४३५) राज्य गर्दथे। वुद्धघोष राजधानी अनुराधपुर पुगेर महाविहारमा बसे। त्यहाँ उनले संघपाल स्थविरसंग सम्पूर्ण सिंहली अर्थकथा र अरू पर्य्याप्ति शासन (वुद्धशासन, त्रिपिटक) अध्ययन गरे।

आफ्नो अध्ययन र सिंहली भापाको ज्ञान पनि पूरा भएपछि वुद्धघोपले एक दिन सम्पूर्ण भिक्षुसंघको सामुन्ने निवदेन गरे, "भन्ते ! अर्थकथाहरू म मागधी (अर्थात् पालि) मा अनुवाद गर्न चाहन्छु, अनुमति पाउँ ।"

भिक्षुसंघले बुद्धघोपको वुद्धशासन र पालि भापासम्वन्धी ज्ञानको परीक्षा गर्न यसो भन्यो, "पहिले यी दुई गाथा[1] को पालिमा व्याख्या गरेर आफ्नो क्षमता देखाऊ । अनि तिमीले चाहेको अनुमति दिनेतिर विचार हुनेछ ।"

तदनुसार ती दुई गाथाको व्याख्या लेख्ने क्रममा यिनले 'विशुद्धिमार्ग' जस्तो महान् ग्रन्थ रचे ।

---

१. सीले, पतिट्ठाय नरो सपञ्ञो,
चितं पञ्ञञ्च भावयं ।
आतापी, निपको भिक्खु,
सो इयं विजटये जटं ।
अन्तो जटा वहि जटा,
जटाय जटिता पजा ।
तं तं गोतम पुच्छामि,
को इमं विजटये जटं ।



Downloaded from http://www.dhamma.digital

अनि भिक्षुसंघका नायक महास्थविरले वुद्धघोपलाई लौह प्रासादको तल्लो तलामा वसाले। त्यहीं रहेर यिनले सिंहली अर्थकथाहरू एवं अरू ग्रन्थहरूको पालि भाषामा उल्था गरे।

बुद्धघोपले आफूले गरेका अनुवादहरू सवै भिक्षुसंघलाई देखाए। नायक महास्थविर र अन्य अधिकारीहरू ती अनुवाददेखि अत्यन्त प्रभावित भए। सिंहली अर्थकथाहरूको बुद्धघोषले गरेको अनुवाद तयार भएको देखेपछि महास्थविरले श्रीलङ्कामा सर्व प्रथम ई. पू. २४७ सालमा वुद्ध शासन प्रचार गर्न गएको टोलीका नेता महामहेन्द्र स्थविर (सम्राट् अशोकका छोरा) ले झण्डै ६६०-७० वर्ष अगाडि लेखिराखेका सिंहली अर्थकथाहरूका कितावहरू महाचैत्य (सुर्वणमाली) को समीप पवित्र ठाउँमा जलाउन लगाए।

त्यसपछि सिंहली भिक्षुहरूसंग विदा लिएर बुद्धघोष आफ्ना पालि अनुवादहरू सहित वुद्धगयातिर फर्के।

पालि त्रिपिटकको निर्माण सर्वाङ्गीण रूपले पूरा भए पछि पालि साहित्यका ग्रन्थकारहरूमा महान् पालि-ग्रन्थ-निर्माता वुद्धघोप नै देखिए। यिनका अनूदित अर्थकथाहरूवाट बुद्धकालीनदेखि यिनकै समकालीन समाजका धार्मिक, आर्थिक, ऐतिहासिक, राजनैतिक पक्षहरूका विवेचनात्मक विवरणहरू मिल्छन्। यिनले अर्थकथा ग्रन्थहरूका गूढ अर्थ र भावहरूको व्याख्या नगरेका भए आजकाल त्रिपिटकका कतिपय कठिन कुराहरू सजिलैसंग वुझ्न नसकिने मात्र होइन तिनका वास्तविक भाव लोप हुनुवाट वच्ने पनि थिएनन्। भनिन्छ कि वुद्धघोप जस्ता भाप्यकार अर्को कोही निस्केकै थिएन– उहिले र



Downloaded from http://www.dhamma.digital

अहिलेसम्म पनि । यिनका प्रयासबाट केही अंश मात्र सिंहली भाषामा सीमित भइरहेको पालि त्रिपिटक फेरि एकै ठाउँमा एकै भाषामा सङ्गालिएर सिङ्गो पूर्ण बन्न सक्यो । शुद्ध बुद्ध धर्मलाई फेरि जाज्वल्यमान तुल्याउनामा यसरी श्रीलङ्काको साथै बुद्धघोषको योगदान पनि उल्लेखनीय हुन्छ ।

हुन पनि आज बर्मा, थाईदेशहरूमा जुन त्रिपिटक कुँदिएका छन्, कोरिया, जर्मनी, अंग्रेजी आदि भाषाहरूमा जुन त्रिपिटक अनूदित छन् तिनका स्रोत वा मूल अन्तत्वं गत्वा बुद्धघोषकै पालि अनुवाद वा श्रीलङ्काली भाषाका प्राचीन ग्रन्थहरू हुन् ।

अन्तमा त्रिपिटकको लिपिबद्धीकरणको सिलसिलामा के पनि स्मरणीय हुन्छ भने बर्मा (म्यानमार) को माण्डाले शहरमा ई. १८७१ सालमा आयोजना गरिएको शुद्ध बुद्ध धर्मको पाँचौं संगायनले सिङ्गै त्रिपिटकलाई त्यहीं महापाषाण गुफामा सिंहमरमरमा कुँदायो ।

ई. १८७५ सालमा धुरन्धर विद्वान् भिक्षुहरूको संशोधन समितिले प्रमुख संघनायक विद्वान् भिक्षु सुमङ्गलको अध्यक्षतामा श्रीलङ्का, रत्नपुरमा बसेर सम्पूर्ण त्रिपिटक होशियारीसाथ पुनरावलोकन गऱ्यो ।

**सन्दर्भ ग्रन्थ**

१. महाबंश- हिन्दी अनुवाद, भदन्त आनन्द कौसल्यायन, ई. सं. १९४२
२. बुद्ध धर्म संघ व बुद्ध- शासन (ऊ. नुया मिखाय्), प्रकाशक भिक्षु कुमार काश्यप स्थविर, सं. २०३६ ।
३. भिक्षु धर्मरक्षित– जातक अट्ठकथा, इ. १९५१, वाराणसी; भारतीय ज्ञानपीठ, काशी ।



Downloaded from http://www.dhamma.digital

# स्तूप - चैत्य

स्तूप-चैत्यको महत्व नेपालमा मात्र होइन वौद्ध जगतभर ठूलो छ। एशियाका चीन, भारत, वर्मा, लंका, लाओस्, कम्वोडिया, थाइदेश, कोरिया, भिएतनाम, जापान, इन्डोनेशिया इत्यादि देशहरूमा धेरै स्तूप छन् र यिनको महत्व धेरै छ। स्तूप बौद्ध संस्कृतिको एउटा अभिन्न अङ्ग हो। यसको इतिहास भगवान् बुद्धको निर्वाण जत्तिकै पुरानो छ।

गणराज्य कुशीनगरको साल वृक्षमुनि ई. पू. ४८३ वैशाख पूर्णिमाको राति भगवान् बुद्धको निर्वाण भयो। बुद्धको निर्जीव देह सात दिनसम्म फूलले छोपेर राखियो। मुकुटवन्धनमा लाश दाह गरिएपछि वाँकी रहेको अस्थि निर्वाणको ३ हप्तापछि ठाउँ ठाउँका मनिसहरूमा वाँडियो । वैशालीका लिच्छवीहरू, कपिलवस्तुका शाक्यहरू, अल्लकप्पका वुलयहरू, रामग्रामका कोलियहरू, पावानगरका मल्लहरू, कुशीनगरका मल्लहरू, वेठदीपका ब्राह्मणहरू र राजगृहका प्रतिनिधिहरूको वीचमा माटाको गोल्फुले भरेर भगवान्‌को अस्थि भाग लगाइयो। यी आठ राष्ट्रमा यो पवित्र अस्थि गर्भमा राखेर माटाका थूर वनाइए । भगवान्‌को हाड अर्थात् अस्थि भित्र राखेर वनाइएकाले यिनीहरू "अस्थि-चैत्य" कहिलिए । पिप्पलीवनका मौर्यहरूले अस्थि लिन नपाएकाले वुद्धको लाश दाह गरिएको ठाउँमा रहेको गोल र खरानी सोहोरेर लगे। त्यही गोल र खरानी गर्भमा राखेर वनाइएको थूर "भस्म चैत्य" वा "अङ्गार चैत्य" कहलियो । मल्ल राजाहरूका राजगुरु द्रोण ब्राह्मणले जुन भाँडाले भरेर अस्थि भाग लगाएका थिए



Downloaded from http://www.dhamma.digital

त्यही मानु उनले मल्ल राजासंग मागेर लिए। त्यही मानु गरिएको गोल्फु गर्भमा राखेर द्रोणले पनि एउटा थूर बनाए। यो थूर "कुम्भ चैत्य" भनियो। यसरी भगवान्को शरीरको दाह संस्कारपछि नै दशवटा स्तूप बने। यी स्तूपहरू नै बौद्ध चैत्यका शुरुवात हुन्।

यी पवित्र अस्थिहरू यसरी छरिएर रहेमा पछि खतरा हुने देखेर भगवान् वुद्धका वयोवृद्ध शिष्य भिक्षु महाकाश्यपले मगधराज अजातशत्रुसंग यिनीहरूको राम्रो संरक्षण गरिदिन अनुरोध गरे। तदनुसार अजातशत्रु (उनी राजा भएको आठवां वर्षमा भगवान्को निर्वाण ई. पू. ४८३, त्यसपछि अरू २४ वर्ष राज्य गरेका, तसर्थ ई. पू. ४९१-४५९सम्म) ले नागहरूबाट रक्षा गरिएको भनिएको रामग्रामको एउटा स्तूपलाई छाडेर अरू सात स्तूपबाट पूजाको लागि चाहिने जति मात्र अस्थि त्यहींत्यहीं बाँकी राखी अरू अस्थि ल्याएर राजगृहमा सबै एकै ठाउँमा जमिनमुनि गाडेर त्यसमाथि एउटा ढुङ्गाको स्तूप वनाए। पछि सम्राट् अशोक (राजा बु. सं. २१४, राज्या. बु. सं. २१८, तदनुसार ई. पू. २६९, २६५-२२८-७ सम्म) ले अजातशत्रुको ढुङ्गे स्तूपबाट झिकेको अस्थि राखेर भारतभर ८४,००० चैत्य वनाए। माथि उल्लिखित रामग्रामस्थित स्तूपकै अस्थि नागहरूद्वारा श्रीलङ्का पुऱ्याइएको थियो भनेर पनि लेखिएको छ। जे होस्, अशोकले वुद्ध अस्थि श्रीलङ्का पनि पठाएका थिए। बोधगयामा रहेको बोधिवृक्षको हाँगा पनि आफ्ना छोरी संघमित्राको हात श्रीलङ्का पठाए। यही बोधिवृक्षको पात वा जे भेटियो त्यही वस्तु गर्भमा राखेर पनि स्तूप बनाउने चलन कालान्तरमा चल्यो। अरू देशहरूमा पनि पछि स्तूपहरू



Downloaded from http://www.dhamma.digital

बन्न लागे ।

**चैत्यको अर्थ**:- बौद्ध स्मारकलाई चैत्य भनिएकोमा तीन विचार पाइन्छन् । पहिलो विचारअनुसार चित्तलाई संधै धर्ममा जागरूक गर्ने अर्थात् चैतन्य दिने हुनाले यसलाई 'चैत्य' भनेको हो । दोस्रो बिचारअनुसार भगवान् बुद्धको चितावशेष (चिता अवशेष) अर्थात् हाड, खरानी आदि चितामा बाँकी रहेको वस्तु राखेर बनाइएंकाले 'चैत्य' भनिएको हो । तेस्रो भनाइअनुसार असल जति सबै चित्तका गुण एकै ठाउँमा बटुलिएकोले 'चित्त' वा 'चैत्य' भनिएको हो ।

**चैत्यका किसिम**:- दीर्घ निकायमा लेखिएको छ कि चैत्य चार किसिमका हुन्छन्- शारीरिक, परिभोग, धर्म र उद्देश्य ।

**(१) शारीरिक चैत्य**:- भगवान् बुद्धको शरीरको कुनै भाग, अक्सर गरेर अस्थि गर्भमा राखेर बनाइएको चैत्य "शारीरिक चैत्य" भनिन्छ । अशोक चैत्य यस्तै हुन् ।

**(२) परिभोग चैत्य**:- भन्नालाई त भगवान् बुद्धले उपभोग गरेको चीवर, भिक्षापात्र, ओछ्यान इत्यादि वस्तु गर्भमा राखेर बनाएको चैत्यलाई "परिभोग चैत्य" भन्दछन् । तर भगवान् बुद्धले भोगचलन गरेको कुनै वस्तु पनि चैत्यमा जोगाइएको इतिहासमा पाइन्न । तसर्थ बोधिवृक्षको पात, हांगा मात्रै भए पनि राखेर बनाइएको स्तूप नै "परिभोग चैत्य" मानिएको छ ।

**(३) धर्म चैत्य**:- भगवान् बुद्धको उपदेश, त्रिपिटक, संगीतिका



Downloaded from http://www.dhamma.digital

निर्णयहरू इत्यादि लामो समयसम्म टिक्ने वस्तुमा कुँदिएका चीजहरू राखेर बनाइएको चैत्य "धर्म चैत्य" कहिन्छ। सम्राट् कनिष्क (सम्भवत: सन् ७८-१२०) को राज्यकालमा काश्मीरको कुण्डलवन विहारमा वा जालन्धरमा चौथो संगीति भएको थियो । यस संगीतिका निर्णयहरू अर्थात् 'विभाषा' तामापत्रमा कुँदाइए । यी तामापत्रहरू गर्भमा राखेर कनिष्कले बनाएको यो 'धर्म चैत्य' वा विभाषा कुँदिएका तामापत्रहरू आजकालको काश्मीरमा कतै पुरिएको हुनुपर्छ। धर्म चैत्य बर्मामा पनि पाइन्छ ।

(४) **उद्देश्य चैत्य:-** उपरोक्त तीन किसिमका चैत्यहरूबाहेक पछि अर्को किसिमको चैत्य पनि बनाइयो । बुद्धप्रति श्रद्धावश उहाँको जीवनी र दर्शनसम्बन्धी कृतिहरू राखेर पनि चैत्य बनाइयो । श्रद्धालु मानिसहरूले आफ्नो मनोकामना सिद्ध होस् भनेर भिन्नभिन्न उद्देश्यले बनाएका चैत्यहरू "उद्देश्य चैत्य" वा "निमित्त चैत्य" कहलिए। यस्ता चैत्यहरू पनि कनिष्कको समयदेखि बनाइन थालेको भनिन्छ ।

चैत्यको वर्गीकरण उपरोक्त तरीकाले गर्ने बेलामा यो कुरा सम्झनु आवश्यक छ कि शारीरिक चैत्यलाई छाडेर परिभोग, धर्म, उद्देश्य चैत्यलाई मात्र चैत्य भन्ने चलन पनि छ। शारीरिक चैत्यलाई 'स्तूप' वा 'थूर' भन्दछन् ।

**महायानी प्रभाव:-** वि. सं. को दोस्रो शताव्दीदेखि आठौं शताव्दीसम्ममा महायानी विचारधारा बलियोसंग प्रचार भएको थियो । महायानको तन्त्रबाट नै वज्रयान उब्जेको हो । वज्रयान प्रचार



Downloaded from http://www.dhamma.digital

भएको समय वि. सं. ८०० देखि १२०० सालसम्म मानिएको छ। यही वज्रयानले अनि यहाँको धार्मिक, सांस्कृतिक, थितिरीतिलाई ढाक्यो। तसर्थ लिच्छवि, मल्ल कालमा बनेका चैत्य, चिभा: (नेपाल-भाषामा यसो भनिने यो एक किसिमको सानो चैत्य हो) मूर्ति, स्थापत्य कला, पौ-बाहा, तोलं-पौ इत्यादि सबै वज्रयानी देखिन्छन्। नेपालमा महायान वा वज्रयान भित्रिएपछि भगवान् बुद्धलाई देउता बनाए, मूर्ति बनाएर पूजा गरे। दीपङ्कर[1] आदि २७ बुद्ध, विपश्वी[2] आदि ७ मानव बुद्ध वैरोचन [3] आदि ध्यानी बुद्ध, आदि बुद्ध, मैत्रेय बुद्ध अनेक बोधिसत्वहरू वा अवलोकितेश्वरहरू आदि असंख्य बुद्धहरूको कल्पना भयो। साँच्चैको बुद्धको दर्शनमा कल्पना, अन्धविश्वास, आडम्बर, मन्त्रतन्त्र मिसाइए। भगवान् बुद्धको 'सर्वमनित्यम्, सर्वमनात्मनम्, ये' धम्माहेतुप्रभवा..., प्रतीत्यसमुत्पाद, आर्य सत्य, अष्टाङ्गिक मार्ग" इत्यादि बुद्धिवाद बुझ्ने कोसिस छाडियो। वज्रयानको मन्त्रतन्त्र बुझ्न

१ दीपङ्कर आदि २७ बुद्ध:- दीपङ्कर, कौडिन्य, मङ्गल, पद्म, नारद, पदुमोत्तर, सुमेध, रैवत, प्रियदर्शी, अर्थदर्शी, धर्मदर्शी, सिद्धार्थ, तिष्य, पुष्य, विपश्वी, शिखी, विश्वभू, ककच्छन्द, कनकमुनि, काश्यप, (सिंहली लेखाङ्कनअनुसार) तन्हङ्कर, मेधङ्कर, सव्राङ्कर।

२ विपश्वी आदि ७ मानव बुद्ध:- विपश्वी, शिखी, विश्वभू, ककुच्छन्द, कनकमुनि, काश्यप र शाक्यमुनि गरेर महायानी विश्वास अनुसार मानव बुद्ध ७ जना छन्। तर ऐतिहासिक तवरले शाक्यमुनि एकजना मात्र मानव बुद्ध हुन्।

३ वैरोचन आदि ५ ध्यानी बुद्ध:- वैरोचन, अक्षोभ्य, रत्नसम्भव, अमिताभ, अमोघसिद्धि।

४ ये धर्मा हेतुप्रभवा... ये धर्मा हेतुप्रभवा हेतुं तेषां तथागतो ह्यवदत्। अवदच्च यो निरोधो एवं वादी महाश्रमण: ॥



Downloaded from http://www.dhamma.digital

र टिकाउन कलाको आड लिइयो। अनि चैत्य वज्रयानी भावनाको प्रतीक वन्यो। चिभा: वा चैत्यलाई ज्योतिर्रूप, आदिबुद्ध, धर्मधातु, सर्वसुगतहृदय, सर्वकुशलसंग्रहसर्वपारमितापूरक, धर्मकाय, ज्ञानकाय, तत्वरूप इत्यादि अनेक नाउँ दिइए।

चैत्यको महायानी व्याख्या:- चैत्यको निर्माणको लागि सबभन्दा पहिले बाटुलो सम्म परेको जग बनाइन्छ। यो 'मण्डल'[५] कहिन्छ। मण्डलमा गोलार्द्ध उठाइन्छ। यो 'गर्भ' भनिन्छ। यो गर्भ घण्टा वा कलशको आकारको प्रतीक मानिन्छ। घण्टाको मतलब आवश्यक वुद्धहरू र अरूहरू सबै आराधना गरिएको र कलशको मतलब ज्ञान निस्कने साधन वा भाँडो मानिएको छ। गर्भ रहने ठाउँठाउँमा चक्र, पद्म, रत्नवज्र, विश्ववज्र आदि चिन्हहरू राखिन्छन्। यी चिन्हहरू हरएकका कुनै न कुनै मतलब हुन्छ। उदाहरणार्थ, चक्रको अर्थ अज्ञान ध्वस्त गर्ने ज्याभल, वज्रको अर्थ अविनाशी, अभेद्य, अछेद्य तत्व; रत्नको अर्थ दुर्लभ वोधिज्ञान; पद्मको अर्थ सांसारिक तृष्णा, अज्ञानले भिजाउन नसकिने कमल फूलका जस्तो गति इत्यादि। गर्भभित्र वैरोचन बुद्ध राख्ने भए गोलार्धको माथि स्तम्भमा चारैतिर 'दृष्टि' अर्थात् आँखा लेखिन्छ- यो नै वैरोचन बुद्धका देखिने रूप हो। 'दृष्टि' प्रदर्शित नगरिने भए वैरोचनको मूर्ति बनाएर गर्भभित्र राखिन्छ। यही

५ मण्डल:- यो 'धर्मधातु मण्डल' का मतलब ४६ चित्त संप्रयुक्त, १४ चित्त विप्रयुक्त ३ असंस्कृत र १ अविज्ञप्ति गरेर ६४ धर्मका अन्तर्भाव हो।



Downloaded from http://www.dhamma.digital

वैरोचनका[६] मूर्ति अगाडि पूर्वतिर गर्भका फेदमा भूस्पर्श मुद्राका अक्षोभ्य, दाहिने दक्षिण दिशामा वरद मुद्राका रत्नसम्भव, पछाडि पश्चिम दिशामा ध्यान मुद्राका अमिताभ र देब्रेतिर उत्तरमा अभय मुद्राका अमोघसिद्धि राखिन्छन्। या ध्यानी[७] बुद्धहरूको साथमा उनीहरूका स्त्री वा शक्तिस्वरूप पाँचजना ताराहरू धात्वेश्वरी, लोचनी, मामकी, पाण्डुरा, तारा वा श्वेत, उग्र रत्न, भृकुटी, आर्यतारा र उनीहरूका छोरा बोधिसत्वस्वरूप समन्त भद्र, वज्रपाणि, रत्नपाणि, पद्मपाणि, विश्वपाणिहरूको पनि मूर्तिहरू राखिन्छन्। यी शक्ति र बोधिसत्वहरूको समेत मूर्ति देखिने गरी राखिएको चैत्य 'धर्मधातु चैत्य' र ध्यानी बुद्धहरूको मात्र मूर्ति देखिने भएको चैत्य 'वज्रधातु चैत्य' कहिन्छन्। यी मूर्तिहरूबाहेक दिशादिशामा र कुनाकुनामा गर्भमण्डलमा यताउति ग्रह, नक्षत्र, नाग, यक्ष, पारमिता इत्यादिको प्रतीक अनेक मूर्ति र चिन्हहरू राखिन्छन्। गर्भको टुप्पाबाट ठाडो चारकुने होचो स्तम्भ उठाइन्छ। 'चकु' (नेपाल भाषामा) कहिने यो चारपाटे स्तम्भमा चारैतिर आँखा दुई वटा र तिनीहरूको बीचबाट तल ओरालेर प्रश्न चिन्ह जस्तो '?' यस्तो चिन्ह लेखिन्छ। आँखाको यो चिन्ह सबै 'दृष्टि' कहिन्छ। यो दृष्टिको मतलब ध्यानी बुद्धहरूमा मुख्य वैरोचनको प्रतीक हो जसको मूर्ति साकार रूपले प्रदर्शित गरिंदैन। यो दृष्टिलाई

६ वैरोचन:- ढोकाको तोरणमा वा अरू ठाउँमा वैरोचनको मुद्रा बोध्यङ्ग हुन्छ र सेतो वर्णले माझमा लेखिन्छ। दाहिनेतिर संगै नीलो रङ्गका अक्षोभ्य, उनका पनि दाहिने पहेंला रङ्गका रत्नसम्भव, देब्रेतिर संगै रातो रङ्गको अमिताभ र उनको पनि देब्रेतिर हरियो रङ्गको अमोघसिद्धि हुन्छन्।



Downloaded from http://www.dhamma.digital

वोधिज्ञानको करुणा-दृष्टिले सर्वत्र हेरिरहेको[७], देखिरहेको पनि भन्दछन् । यी आँखाको माथितिर पञ्चरश्मिको[८] चिन्ह राखिन्छ भन्दछन् । चारै दिशामा यो दृष्टिकोणको माथिनै एउटा अर्धगोलाकार पातो पालीजस्तो गरे राखिन्छ । यो पातो 'तोरण' कहिन्छ । जुन जुन बुद्धतिरको तोरण हो त्यसत्यस बुद्धको कुलको चिन्ह त्यसमा दर्शाइएको हुन्छ । जस्तै:- पूर्वमा अक्षोभ्य कुलको चिन्ह वज्र, दक्षिणमा रत्नसम्भव कुलको चिन्ह रत्न, पश्चिममा अमिताभ कुलको चिन्ह पद्म, उत्तरमा अमोघसिद्धि कुलको चिन्ह विश्ववज्र र यी चारै तोरणको माझमा भित्रपट्टि वैरोचन कुलको चिन्ह चक्र बनाएर राखिन्छन् । तोरणको माझमा रहेको चक्काको माथि बाटुलो गरेर तेन्ह तला उठाइन्छ– यो त्रयोदश चक्रावली भनिन्छ । यी तलाहरू ज्ञान-साधनाका

७ ध्यानी वुद्धहरू:- विभिन्न मुद्राका पाँच काल्पनिक बुद्ध १. वोध्यङ्ग मुद्राका वैरोचन वुद्ध हेतुप्रत्ययो: धर्म... वा शून्यवादको प्रतीक । २. अक्षोम्भ वुद्ध पृथ्वीमा भइरहेका अस्थिरता वोधिज्ञानद्वारा स्थिर गर्न सकिन्छ भन्ने धारणाका प्रतीक । ३. रत्नसम्भव बुद्ध:- मानिसलाई चाहिने जति कुरा वोधिज्ञानले दिन सक्छ भन्ने धारणाको प्रतीक ४. आँखा नझिम्काईकन हेरिरहेको अमिताभ वुद्ध- संसारमा दु:ख पाइरहेका मानिसहरूप्रति वुद्धको असीम करुणाको प्रतीक । ५. अमोघसिद्धि बुद्ध- वोधिज्ञानले उद्धार गर्न सक्छ, संसारको दु:खदेखि डराउनु पर्दैन भन्ने धारणाको प्रतीक ।

८ पञ्चरश्मि:- यसको मतलब यसरी वताइएको छ :-

| वुद्ध | वर्ण | तत्व | गुण |
|---|---|---|---|
| वैरोचन- | सेतो | जल | शान्तिरूप |
| अक्षोभ्य- | नीलो | आकाश | ज्ञानरूप |
| रत्नसम्भव- | पहेंलो | पृथ्वी | वरदरूप |
| अभिताभ- | रातो- | अग्नि | करुणा |
| अमोघसिद्धि- | हरियो | वायु | सृष्टि |



Downloaded from http://www.dhamma.digital

तेह्र तहका भुवन वा भूमि-प्रमुदिता, विमला, प्रभाकरी, अर्च्चिष्मती, सुदुर्जया, अभिमुक्ति, दूरङ्गमा, अचला, साधुमती, धर्ममेघा, समन्तप्रभा, निरूपमा, ज्ञानवतीका प्रतीक हुन् । यिनीहरू मध्ये पहिला पाँच तह श्रावकभूमि' पार गर्ने "श्रावकयानी" कहिन्छ । नौ तह पार गर्ने व्यक्ति "अभिसम्बुद्ध" (अर्हत्)[१] हुन्छ । एघार तह पार गर्ने "महायानी" हुन्छ र तेऱ्है तह पार गर्न सकेको व्यक्ति मात्र "वज्रयानी" हुन्छ । तसर्थ सवभन्दा पछिल्लो वा माथिल्लो तह ज्ञानवती भूमिलाई 'वज्रभूमि' पनि भन्दछन् । यी तेऱ्ह तलाको माथि बाटुलो आकार ल्याउन पाँचवटा थाम ठडाइन्छन् र यो "अम्वसा" कहिन्छ । कमलको फूलको आकार आउने गरी बनाइएको यो अम्वसाको पाँच थाम पञ्च बुद्धलाई आसन विछ्याइएको मानिन्छ । यसको माथि तल-माथि प्वाल-प्वाल पारेर वनाइएको 'कलश' राखिन्छ । यही नै बोधिज्ञान विराजमान गरिने साधन वा भाँडो मानिएको छ । चैत्य निर्माण कार्य सवै सम्पन्न भएपछि त्यसमा जीवन्यास गर्ने बेला आराध्य वुद्धहरू सवै कलशका प्वालहरूवाट भित्र पस्छन् र यसरी चैत्य सजीव भएपछि यसका प्वालहरूवाट रश्मि निस्किरहन्छ । यस्तो ज्योति नै सम्यक् सम्वोधिको प्रतीक ठानिन्छ । यो उष्णीष चूडामणि कहिन्छ । यसरी सवभन्दा ठूलो, उच्च र जुन जानिसकेपछि अरू जान्नु आवश्यक हुँदैन त्यस्तो ज्ञानलाई रक्षा गर्नाको लागि वा सम्मान गर्नाको लागि "छत्र" ओढाइन्छ । यस छत्रमा गजुर पनि हुन्छ । चैत्यको विभिन्न अङ्गको वर्णन र अभिप्राय संक्षेपमा यही हुन् ।

- गोरखापत्र, २०२९-७-१२ वाट साभार

१. अर्हत्:- हीनयानी सिद्धान्तअनुसार साधनका भूमि चार तह मात्र छन् - स्रोतापत्ति, सकृदागामी, अनागामी र अर्हत् ।



Downloaded from http://www.dhamma.digital

# बुद्धका देनहरू

## (नेपालीहरूका लागि)

बुद्धका "बहुजन हिताय बहुजन सुखाय" - को सिद्धान्त, अन्धविश्वासरहित वैज्ञानिक धारणा एवं मैत्री, करुणा, उपेक्षाको भावनासम्बन्धी सन्देशहरूले पच्चीस सय वर्षदेखि विश्वभर भनेजसो खेलिरहेको भूमिका आज विश्वव्यापी हुँदै गइरहेको तथ्य सर्वविदित नै छ । त्यसका कारणहरू मध्ये एउटा हो अन्धानुकरण नगर्नमा र वैज्ञानिक तवरले सोच्नमा बुद्धले दिएको जोड । उनको यसै स्वतन्त्र चिन्तन गर्ने पद्धति र अन्धविश्वासमा नलाग्ने प्रवृत्तिकै कारण युरोप र अमेरिकाका निवासीहरू दिनानुदिन बौद्ध विचारधाराप्रति आकर्षित हुँदैछन् । फेरि आज संसारमा मानव अधिकार र मानिस मानिसबीच समानताको लागि बुलन्द आवाज जुन उठिरहेको छ त्यसको मूलभूत सारांश बुद्धले पच्चीस सय वर्षअगाडि प्रकट गरेको "जन्मले नै कोही ठूला जातको हुँदैन र कोही साना जातको हुँदैन, कर्मले नै मानिसलाई ब्राह्मण अर्थात् ठूला जातको र चाण्डाल अर्थात् साना जातको बनाउँछ" भन्ने अभिव्यक्तिमा प्रष्ट खुलेको छ । जातको आधारमा गरिएको भेदभावको विरोध उनले उहिल्यै गरिसकेका थिए ।

त्यस्तै आजको संसारमा जुन पारस्परिक संघर्ष, अविश्वास, वैरभाव, मारकाटले विश्व-वातावरणलाई नै धमिलो र भयावह पारिदिएको छ त्यसको मूल कारण बुद्धले उहिले नै संकेत गरेका थिए । उनले भनेका थिए "जिघच्छा परमा रोगा" अर्थात् "भोक नै



Downloaded from http://www.dhamma.digital

सबभन्दा ठूलो रोग हो"। यसको व्यावहारिक अर्थ के हुन्छ भने मानव समाजमा पाइने अधिकांश अनिष्टको मूल कारण गरीबी नै हो। आज विश्वभर व्याप्त अनैतिकता, भ्रष्टाचार, अपराध आदि अनिष्टहरूको कारण अन्तिम विश्लेषणमा दारिद्र्य र आर्थिक स्थितिको विषमता नै हुन आउँछन्। यस्तै मानव जीवनका मूलभूत कुराहरूबारे बुद्धको सारगर्भित सोचाइकै कारणले आजको द्रुत गतिले प्रगति गरिरहेको वैज्ञानिक विश्वमा पनि उनको विचारधाराले उत्तरोत्तर व्यापकता पाइरहेको देखिन्छ।

यस्ता अन्तर्राष्ट्रिय पक्षको साथै नेपालीहरूको लागि त बुद्धका अलग्गै विशिष्ट महत्त्व र संस्मरण पनि छन्। यस सन्दर्भमा पहिलो कारण त यही देखिन्छ कि बुद्ध अर्थात् राजकुमार सिद्धार्थ जन्मेको ठाउँ लुम्बीनी र उनको पैतृक राज्य कपिलवस्तु हाम्रो देशको भूभागमा अवस्थित छन्। बुद्धका प्रमुख शिष्यहरू- सारिपुत्र, मौद्गल्यायन र बुद्धधर्मका प्रचारक सम्राट् अशोकको आज भारतीयहरूबाट कत्रो आदर भैरहेछ। अशोक चक्र, अशोक स्तम्भका सिंहमूर्ति राष्ट्रिय चिन्ह भैरहेका छन्। आफ्नो स्वाधीनतापछि भारतले सारिपुत्र र मौद्गल्यायनका अस्थिहरु बेलायतबाट फिर्ता लिइहाल्यो। तर आफ्ना एक महापुरुषको सन्तोषजनक सम्मान हामीबाट हुन सकेको छैन। जेरुसलम वा मक्का कतिको पुण्यभूमि सम्भिइन्छ। जोर्डन नदीको पानीको सम्म पनि कत्रो महिमा! राजाहरूको राज्याभिषेकजस्ता महत्वपूर्ण उत्सवमा त्यहाँको पानी अनिवार्य मानिन्छ। तर लुम्बिनी उपवनको के महिमा हामीहरूले स्थापना गर्न सक्यौं! बुद्धको जन्मस्थान लुम्बिनीलाई विश्वशान्तिको



Downloaded from http://www.dhamma.digital

प्रमुख तीर्थस्थल वनाउनु हाम्रै कर्तव्य होइन र ?

दोस्रो कारण नेपाली जनसंख्यामा वौद्धहरू धेरै संख्यामा हुनु पनि हो । वौद्ध जनताको आधिक्यको कारणले नै चीन, बर्मा, थाईलायण्ड, श्रीलङ्का, लाओस आदि देशका सरकारहरूले बौद्ध धर्मको विशेष सन्मान गर्छन् । धर्म-निरपेक्षी भारत सरकारले पनि वौद्ध-धर्मी सम्राट् अशोकको चक्रलाई आफ्नो राष्ट्रिय झण्डामा अंकित गरेको छ । यस्तायस्ता वस्तुस्थितिहरूप्रति पनि हाम्रो विचार जानु पर्दछ । केवल निष्क्रिय वा निरपेक्षी भएर मात्र हेरिरहने होइन ।

नेपालीहरूलाई वौद्ध धर्मको विशेप महत्व रहनाको तेस्रो कारण हो नेपाली संस्कृति र नेपालको गौरवमा परेको वौद्धधर्मको नमेटिने छाप । तत्कालीन कपिलवस्तु राज्यको प्रतिनिधित्व गर्ने वर्तमान तिलौराकोट-तौलिहवा, शिवराज-खजहनी इलाकालाई वुद्ध स्वयंले पटकपटक आई प्रभाव पारेका थिए जसको सवुद त्रिपिटक नै छन् । काठमाडौं उपत्यकासम्म पनि वुद्धकै जीवनकालमा वुद्ध धर्मको प्रभावअन्तर्गत परेको थियो भनेर मूलसर्वास्तिवादविनयसूत्रमा किटानसाथ लेखिएको छ । कोशलराज विडुडभद्वारा कपिलवस्तु ध्वस्त पारिएपछि शाक्य र कोलियहरू तथा पछि लिच्छवि, मल्लहरू पनि उपत्यकामा आएका थिए । यसवारे नेपालको इतिहासवाटै पर्याप्त प्रकाश परेकै छ । यथासमयमा वौद्ध दर्शन, वौद्ध- विचारधाराको नेपाली संस्कृतिसंग यतिको सम्मिश्रण भयो कि एउटावाट अर्को अभिन्न प्राय: हुन गयो । वौद्ध धर्मको निमित्त नेपाली कला साधन हुन थाल्यो र नेपाली कलाको निमित्त वौद्ध धर्म साधन वन्न लाग्यो । स्वयम्भू, वौद्ध, महावौद्ध, अरू



Downloaded from http://www.dhamma.digital

पनि वाहाल-वहिलहरू जतिको धर्मको निमित्त महत्त्वपूर्ण छन् उत्तिकै कलाको निमित्त पनि छन्। नेपाली जनजीवनमा धर्म र संस्कृति अभिन्न रूपले सँगै विकसित भए, सँगै रहे। धार्मिक भावनाले कलाकारलाई प्रेरणा दियो र कलात्मक सीपको साथै धार्मिक भावना उठेको बुझिन्छ।

यसैले नेपाली चैत्य, मन्दिर, भवन, बाहाल, बहिल आदि सांस्कृतिक कृतिहरुबारे विचार गर्दा निप्पुर, सुमर, बेबिलोनका ती धरहराहरूको याद हुन्छ जुन सुमेरियनहरूले आफ्ना देवताहरूप्रति देखाएको सन्मानका प्रतीक थिए अथवा मेम्फिस, थीब्जका पिरामिडहरू जसले इजिप्ट-निवासीहरूको पुनर्जन्ममा विश्वासको परिचय दिन्छन्, अथवा युकटानका ती "माया" मन्दिर, स्तम्भहरू जसले प्राचीन मध्य अमेरिका-निवासीहरूको धार्मिक भावनाको प्रतिनिधित्व गर्छन् अथवा युरोपियन सभ्यताका आधार आयथिन्जका ती ग्रीक कृतिहरु जुन धार्मिक भावनाले ओतप्रोत छन्।

यति मात्र होइन, नेपालको गौरवतिर पनि बौद्ध धर्मको ठूलो देन छ। वुद्ध धर्मका अधिष्ठाता गौतम बुद्ध जन्मेको ठाउँ लुम्बिनीमा मात्र नेपालको गौरव रहेको होइन। बुद्धभद्र (कपिलवस्तुका, जन्म ई. ३५८, चीनमा ई. ४०९-४२९), राजकुमारी भृकुटी (ई. सातौं शताब्दीको मध्यकालताकाकी) आदिद्वारा गरिएको सांस्कृतिक उपलब्धिको श्रेय नेपाललाई प्राप्त भएको आधार बौद्धधर्म नै हो। फेरि ई. १२७० तिर चीनका कुब्लाई खाँ (जन्म ई. १२१६, खाँ अर्थात् वादशाह भएको ई. १२६०, मृत्यु १२९४, चीनमा मंगोल वंशको संस्थापन ई. १२७१)



Downloaded from http://www.dhamma.digital

ले अर्निकोको नेतृत्वमा शिल्पकारहरूको प्रतिनिधिमण्डल नेपालबाट बोलाएकोमा पनि कारण त बौद्ध धर्म नै देखिन्छ । यसबाहेक आज नेपाललाई जे जति राष्ट्रिय र अन्तर्राष्ट्रिय गौरव प्राप्त भएको छ त्यसमा बौद्ध धर्मको योगदान मनग्गे छ ।

यसरी जुन देशको भूभागमा बुद्ध जन्मे, जुन देशका जनता धेरै संख्यामा बौद्ध छन्, जुन देशको संस्कृतिसँग बौद्ध धर्म उनिएको छ र जुन देशको गौरवसँग बौद्ध धर्म गाभिएको छ त्यस देशमा बौद्ध धर्मको महत्त्व र सम्झनावारे सविस्तार व्याख्या गरिरहनु परोइन । तर आज यिनका माहात्म्य मात्र गाएर वा तमाशा मात्र गरेर हामीले भगवान् वुद्धप्रति सम्मान गरेको ठहरिन्न । बरु, उनको विचार, उनको आदर्शलाई बढी मात्रामा व्यवहारमा उतार्नु नै उनीप्रति हामीहरूले श्रद्धाञ्जलि दिनु हो । पच्चीस सय वर्षअगाडि उनले प्रतिपादन गरेको स्वतन्त्र विचार, विश्वशान्ति र विश्वभ्रातृत्वको सन्देशको याद बौद्ध धर्मले हामीहरूलाई गराउँछ तथा त्यही आदर्श, त्यही सन्देश अपनाउन प्रेरणा पनि प्रदान गर्छ । यस्ता पावन देनलाई समारोह, परम्परा, औपचारिकताको घेराभित्र मात्र सीमित राख्नु हुँदैन । यिनलाई त्यस्ता कुराहरूदेखि ऊँभो उठाउनु पर्दछ । महामानव बुद्धप्रति श्रद्धाञ्जलि दिनु, उनलाई सम्झनु भनेको उनका सन्देशलाई पहिले आफूले बुझ्नु, अनि अरूलाई बुझाउनु, अनि तिनलाई व्यवहारमा उतार्नु हो । यसो गर्न सकेमा मात्र बुद्ध धर्म मान्नुको खास अर्थ निस्कन्छ, फलदायक हुन्छ । हामीहरुले शीघ्रातिशीघ्र यसो गर्नु सकौं– यही कामना गरौं ।



Downloaded from http://www.dhamma.digital

# बुद्ध-धर्मको एक किरण

इसाई धर्मका केही पक्षहरू– उदाहरणार्थ दश आदेश (Ten Commandments) का केही नियम[1], समाजले तुच्छ र पतित मानेका व्यक्तिहरूलाई पनि सघाउने, सन्न्यस्त जीवन बिताउने, अशक्त र बिरामीहरूको सेवा-शूश्रूषा गर्ने, अरूहरूको लागि आफूले दु:ख सहने इत्यादि प्रवृत्तिको आधारमा के भनिन्छ भने जिजस क्राइष्टले बुद्ध धर्मको आभास पाएका थिए, वा उनी बौद्धहरूको सम्पर्कमा रहेका थिए। यो अनुमान अस्वाभाविक भन्न मिल्दैन पनि। फेरि यो विषय ऐतिहासिक रूपले पनि घतलाग्दो छ।

प्रथमत: ऐतिहासिक क्रमले हेर्ने हो भने क्राइष्ट[2] इस्वी संवत्

---

१. आमाबाबु दुवैको उचित सम्मान गर, होश गर कि तिमीले मानव हत्या नगर, अपवित्र विचार र कामबाट पछि हट, आफू गरीव र तुच्छ भए पनि चोरी नगर, झूटो बोलेर नरमाऊ आदि।

२. क्राइष्टको जन्म ई. पू. ४ सालमा वा त्यसभन्दा केही महिना अगाडि ज्यूदीआ (Judaea) को वेथेलहेममा भएको थियो। केही दिनमै यिनका बाबु जोसेफ र आमा मेरी यिनलाई लिएर मिश्रसम्म भाग्नुपरेको थियो। ज्यूदीआका राजा हेरडको ई. पू. ४ सालमा मृत्यु भएपछि यिनीहरू स्वदेश ग्यालिलीको नाजरेथमा फर्के र त्यहीं बसोबास गरे। त्यसैले जिजस क्राइष्टलाई 'नाजरेथको जिजस' भन्ने गरिन्थ्यो। तीस वर्षजतिको उमेरदेखि क्राइष्टले यहुदी धर्मसित पूरा तवरले मेल नखाने आफ्नो दर्शन वा इसाई धर्म प्रचार गर्न लागे। ई. २९ सालमा नै यिनाई क्रसमा झुण्ड्याई किल्ला ठोकेर मार्ने सजाय दिइयो।



Downloaded from http://www.dhamma.digital

पूर्वको अन्तिम समय र इस्वी संवत्का प्रारम्भिक तीन दशकको समयताकाका थिए भने शाक्यमुनि बुद्ध ई. पू. ५६३ देखि ई. पू. ४८३ को समयका थिए। यसरी क्राइष्ट बुद्धभन्दा पाँच सय वर्ष पछिका थिए।

प्रस्तुत विषयमा सर्वप्रथम विचार गर्नु पर्ने कुरो के देखिन्छ भने बुद्धले धर्म प्रचार गरिरहेको पैंतालीस वर्ष लामो अवधिभित्र मध्य मण्डल (बुद्धले घुमीघुमी धर्म प्रचार गरेको क्षेत्र) मा आएका टाढा र नजिक विभिन्न देश-प्रदेशका यात्री वा व्यापारीहरू कैयनले उनका उपदेश सुन्ने सुअवसर पाएका थिए। मानव जीवनका विभिन्न पक्ष र समस्याहरूबारे बुद्धले गर्ने व्याख्या, तर्क, विश्लेषण अरू धर्मगुरुहरूका भन्दा भिन्नै किसिमका थिए– सरल, वैज्ञानिक, चाखलाग्दो, तर्कपूर्ण, अन्धविश्वास कति पनि नभएको र मनमा दिगो प्रभाव पर्ने खालका। त्यसैले तिनीहरू बुद्धबाट निक्कै प्रभावित पनि भए हुनन्। तिनीहरूको चर्चा त्रिपिटकमा तपस्सु र भल्लुकको जस्तो नहुनु पनि स्वाभाविक छ। तिनीहरूले आ-आफ्ना देशमा फर्केर गएपछि देशवासीहरूसित बुद्ध र उनका विचारधाराबारे चाल पाईकन र चाल नपाईकन पनि प्रचार गरे हुनन्। यस सन्दर्भमा एथेन्स (प्राचीन ग्रीस) का एकजना दार्शनिक जेनोले ई. पू. ३०८ सालताका स्थापना गरेको सम्प्रदाय- 'ष्टोइक'-को दर्शन[३] बुद्ध धर्मबाट प्रभावित थिए भन्ने ड्वाइट

३. स्टोइक दर्शन (Stoicism) पुण्य कर्मलाई सर्वश्रेष्ठ धर्म मान्नु, इन्द्रिय दमन गर्नु, सुख-दुःखमा समभाव राख्नु, संयमित र सहनशील हुनु आदिमा उग्र रूपले जोड दिन्छ।



Downloaded from http://www.dhamma.digital

गोडार्ड (इसाई र वुद्ध धर्मका अध्ययनकर्ता एक अमेरिकी विद्वान्) को भनाइ प्रस्तुत गर्न सकिन्छ । यस्तो प्रभाव धर्म प्रचार गर्दै टाढाटाढा देशहरूसम्म पुग्न सफल भएका वुद्धकालीन भिक्षुहरूको देन पनि हुन सक्थ्यो ।

द्वितीयत: सम्राट् अशोकले तृतीय सङ्गायनको लगत्तै पछि इस्वी सं. २४७ सालताकादेखि आफ्नो साम्राज्य बाहिर परपरसम्म पनि धार्मिक शिष्टमण्डलहरू पठाएका थिए । उनका धर्म-प्रचारकहरू वा राजदूतहरू एशिया माइनर, मिश्र (इजिप्ट) र ग्रीससम्म पनि पुगेका थिए भन्ने तथ्य त उनैका प्राप्त शिला स्तम्भ अभिलेखवाट सिद्ध छ । यसैताका पछिका युरोपीय साहित्य र संस्कृतिहरूमा जुन वौद्ध विचारका झल्काहरू पाइन्छन् ती अशोककालीन प्रचारकै प्रतिफल हुनु पर्दछ । यस्तै केहीकेही वौद्ध प्रभाव अलेक्जाण्ड्रियामा पनि पाइन्थ्यो ।

तृतीयत: वहुचर्चित वौद्ध ग्रन्थ 'मिलिन्द प्रश्न'-वाट के सिद्ध हुन्छ भने ई. पू. १६०-१४० सालताका सौराष्ट्र (काठियावाड), मथुरासम्म जितेर पाटलिपुत्रमा समेत हमला गर्ने पञ्जावका ग्रीक-भारतेली राजा मेनाण्डर (मिलिन्द) र भिक्षु नागसेन वुद्ध धर्मका धुरन्धर विद्वान् अनुयायीहरू थिए--यहाँसम्म कि मेनाण्डर राजपाट समेत परित्याग गरी भिक्षुसम्म वने । त्यसताका अलेक्जाण्डरको ग्रीसदेखि भारतवर्षसम्म फैलिएको विशाल साम्राज्य टुक्रिएपछि ठाउँठाउँमा छुट्टाछुट्टै राज्य गर्ने ग्रीक राजाहरू वौद्ध धर्मावलम्वी वा वुद्ध धर्मका समर्थक थिए । त्यस भेकमा वुद्ध धर्मकै वोलवाला थियो ।



Downloaded from http://www.dhamma.digital

यसै सिलसिलामा ई. १९१५-२५ सालताका तुर्किस्तानमा अन्वेषण, उत्खनन गर्ने जर्मन विद्वान् डा. हेनरिख लुडरअनुसार त्यहाँ पूर्वी र पश्चिमी भेकमा भेटिएका काठ, ताडपत्र, बाँस, छाला, रेशम, कागतमा लेखिएका इस्वी प्रथम शताब्दीसम्मका दशौं हजार टुक्रा हस्तलेखहरूमध्ये मानिकियन[४], इसाई धर्महरूका एवं अरू भाषाका लेखहरूलाई छाडेर बुद्ध धर्मका विनय र सूत्रहरूसम्बन्धी हस्तलेखहरू मनगे थिए जुन प्राचीन मागधी (पालिको प्रारूप) बाट अनुवाद गरिएका पनि थिए। उनको कथनानुसार प्राचीन कालमा त्यस भेकमा बुद्ध धर्म र मानिकियन धर्म सङ्गसङ्गै प्रचलनमा थिए । त्यस्तै काश्मीरको स्वाट उपत्यका र रावलपिण्डीबाट बीस माइल उत्तर-पश्चिम गिल्गिटको सराइकुलमा पनि सर जोहन मार्शलले ई. १९१३-१४ सालताका गरेको उत्खननबाट बौद्ध वस्तुहरूका अवशेष, पालि लेखोट भेट्टाएका थिए जसमध्ये केही अध्ययनार्थ श्रीलङ्कामा पठाइएको थियो । ई. १९२४ सालताका प्रो. निकोलास रोएरिखको अभियानमा पनि यारकन्द, उइगुर आदि मध्य एशियाको साथै पर साइबेरियासम्म पनि अत्यन्त झकिझकाउ गरी सिंगारिएका चैत्य, विहारहरू आदि बुद्ध धर्मका प्रभावहरू पहिल्याइएको तथ्य अवगत हुन्छ ।

---

४. मानिकियन धर्म :- बेबिलोनमा जन्मेका एकजना पारसी मानि (Mani) ले ई. २१६ सालमा जोरोष्टर धर्मबाट चोइटिएको एवं बुद्ध धर्मबाट प्रभावित भएको एउटा नयाँ धर्म स्थापना गरेका थिए जुन बेबिलोन भेकमा निक्कै प्रभावशाली भएको थियो र इस्लाम धर्मको प्रचार बढेपछि मात्र सेलाएको थियो ।



Downloaded from http://www.dhamma.digital

यसकै सन्दर्भमा अफगानिस्तानमा संसारभरमा सबभन्दा ठूलो ५५ मिटरको बुद्धमूर्ति आजसम्म खडा रहेको जल्दोबल्दो तथ्यको खयाल गर्नु अनिवार्य हुन्छ । फेरि, सुप्रसिद्ध रेशम मार्ग (Silk Road) यसै इलाकाभित्र परेको र त्यसैका हाल फेला परेका ज्वलन्त भग्नावशेषहरूबाट पनि यस तथ्यको पुष्टि मनगे हुन्छ ।

चतुर्थत: याद गर्नु पर्ने कुरो के हुन्छ भने अजेक्जाण्डरको भारतमा हमला भएको साल ई. पू. ३२३ ताकादेखि ग्रीक प्रभाव भारतमा भित्रिएको चर्चा खूब गरेको पाइन्छ । तर अलेक्जाण्डरको समयभन्दा सय, डेढ सय वर्ष अगाडिदेखि बौद्ध प्रभाव ग्रीस, एशिया माइनरतिर फैलिसकेको ऐतिहासिक तथ्यको चर्चा भने उस्तो भएको भेटिन्न जसको केही उल्लेख माथि भइसकेको छ ।

***यस विषयमा निम्नलिखित उद्धरणबाट केही अरू प्रकाश पर्दछ:***

"ई. पू. ४ सालमा निधन भएका ज्यूदीआका राजा हेरडको दमनकारी प्रशासन कालमा मृत सागरीय भेकमा एसेनहरू (Essenes) भनिने एक थरी यहुदीहरूको सम्प्रदाय थियो । तिनीहरू यहुदी धर्मशास्त्रका कट्टर अनुयायी भए तापनि आफ्नै किसिमका सन्न्यासी जीवनको कडाइका साथ पालन, यौन सम्बन्धको पूर्ण परित्याग, भौतिक सम्पदामाथि सामुहिक स्वामित्व आदि केही नैतिक आचरणहरूको पनि अभ्यास गर्दथे जुन कि आजकालका कट्टर यहुदीहरूले परम्परागत यहुदी धर्मअनुरूप नभएका चलन भन्दछन् । ई. १९४७ सालमा मृत सागरनिर क्विमरान भन्ने ठाउँमा अवस्थित गुफाबाट पाइएका लिखत



Downloaded from http://www.dhamma.digital

मुठ्ठाहरूवाट थाहा भएअनुसार त्यही भेकमा एसेन सम्प्रदायजस्तै अर्को सम्प्रदायका अनुयायीहरूको मठ पनि थियो। यस तथ्यवाट के अनुमान गरिन्छ भने जिजस क्राइष्ट कट्टर परम्परावादी यहुदी धर्मदेखि भिन्न एसेन सम्प्रदायजस्तै मृत सागरीय सम्प्रदायका विचारबाट प्रभावित थिए। यो सम्भव छ कि जिजसको इसाई धर्मको विचारधारा पनि कतै अपर्झट प्राप्त भएको नभई कुनै पूर्व विचारधारावाट विकसित भएको थियो।"

-(Pear's Encyclopaedia, 1966)

यसै विषयबारे डि. गोडार्डले यसो लेखेका छन्, "इस्वी संवत्को प्रारम्भताका ज्यूदीआमा रोमन, यहुदी र मायकाबिनहरूबीच विचारधाराहरूको सङ्घर्षले उग्र रूप लिंदै थियो। जिजस प्रारम्भमा एसेनहरूका अनुयायी थिए भनेर थाहा भएको छ। इसाई धर्मका संस्थापकहरू- जोहन द बायप्टिप्ट (जिज़सलाई इसाई धर्ममा दीक्षित गर्ने पुरोहित) र जिजस दुवैंजना एसेनहरूका अर्द्ध-वौद्ध सम्प्रदायमा हुर्केका थिए। यिनीहरूले एसेनहरूका चालामाला र गोप्य उपदेशहरू सिके। यिनीहरू दुवैजनाका प्रारम्भिक अनुयायीहरूमा एसेनहरू पनि धेरै थिए। जिजस एक पल्ट बिरामी हुँदा उनलाई ग्यालिलीमा एसेनहरूकहाँ नै लगेर निको पारिएको थियो।"

उपरोक्त भनाइहरूवाट के कुराको ठूलो सम्भावना देखिन्छ भने ग्यलिली भेकतिर पुगेका भगवान् वुद्धका उपदेशवाट प्रभावित वुद्धकालीन यात्रीहरू वा भिक्षुहरू अथवा अशोककालीन



Downloaded from http://www.dhamma.digital

धर्मप्रचारकहरूबाट जानेसुनेका आपसमा मैत्री भाव राख्ने, युद्ध, मारकाट नगर्ने, अन्धविश्वासमा नलाग्ने, यथाशक्य अरूको सेवा, उपकार गर्ने, स्वतन्त्र विचार गर्ने आदि बुद्धका उपदेशहरूबाट त्यतातिरका निवासीहरू जागृत र प्रभावित भए हुनन् । अनि बौद्ध विचारबाट प्रभावित भएका केही यहुदी नवयुवकहरूले एसेन सम्प्रदाय बनाए होलान् । त्यसै एसेन सम्प्रदायका विचारधाराबाट यथा समयमा जोहन र जिजस प्रभावित भए ।

जिजसका सन्न्यस्त जीवन, विरोधीहरूका प्रहारको प्रतिकार नगरी सहने, समाजमा तुच्छ, घृणित, पतित सम्झिएका व्यक्तिहरूलाई पनि समान व्यवहार गर्ने र सघाउने, अरूहरूको लागि आफूले दु:खकष्ट बेहोर्ने, कसैको खराबी नचिताउने आदि गुणहरू जुन थिए ती बुद्धले करिब पाँच सय वर्ष अगाडि प्रचार गरिसकेका थिए । उनका शान्ति, समानता, युद्ध-विरोधी, विश्व-भ्रातृत्वका सन्देशहरू चार पाँच सय वर्षको समयावधिमा मृत सागर र ग्यालिली, जरुसलेम क्षेत्रतिर पुगेका होओइनन् भन्न पनि त सकिन्न ।

फेरि, जिजसको 'मानव जातिको उद्धार', 'स्वर्गीय राज्य' का सोचाइहरू बुद्धका अष्टाङ्गिक मार्ग र संघीय जीवनको आदर्शमा समाहित नभएका होइनन् । त्यस्तै जिजसका प्रसिद्ध धार्मिक गूढार्थक कथाहरू, रूपक, उपमाहरूका ढाँचाकाँचा, जातक कथाहरूका साँचामा ढालिएकै देखिन्छन् । कट्टर परम्परावादी यहुदीहरूले अछुत गरिराखेका एकजना समायूरिया निवासीलाई जिजसले यहुदी दाजुभाइभन्दा



Downloaded from http://www.dhamma.digital

जाती 'असल छिमेकी' को रूपमा प्रस्तुत गरेको कथाको सार सयौं वर्ष अगाडिका निम्न लिखित बुद्ध वचनहरूमा निहित भएको पाइन्छ :

न जटाहि न गोत्तेहि - न जच्चा होति ब्राह्मणो ।
यह्मि सच्चञ्च धम्मो च - सो सुचो सोच ब्राह्मणो ॥[१]
यो च अप्पम्पि सुत्वान - धम्मं कायेन पस्सति ।
स वे धम्मधरो होति - यो धम्मं न प्पमज्जति ॥[२]

यस्ता उदाहरण अरू पनि प्रशस्त दिन सकिन्छ । बुद्धबाट प्राणीहरूप्रति दर्शाइएको करुण भाव, प्रकृति र वातावरणको संरक्षणमा दिइएको जोड नै जिजसले ईश्वरीय आशीर्वाद (माया, ममता) र ब्रह्माण्डव्यापी सिर्जन शक्ति सम्झेको भान हुन्छ । अथवा इसाई दश आदेशमध्ये मानव हत्या नगर्ने, नचोर्ने, झूटो नबोल्ने आदि आचरण बुद्धको पञ्चशील नै हुन् । दुःखित, पीडित व्यक्तिहरूको सेवा गर्ने इसाई भावनाले बुद्धका चतुर्ब्रह्म विहार-मैत्री, करुणा, मुदिता, उपेक्षाको सम्झना गराउँदैन र ?

जिससले गरे भनिएका अलौकिक चमत्कारहरूलाई छाडेर उनका उपदेशहरूको मात्र विवेचना गर्ने हो भने उनी कुन हदसम्म बुद्ध वचनबाट प्रभावित थिए भने तथ्य उदाङ्ग हुन्छ । जिजस ग्यालिली

१. (कोही व्यक्ति पनि) न जटाले, न गोत्रले, न जातले ब्राह्मण हुन्छ । जसमा सत्यता छ, धर्म छ उही (व्यक्ति) शुद्ध, उही ब्राह्मण हुन्छ ।

२. जसले थोरै मात्र सुनेर (पनि) धर्मलाई शरीरले देख्छ (अर्थात् धर्मलाई देखेर बुझेर शरीरले आचरण गर्छ), जसले धर्ममा प्रमाद (आलस्य, उपेक्षा, लापरवाही) गर्दैन उही (व्यक्ति) धर्मधर हुन्छ ।



Downloaded from http://www.dhamma.digital

तालको सतहमाथि हिंडेको, उनले लाजरिसलाई मरेको चार दिनपछि बिउँताएको, अन्धो भइसकेको जेरिकोलाई फेरि दृष्टि प्रदान गरेको, उनको शरीर वा लुगाको फेर छुनाले वा उनको बोलीले मात्र पनि बिरामीहरूमा बिमारी निको भएको आदि 'न्यू टेष्टामेन्ट'मा बयान गरिएका दैवी शक्तिलाई पन्छाई उनले भनेका निम्नलिखित कुरा लिऔं ।

"मुखभित्र जे पसेको छ त्यसले मान्छेलाई बिटुल्दैन (अपवित्र पार्दैन), मान्छेको मुखबाट जे निस्कन्छ त्यसले उसलाई बिटुल्छ । मान्छेको हृदयबाट निस्केको कुरा, विचारहरूले उसलाई बिटुल्छ । अर्थात् खराब कामहरू- मारकाट गर्ने, व्यभिचार गर्ने, चोर्ने, झूटो बोल्ने, गालीगलौच गर्ने आदि मान्छेको मुखबाट, हृदयबाट निस्कने कामकुरा हुन् । (Mathew, 15-14,18, 12) ...... संसारभरि घुमेर शुभ सन्देश (इसाई दर्शन, धर्म) सम्पूर्ण प्राणीहरूमा प्रचार गर ।" (Mark, 16-15) ।

के जिजसको उपरोक्त कथनले बुद्धका पञ्चशील र "चरथ भिक्खवे चारिकं बहुजनहिताय, बहुजनसुखाय लोकानुकम्पाय...." लाई ज्यूँका त्यूँ झल्काउँदैन ?

यसरी बुद्ध दर्शनको प्रभाव इसापूर्वकालीन समयका एसेन (Essene) धार्मिक सम्प्रदाय र त्यसैताकाका ग्यालिलीको मृत सागर भेकमा प्रचलित अन्य धार्मिक सम्प्रदाय वा तिनीहरू मार्फत जोहन द बाप्टिष्ट, जिजस क्राइष्ट र इसाई सम्प्रदायमा मात्र परेको नभई



Downloaded from http://www.dhamma.digital

तिनीहरूभन्दा पछि इस्वीको तृतीय शताब्दीमा निस्केको मानिकियन दर्शन र पाँचौं शताब्दीमा निस्केको नेष्टोरियन दर्शनमा पनि परेको थियो । यस तथ्यलाई धार्मिक दर्शनहरूको इतिहासमा मान्यता दिइएकै छ । अझ पछिसम्मको कुरा गर्ने हो भने बौद्ध धर्मका कतिपय कट्टर विरोधीहरू बौद्ध धर्मबाटै प्रभावित थिए तथा अप्रत्यक्ष रूपले यसका समर्थक नै थिए । यस सन्दर्भमा कुमारिल भट्ट र शङ्कराचार्यको उदाहरण प्रस्तुत गर्न सकिन्छ । कुमारिल भट्ट (आठौं शताब्दीको अन्त्य र नवौं शताब्दीको प्रारम्भताकाका) ले बौद्ध गुरुहरूसित बौद्ध धर्मको यथेष्ट अध्ययन गरिसकेपछि मात्र बौद्ध धर्मको कट्टर विरोधी बनेका थिए । त्यस्तै आदि शङ्कराचार्य (ई. ७८८-८२०) लाई पनि खुद उनकै सहकर्मी माधवाचार्यले 'प्रच्छन्न बौद्ध' अर्थात् गोप्य तवरले लुकीछिपी रहने बौद्ध भनेका छन् । यिनीहरू भित्री हृदयमा बौद्ध धर्मप्रति आस्था भए पनि खुला र मौखिक रूपले यसको विरोध गर्दथे । कुमारिल भट्टले चाहिं आफूले बौद्ध धर्मको बिनसित्ति विरोध गरेबाट लागेको प्रत्यवायको प्रायश्चित गर्न भुसको आगोमा डढेर प्राण त्याग गरे ।

अन्तमा प्रस्तुत विषयमा विचार गर्न योग्य ऐतिहासिक तथ्य के छ भने जिजसले ईश्वरीय स्नेह र आशीर्वाद, स्वर्गीय राज्य, मानव-मानवमा आत्मीय भावनाको जति गवाही दिए पनि इसाई शासकहरूले विश्व शान्ति ल्याउने प्रयास गर्नु त परै रहोस् लडाइ र शोषण-दमन मात्र नमचाइदिएको भए पनि मानव जातिको त्यतिको ह्रास हुने थिएन । विश्वमा साम्राज्यवाद, उपनिवेशवाद, जातिभेद, रङ्गभेदको जगजगी, विश्व युद्धहरूको विगबिगी, मानव सभ्यताको विध्वंस र



Downloaded from http://www.dhamma.digital

लाखौंको सङ्ख्यामा मानव संहारमा अगुवाइ इसाई धर्मका अनुयायीहरूबाट भएको छ । इतिहासका विभिन्न चरणमा चार-पाँचवटा त धर्मयुद्ध नै भए । तर बुद्ध धर्मको कारणले कुनै धर्म-युद्ध वा साम्राज्यवाद वा आक्रमण उब्जिएको छैन, बरु पटक-पटक आफैले कहिले कट्टर हिन्दू राजाहरूको दमन, कहिले पठान आक्रमणकारीहरूको काटमार बेहोर्नु परेको थियो । अनि छिमेकी र मित्रराष्ट्रहरूमा धार्मिक शिष्टमण्डलहरू पठाएर पारस्परिक शान्ति, मैत्री र सहयोगको सम्बन्ध संस्थापन गर्ने परम्परा पनि इतिहासमा सर्वप्रथम एकजना बौद्ध सम्राट्ले नै बसालेका थिए ।

आफ्नै देशको कुरा गर्ने हो भने- बुद्धको जन्मभूमि, कर्मभूमि एवं उनकै वंशजहरूलगायत ठूलो संख्यामा अनुयायीहरू हुँदाहुँदै पनि यहाँका बौद्धहरूले इतिहासका विभिन्न अवधिमा दमन, अपमान, थिचोमिचो खेप्नु परेकै थियो, निश्चिन्त अझै हुन सकेका छैनन् । यहाँ एउटा स्तम्भमा 'हिद बुधे जाते' भनेर कुँदिएको छ भने अर्को स्तम्भमा बौद्धहरूलाई '···कुतार्किक, ···मूर्ख,···नास्तिक ···' आदि भनेर गालीगलौच गरिएकै छ । स्वतन्त्र हिन्दू अधिराज्य एवं बुद्ध जन्मेको देशको राजधानीमा 'बुद्धपूजा (को नाउँमा मान्छेहरूको जमघट) गर्न पाइन्न, प्रव्रज्या दिनु-लिनु निषिद्ध छ, भिक्षुहरू बस्न हुँदैन भनेर डाँडो कटाइएको घटना पनि घटेका थिए । अब त जानकी धाममा शिवलिङ्ग बिटुलियो, इसाई चर्च जलाइयो पनि ।

आज बीसौं शताब्दीको साझ गर्न लागेको र विज्ञानले सिङ्गो



Downloaded from http://www.dhamma.digital

संसारलाई एउटा सानु कोठामा खुम्च्याएर देखाइसकेको बेलामा पनि मानव भनाउँदाहरू- यो पृथ्वी हामी मानव जातिको साझा थलो हो भन्ने तथ्यलाई बिर्सँदै वर्णभेदले विभाजित, रङ्गभेदले रङ्गित, जातिवादले जकडिएका छन्, बलियाले निर्धालाई डाकेकै छन्, असमान र अघोषित युद्धले समेत पीडित छन् । शान्ति, समानता, मानव अधिकार, सह-अस्तित्वका गगनभेदी नारा जति घन्काइए पनि व्यवहारमा भय, त्रास, धम्की, अन्याय, आतङ्कको वातावरण व्याप्त छ । कतै बाबरी मस्जिद भत्काइन्छ त कतै मन्दिरहरू धराशायी गरिन्छन् । फेरि, एक धर्मावलम्वीहरू र अर्को धर्मावलम्वीहरूको बीचमा मात्र यस्तो धमन्धि भिडन्त हुने हो र ? एउटै धर्मका विभिन्न सम्प्रदायवालाहरूको बीचमा पनि मारामार, पिटापिट, गोली हानाहान हुन्छन् ।

तर बौद्ध धर्मका अनुयायीहरूको लागि स्वधर्म र परधर्मको विभेद छैन, यिनीहरू आपसी आन्तरिक सम्प्रदायगत सङ्घर्षबाट पनि मुक्त छन् । विभिन्न बौद्ध सम्प्रदायका अनुयायीहरू एकै ठाउँमा बसेर संयुक्त रूपले बुद्धप्रति श्रद्धा-सन्मान चढाउँछन्, आफ्नै वा अरू सम्प्रदायका बौद्ध धर्मगुरुहरूबाट बुद्धका उपदेश सुन्दछन्, बौद्ध सम्प्रदायवाला सबैलाई आफ्नै सम्प्रदायका, स्वधर्मी ठान्दछन् । यो धार्मिक एकताको भावना पनि बौद्धहरूमा टड्कारै देखिने विशेषता हो, बौद्ध मैत्री र भ्रातृत्वको एउटा झलमलाउँदो नमूना हो ।

हुन पनि आजको संसारमा छाइरहेको विषम परिस्थितिले असन्तुष्ट, सन्त्रस्त, हतास मानवहरूलाई देशको सिमाना, राष्ट्रको



Downloaded from http://www.dhamma.digital

परिधि, जातिको रेखाङ्कन, सम्प्रदायको छेकबार आदि घेराहरूवाट मुक्त, स्वतन्त्र र समान वातावरणमा क्रियात्मक रूपले विमुक्त, विशुद्ध, शान्त, स्वस्थ र सिर्जनात्मक मानवीय जीवन बिताउने प्रेरणा बौद्ध जीवन पद्धतिमा जति अन्यत्र भेटिन्न । यस सन्दर्भमा जातपातको आधारमा आआफ्ना हिन्दू सम्प्रदायबाट हटक गरिएपछि डा. भीमराव अम्बेडकर, फूलनदेवीहरूले बौद्ध धर्ममा सान्त्वना र शान्ति अनुभव गरेको घटना उदाहरणीय छ ।

शाक्यमुनि बुद्धको धर्मले छुआछुत, काला-गोरा, इस्लाम-इसाई, काफिर-हीथेन (heathen) कट्टर चर्च र लचिलो चर्च, रोमन चर्च र अङ्ग्रेजी चर्च, स्वधर्मी र विधर्मी आदिको भेदभाव गर्दैन । बुद्ध धर्मको लागि एउटै जाति छ - मानव जाति, एउटै सम्प्रदाय छ- मानव सम्प्रदाय, एउटै आह्वान छ- 'मानव जाति । आफू बाँच र यस साझा पृथ्वीका अरू प्राणीहरूलाई पनि बाँच्न देओ ।'

के यो पनि बुद्ध धर्मको एक किरण होइन ?

संक्षेपमा जबजब कुनै किसिमको अन्धविश्वासमा नलागीकन, कुनै बाहिरिया प्रभु वा शक्तिको भक्ति वा भरोसा नलिईकन आफ्नै परिश्रमको अभ्यासले आध्यात्मिक विकास गर्ने प्रश्न उठ्दछ, जबजव हिंसा र युद्धको भर्त्सना गर्ने र मानव कल्याण र विश्व भ्रातृत्वलाई सघाउने प्रश्न उठ्दछ, जबजब आफ्नो मात्र होइन 'बहुजनहिताय, बहुजनसुखायको प्रश्न उठ्दछ तबतव यस्ता विचारहरूमा यहुदी वा इसाईभन्दा बढ्ता बुद्ध वचनहरू नै अगाडि परिरहेका पाइन्छन् ।



Downloaded from http://www.dhamma.digital

# शाक्यमुनि बुद्धका स्मारक

Downloaded from http://www.dhamma.digital

Downloaded from http://www.dhamma.digital



**लेखक**

जन्म : १९७९ साल

(ई.सं. १९२२ अप्रिल)

कमलाछि, काठमाडौं ।

**व्यक्तित्व**

- राजनीतिक गतिविधिमा संलग्न ।
- जेल जीवन भोगेका ।
- सं. २००३ सालमा पब्लिक स्कूलहरू खोलिएको सिलसिलामा भएको आन्दोलनको नेतृत्व ।
- शान्ति निकुञ्ज विद्यालय काठमाडौंका एक संस्थापक प्रधानाध्यापक
- सं. २००३-४ र २०१९ मा का.न.पं. का निर्वाचित सदस्य
- सं. २०१७-२०२३ सम्म तत्कालीन मन्त्रिपरिषद्का सदस्य
- सं. २०२३ मा स्वेच्छाले राजीनामा
- नेपाली, नेपालभाषा, अंग्रेजी भाषामा इतिहास, नेपालको क्रान्ति, संस्कृति, बुद्धधर्म, मार्क्सवाद, लेनिनवाद आदिबारे लेख तथा पुस्तकहरू प्रकाशित गरिसकेका एक बहुआयामिक बहुचर्चित लेखक ।
- ७३ औं वर्षको उपलक्ष्यमा युवा बौद्ध समूह, काठमाडौंद्वारा प्रथम अभिनन्दन ।
- सं. २०५६-९-१८ मा इतिहास-संस्कृति अन्वेषण भुवन पुरस्कार संस्थापनसहित अभिनन्दन
- सं. २०५६/१०/२१ मा धर्मोदय सभाद्वारा धम्म पुरस्कार प्रदान
- सं. २०५६/१०/२९ मा हाम्रो नेपाल सांस्कृतिक संस्थाद्वारा अभिनन्दित
- सं. २०५६/११/१४ मा धर्मबहादुर कल्याण कोषद्वारा पुरस्कृत

**प्रकाशित कृतिहरू**

- शहीद शुक्र (२०२९) स्वयम्भू (२०३२) र (Eng. 1984) शहीद परिचय (२०३४)
- Lumbini-Kapilwastu-Devadaha, Lumbini, Year 1979.
- मेरो आत्म-कथा (चन्द्रकान्ता मल्ल) (२०३६)
- असं (२०४१) (नेपाल क्रान्तिको इतिहास)
- बुद्धधर्म र शाक्यहरू (बु.सं. २५२९)
- शाक्यमुनि बुद्धका स्मारक (२०५७ वैशाख)
- हाल एक पुराना राजनीतिक कार्यकर्ताको रूपमा परिचित तथा नेपाल सोभियत सांस्कृतिक परिषद्का अध्यक्ष ।

Downloaded from http://www.dhamma.digital